"सुन्दर, सुरक्षित, समृद्ध धार्चे"

# प्रथम आवधिक योजना

(आ.व. २०७६/७७-२०८०/८१)

## धार्चे गाउँ कार्यपालिकाको कार्यालय

माछीखोला, गोरखा

गण्डकी प्रदेश, नेपाल

फोनः ९८४६१२७१४६, ९८५११६४६४६, टोल फ्रि नं. : १६६००१७६५५५

website: www.dharchemun.gov.np, email: rmdharche@gmail.com

अन्तिम मस्यौदा
धार्चे गाउँपालिकाको आवधिक योजना
आ.व. २०७६/७७ - २०८०/८१

तयार गर्ने
सेन्टर फर इम्पावरमेन्ट इनोभेसन एण्ड डेभलपमेनट,
**CMID Nepal**
परामर्श दाता

प्राविधिक सहयोग
पूर्णिमा परियोजना, **Mott Mac Donald / DFID**
आषाढ, २०७६

# धार्चे गाउँपालिका

**Dharche Rural Municipality**

गाउँ कार्यपालिकाको कार्यालय

**Office of the Rural Municipal Excutive**

माछीखोला, गोरखा, गण्डकी प्रदेश, नेपाल

**Machhikhola, Gorkha, Gandaki Province, Nepal**

## दुई शव्द

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारले नेपालको संविधानको अनुसुचि ८ र ९ ले निर्दिष्ट गरेका आफ्नो अधिकार क्षेत्रका विषयमा आवधिक विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । यसै प्रावधान बमोजिम धार्चे गाउँपालिकाले सहभागितामूलक प्रक्रियाबाट पहिलो आवधिक गाउँ विकास योजना तर्जुमा गरेको छ । यस गाउँपालिकाको दीर्घकालिन सोच "सुन्दर, सुरक्षित, समृद्धधार्चे" र आवधिक योजनाका नतिजा सूचकहरू हासिल गर्न, लगानीलाई उत्पादनशील कार्यहरू तर्फ उन्मुख गराउन र गाउँवासीको सामाजिक, आर्थिक स्थिति सुधार्न यस योजनाको उल्लेख्य योगदान रहने अपेक्षा राखेको छु ।

यस गाउँपालिकाको पाँचौ गाउँ सभाले यो पहिलो आवधिक योजना स्वीकृत गरेको छ । आगामी दिनमा गाउँपालिकाले यसै योजनामा आधारित रही वार्षिक योजना तथा बजेट तयार गर्ने छ । यस आविधक योजना तर्जुमा प्रक्रियामा सहभागी भई योगदान पुऱ्याउनु हुने उपाध्यक्ष लगायतका सवै कार्यपालिकाका सदस्य, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, गाउँ सभाका सदस्य, शिक्षक, बुद्धिजिवी एवं गैर सरकारी, निजी र सहकारी क्षेत्र, विभिन्न संघ-संस्थाहरू प्रति वहांहरूको सक्रिय सहभागिता, सुझाव र योगदानका लागि आभार व्यक्त गर्दछु । यसै गरी आवधिक योजना तर्जुमामा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत लगाएत सवै गाउँपालिकाका कर्मचारी प्रति धन्यबाद प्रकट गर्दछु ।

यस महत्वपूर्ण कार्यमा सहयोग प्रदान गरेर स्थानीय सरकारको विकास प्रयासमा योगदान पुऱ्याउनु भएकोमा पूर्णिमा परियोजना (Mott MacDonald/DFID), परियोजनाको सिनियर गर्भनेन्स म्यानेजर श्री सन्तोष विष्ट, परियोजनाका समन्वयकर्ता, सल्लाहकार र विज्ञहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु । यसै गरी गाउँपालिकाको आवधिक योजनातर्जुमा गर्न विशेषज्ञ सेवा प्रदान गर्ने सेमिड नेपाल (CEMID- Nepal) लाई विशेष धन्यवाद दिन चाहन्छु । अन्त्यमा धार्चे गाउँपालिकाको आवधिक योजनाले गाउँवासीको आर्थिक तथा सामाजिक समृद्धिमा ठोस योगदान पुर्याउने अपेक्षा राखेको छु ।

मिति: २०७६/०३/११

..................................

(सन्त बहादुर गुरूङ)

गा.पा.अध्यक्ष

# कृतज्ञता ज्ञापन

धार्चे गाउँपालिकाले सहभागितामूलक प्रक्रिया बाट पहिलो आवधिक गाउँ विकास योजना तर्जुमा गरेको छ । साथै यस गाउँ पालिकाको आवधिक गाउँ विकास योजनाको दीर्घकालिन सोच “सुन्दर, सुरक्षित, समृद्ध धार्चे” निर्धारण भएको छ, र यस गाउँ विकास आवधिक योजनाका नतिजा तथा सूचकहरू हासिल गर्न, लगानीलाई उत्पादनशील कार्यहरू तर्फ उन्मुख गराउन र गाउँ वासीको सामाजिक, आर्थिक स्थिति सुधार्न यस योजनाको उल्येख्य योगदान रहनेमा धार्चे वासी, जनप्रतिनीधि तथा राष्ट्र सेवक कर्मचारीहरू विस्वस्त छ ।

धार्चे गाउँपालिकाको प्रथम आवधिक गाउँ विकास योजना तर्जुमा कार्यलाई शुरु देखि अनत्य सम्म अविभावकत्व र रचनात्मक सल्लाह तथा सहयोग प्रदान गरी सफल बनाउन सहयोग पुऱ्याउनु हुने गाउँपालिकाका अध्यक्ष श्री सन्त बहादुर गुरुङ्ग, उपाध्यक्ष श्री फुलमाया गुरुङ्ग, वडा अध्यक्ष श्री दिलिप गुरुङ्ग, सुक वहादुर गुरुङ्ग, इन्द्र प्रसाद गुरुङ्ग, राज गुरुङ्ग, तुल वहादुर गुरुङ्ग, धन कुमार घले, सूर्यमान गुरुङ्ग, गाउँ कार्यपालिका सदस्य श्री निशा गुरुङ्ग, सरिता गुरुङ्ग, अनार्त गुरुङ्ग, चिन माया गुरुङ, आश वहादुर घले, धन वहादुर सुनार, गाउँ सभा सदस्य ज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत श्री बाबुराम पाण्डे, लेखा प्रमुख गणेश राना मगर, इन्जीनियर श्री प्रविन वस्ती, सव इन्जीनियर श्री राम नारायण चौधरी, कमप्युटर अपरेटर कमल गुरुङ्ग, मुल समिति, विषय क्षेत्रगत समितिहरू, प्राविधिक समिति तथा कृषि तथा पशु शाखा प्रमुख श्री इन्द्रहरी खनाल, स्वास्थ्य शाखा प्रमुख श्री डिल प्रसाद गुरुङ्ग, केशव गुरुङ्ग, सम्पूण राजनीतिक दलका प्रमुख तथा प्रतिनीधि ज्यूहरू, वुद्धिजीवि तथा समाज सेवीहरू प्रति हार्दिक आभार व्यक्त गदर्छौं ।

प्रथम गाउँ विकास योजना निर्माण कार्यमा सहयोग गर्ने धार्चे गाउँपालिकामा कार्यरत विकास साझेदार (गैसस) तथा परियोजनाहरू, UK Aid/Mott MacDonald - पूर्णिमा परियोजनाका टिम सिनियर गर्भनेन्स म्यानेजर श्री सन्तोष विष्ट, परियोजना समन्वयकर्ता गिता लिम्वु, धार्चे गाउँपालिकाको योजना सल्लाहकार श्री सूर्य बरामु, इन्जीनियर युवराज मरासिनि, स्थानीय होटल व्यवसायीहरू लगायत सबैमा हार्दिक आभार व्यक्त गर्दछौं । त्यसै गरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने विज्ञहरू तथा सम्पुर्ण सरोकार वाला निकायहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

# शब्द संक्षेप

| | | |
|---|---|---|
| अ.मु. | : | अनुगमन तथा मूल्याङ्कन |
| अ/गै.स.स | : | अन्तर्राष्ट्रियरगैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| आ.ले.प. | : | आन्तरिक लेखा परिक्षण |
| आ.वि. | : | आधारभुत विद्यालय |
| उ.स. | : | उपभोक्ता समिति |
| क.व. | : | कबुलियत बन |
| कि.मि. | : | किलो मिटर |
| गा.वि.स | : | गाउँ विकास समिति |
| गा.पा. | : | गाउँपालिका |
| गाकापा | : | गाउँ कार्यपालिका |
| जिसस | : | जिल्ला समन्वय समिति |
| न.पा | : | नगर पालिका |
| नकापा | : | नगर कार्यपालिका |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रु. | : | रुपैयाँ |
| लि | : | लिटर |
| व.नं. | : | वडा नम्बर |
| स.सं | : | सहकारी संस्था |
| सा.ब. | : | सामुदायिक वन |
| सा.सं | : | सामुदायिक संस्था |
| हे. | : | हेक्टर |

# विषयसूची

**परिच्छेद १ : प्रारम्भिक**

| | |
|---|---|
| १.१ पृष्ठभूमि | १ |
| १.२ आवधिक योजना तजुर्माको उद्देश्य | १ |
| १.३ आवधिक योजना तजुर्माको प्रक्रिया | २ |
| १.४ योजना तर्जुमाका आधारहरू | ४ |
| १.५ संघीय र प्रादेशिक योजना सँगको तादाम्यता | ४ |
| १.६ गाउँपालिकाको वस्तुस्थिति विवरण | ४ |
| १.७ हालसम्मको विकासको समीक्षा | ५ |
| १.८ अवसर र चुनौती | ५ |
| १.९ आवधिक योजना तर्जुमाको सीमा | ५ |

**परिच्छेद २ : दीर्घकालीन सोच तथा लक्ष्य तथा समष्टिगत आर्थिक खाका**

| | |
|---|---|
| २.१ पृष्ठभूमि | ७ |
| २.२ दीर्घकालीन सोच | ७ |
| २.३ लक्ष्य | ७ |
| २.४ उद्देश्य | ७ |
| २.५ रणनीति | ८ |
| २.६ परिमाणात्मक लक्ष्य | ८ |
| २.७ सार्वजनिक खर्च र खर्च व्यहोर्ने स्रोतको व्यवस्था | १० |

**परिच्छेद ३ : आर्थिक क्षेत्र**

| | |
|---|---|
| ३.१ कृषि | २२ |
| ३.२ पर्यटन तथा संस्कृति | २६ |
| ३.३ उद्योग, व्यापार, व्यवसाय | ३० |
| ३.४ सहकारी तथा वित्तीय सेवा | ३४ |

**परिच्छेद ४ : सामाजिक क्षेत्र**

| | |
|---|---|
| ४.१ शिक्षा | ३८ |
| ४.२ स्वास्थ्य र पोषण | ४३ |
| ४.३ युवा तथा खेलकुद | ४९ |
| ४.४ लैङ्गीक समानता तथा सामाजिक समावेशिकरण | ५२ |
| ४.५ खाने पानी तथा सरसफाइ | ५७ |

**परिच्छेद ५ : पूर्वाधार विकास** **५.१**

**यातायात पूर्वाधार** **६०**

| | |
|---|---|
| ५.२ आवास, भवन तथा बस्ती विकास | ६५ |
| ५.३ सिंचाइ तथा नदी नियन्त्रण | ६८ |

५.४ विद्युत तथा वैकल्पिक ऊर्जा ७१
५.५ सूचना तथा सञ्चार ७४

**परिच्छेद ६ : वन वातावरण तथा विपद् व्यवस्थापन ६.१**

६.१ वन वातावरण र जैविक विविधता ७६
६.२ विपद् व्यवस्थापन ८१

**परिच्छेद ७ : सुशासन तथा संस्थागत विकास**

७.१ योजना तथा तथ्याङ्क ८५
७.२ सुशासन तथा सेवा प्रवाह ८९

**परिच्छेद ८ : नतिजा खाका**

८.१ पष्ठभूमि ९३
८.२ एकीकृत नतिजा खाका ९३
८.३ विषयगत तर्क बद्ध खाका ९४

**अनुसूचीहरू**

अनुसूची १ : वार्षिक योजनाको बजेट तथा कार्यक्रम फारम १०३
अनुसूची २ : आवधिक योजना तर्जुमाको चरणगत कार्यतालिका १०४
अनुसूची ३ : सोच कार्यशालाको उपस्थिति विवरण १०५
अनुसूची ४ : विभिन्न कार्यशालाहरूमा उपस्थिति विवरया १०६
अनुसूची ५ : धार्चे गाउँपालिका ११२
अनुसूची ६ : तस्वीरहरू ११३

# परिच्छेद (१)

## प्रारम्भिक

### १.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्दै संघ, प्रदेश र स्थानीय गरी तिन तहको सरकारद्वारा शासन सञ्चालन हुने व्यवस्था गरेको छ । नेपालमा हाल संघीय सरकार सहित ७ वटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकार निर्वाचित भई कार्यरत रहेका छन । संविधानले हरेक तहका सरकारका स्पष्ट अधिकार किटान गरी अनुसूचीकृत समेत गरेको छ ।

लोकतान्त्रिक लाभहरूलाई नागरिकको घर दैलोमा पुऱ्याउने, स्थानीय नेतृत्वको विकास गर्ने, स्थानीय श्रोत साधनको दिगो उपयोग गरी विकास र वातावरणवीच सन्तुलन कायम गर्ने, स्थानीय विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारीता ल्याउने, समावेशी विकास, जन सहभागिता, मानवाधिकार संरक्षण, संविधान प्रद्धत्त अधिकारको कार्यान्वयन, राजनैतिक सामाजिक तथा आर्थिक रुपले पछाडि परेका र पारिएका लिङ्ग, वर्ग, जातजातिको संरक्षण, उत्थान र सहभागिता सुनिश्चित गर्ने आदि कार्य गर्दै जनताको नजिकको अभिभावकको रुपमा स्थानीय तहले काम गर्नु पर्ने गरी संविधानले स्थानीय तहलाई २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकार प्रदान गरी कार्यकारिणी, व्यवस्थापकीय र न्यायिक अधिकार सहितको स्थायी सरकारको रुपमा व्यवस्थित गरेको छ ।

संविधानका यी व्यवस्था कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तर्जुमा भई कार्यान्वयनमा आएको छ । ऐन को परिच्छेद ६ दफा २४ को उपदफा १ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, मध्यकालीन योजना तर्जुमा गरी सोही आधारमा वार्षिक योजना बनाई लागु गर्नु पर्ने व्यवस्था भए वमोजिम धार्चे गाउँपलिकाले यो आबधिक योजना तर्जुमा गरी लागू गरेको छ ।

### १.२ आवधिक योजना तर्जुमाको उद्धेश्य

यस आवधिक योजना तर्जुमाका देहायका उद्धेश्यहरू रहेका छनः

क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को कार्यान्वयन गर्नु,
ख) रणनीतिक प्राथमिकता निर्धारण गरी विकासका सम्भावनाहरूलाई समृद्धि तर्फ उन्मुख गर्नु,
ग) वार्षिक विकास कार्यक्रमहरूलाई निश्चित गन्तव्यमा डोऱ्याउनु,
ङ) थानीय श्रोत, साधन र सीपको परिचालन र दिगो उपयोग गर्नु,
च) राजनैतिक दलहरूले निर्वाचनमा गरेका प्रतिवद्धताहरूलाई कार्यरूपमा उतार्नु,
छ) विकासमा सबै वर्ग, लिङ्ग र समुदायको समावेशी सहभागिता, समतामूलक पहुँच र अपनत्व स्थापित गर्नु,
ज) विकासका आवश्यकताहरूको प्राथमिकीकरण गरी क्रमशः सम्वोधन गर्दै जानु,
झ) दिगो विकासका लक्ष्यहरू स्थानीय परिवेश अनुसार प्राथमिकीकरण गरी कार्यान्वयन गर्नु,
ञ) आर्थिक रुपले विपन्न र सामाजिक रुपले पाछिडएका वर्ग र लिङ्गको संरक्षण र विकास गर्नु,
ट) आयको न्यायोचित वितरण गर्दै गरिवी न्यूनीकरण गर्नु ।

### १.३ आवधिक योजना तर्जुमाको प्रक्रिया

**क) प्रारम्भिक छलफल** : वस्तुगत विवरण संकलन र आवधिक योजना तर्जुमाका प्रकृया सम्बन्धमा परामर्श टोलीद्वारा मिति ०७५/१२/१३ मा धार्चे गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत गाउपालिकाका अन्य पदाधिकारीज्यूहरू सँग प्रारम्भिक छलफल गरियो । छलफल वाट सम्पर्क व्यक्ति तोकिनुका साथै गणकहरूको छनौट तालिम, वस्तुगत विवरण तयारी र योजना पूर्व तयारी गोष्टिको मिति तय गरियो ।

**ख) वस्तुगत विवरण तयारी :** वस्तुगत विवरण तयारीका लागि गाउँपालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरी घर धुरी र सस्थागत सर्भेक्षणको "एप्स" प्राप्त गरिएको थियो । त्यस पछि गाउँपालिकाले

तोकेको सम्पर्क व्यक्ति र गाउँपालिकाको योजना सल्लाहाकारलाई काठमाण्डौमा मिति २०७५/१२/२५ र २६ गते मन्त्रालयका विज्ञहरू वाट दुई दिने ''एप्स'' संचालन सम्बन्धी तालिम दिइएको थियो।सोही सिलसिलामा प्रयोग हुने मोवायल एप्सलाई धार्चे गा.पा.को परिवेश अनुसार परिमार्जन समेत गरिएको थियो । त्यस पछि गाउँपालिकाले तथ्यांक सङ्कलन गर्न सार्वजनिक सूचनाद्वारा दरखास्त आह्वान गरी प्रतिस्पर्धात्मक परीक्षाद्वारा १५ जना गणक वाट 'एप्स' प्रयोग गरी तथ्याङ्क संकलन गरियो ।

**ग) गणक तालिम तथा पूर्व तयारी गोष्ठी सञ्चालनः** तथ्याङ्क संकलनको लागि एप्सको प्रयोग विधि सम्वन्धमा मिति २०७६/१/९-१० मा परामर्श टोलीद्वारा २ दिने गणक तालिम दिई प्रयोगात्मक अभ्यास समेत गराइएको थियो । त्यस पछि वडा अध्यक्षको प्रत्यक्ष निगरानीमा हरेक वडामा गणकहरू परिचालन गर्ने निर्णय समेत गरिएको थियो । सोही समयमा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष लगायत कार्यपालिकाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका कर्मचारीहरूको उपस्थितिमा वस्तुगत विवरण तयारी र योजना तर्जुमाका विविध पक्ष र चरणहरूबारेमा समेत विस्तूत छलफल गरियो । गोष्ठि पछि गाउँपालिकाको अध्यक्षको अध्यक्षतामा निर्देशक समिति, कार्यपालिकाका सदस्यहरूको अध्यक्षतामा विषय क्षेत्रगत समितिहरू र प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा प्राविधिक समिति गठन गरिएको थियो ।

**घ) योजना तर्जुमा गोष्ठी संचालनः** कार्यपालिकाका सदस्यहरू, वडा सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका प्रमुख एवं अन्य पदाधिकारीहरू, सम्बन्धित क्षेत्रका प्रतिनिधि सभाका सदस्य, पूर्व राज्य मन्त्री, राजनीतिक दलका प्रतिनिधिहरू, गाउँपालिका स्थित मा.वि. तथा उच्च मा.वि.का प्रधानाध्यापक लगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा मिति २०७६ जेष्ठ २७, २८ र २९ गते ३ दिने योजना तर्जुमा गोष्ठी संचालन गरिएको थियो, जसमा योजना तर्जुमा सम्बन्धी निम्न कार्य गरिएको थियो ।

अ) तथ्यांक प्रमाीण्करण गोष्ठीमा गणकहरू वाट संकलन भई परामर्श टोली वाट प्रशोधित तथ्याङ्क छलफल र प्रमाणीकरणको लागि प्रस्तुत गरियो।तथ्यांकमा देखिएका कमीकमजोरीहरूलाई वडा अध्यक्ष र सदस्यहरू सँग छलफल गरी परिमार्जित तथ्यांक परामर्श टोलीलाई आषाढ ५ गतेभित्र उपलब्ध गराउने निर्णय गरियो ।

आ) दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, उद्देश्य रणनीति र निर्धारण गाउँ पालिकाको दीर्घकालीन सोच निर्धारणका लागि सबै सहभागीहरूको संलग्नतामा समस्याको विश्लेषण तथा अवसर र चुनौतीको विश्लेषणका साथै दीर्घकालीन सोच र सोका आधारमा समष्टिगत लक्ष्य, उद्देश्य रणनीति निर्धारण गरिएको थियो । दीर्घकालीन सोच निर्धारण भैसके पछि गोष्टिका सहभागीहरूलाई आथीक, सामाजिक, पूर्वाधार बिकास, वन तथा वातावरण तथा विपद् ब्यबस्थापन र सस्थागत विकास एवं सुशासन गरी ५ वटा क्षेत्रगत समूहमा विभाजन भई समूह कार्य गरिएको थियो ।

इ) क्षेत्रगत उद्देश्य, रणनीति, प्राथमिकता निर्धारण सोच र समष्टिगत लक्ष्य, उद्देश्य र रणनीति निर्धारण पछि सोही आधारमा समूह कार्य वाटै क्षेत्रगत उद्देश्य, रणनीति निर्धारण गर्नुका साथै रणनीतिक प्राथमिकाका क्षेत्र, प्राथमिकता प्राप्त कार्यक्रमहरू र विषयगत रुपमा नतिजा सूचकहरू समेत निर्धारण गरिएका थिए ।

ङ) योजना मस्यौदा तयारी योजना तर्जुमा गोष्ठी वाट तयार भएको खाका दस्तावेजमा सम्बन्धित गाउँपालिका वाट प्राप्त राय सुझावको आधारमा विज्ञ परामर्श टोली वाट परिमार्जन गरी आवधिक योजनाको परिमार्जित दस्तावेज तयार गरियो ।

च) प्रमाणीकरण गोष्ठीले परिमार्जित मस्यौदालाई मिति ०७६/४/१२ मा गाउँ कार्यपालिका सहित सरोकारवालाहरू सहभागी भएको परामर्श गोष्ठीमा प्रस्तुत गरी प्राप्त सुझावको आधारमा अन्तिम मस्यौदा तयार गरियो ।

## १.४ योजना तर्जुमाका आधारहरू

नेपालको संविधान, विद्यमान ऐन, नियमहरू, विद्यमान राष्ट्रिय तथा प्रादेशिक नीति, संघीय, धार्चे गाउँपालिकाको दीर्घकालीन सोच, संघीय पन्ध्रौं योजनाको आधारपत्रका लक्ष्य तथा उद्देश्यहरू, दिगो विकासका लक्ष्य, राष्ट्रिय तथा

प्रादेशिक सरकारका मार्ग निर्देशन, धार्चे गाउँपालिकाका प्रमुख समस्या र सम्भावना, धार्चे गाउँपालिकामा प्रतिनिधित्व गर्ने राजनैतिक दलका घोषणापत्रहरू, पुनर्निर्माण योजना र जोखिमममा रहेका परिवारको अध्ययन प्रतिवेदनलाई महत्वपूर्ण आधारका रुपमा लिइएको छ ।

## १.५ संघीय र प्रादेशिक योजना सँगको तादामम्यता

यस आवधिक योजनाले संघीय योजनाको दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" र "समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जिवन सहितको समाजवाद उन्मुख राज्यको रुपमा रुपान्तरण गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार निर्माण गर्ने" भन्ने लक्ष्य एवं निधारित उद्देश्य एवं प्राथमिकताहरू र आ.व. २०७६/०७७ को गण्डकी प्रदेशको वार्षिक नीति र कार्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू सँग तादामम्यता हुने गरी यस गाउँपालिकाको आवश्यकता र प्राथमिकता अनुसार यो योजना तर्जुमा गरिएको छ ।

## १.६ गाउँपालिकाको वस्तुस्थिति विवरण

यो गाउँपालिका २८.१३५७ डिग्री उत्तरी अक्षांस र ८४.५२२८ डिग्री पूर्वी देशान्तरमा फैलिएको छ । यसको जम्मा क्षेत्रफल ६५२ वर्ग कि.मी. छ भनें समुद्री सतहदेखि ६३०-७३०९ मिटर उचाईमा रहेको छ । ७ वटा वडा रहेको यो गाउँपालिका साविकका केरौजा, उहिया, लाप्राक, गुम्दा, काशीगाउँ र लापु गरी ६ वटा गाउँ विकास समिति मिलेर पुनर्संरचना भएको हो । यसको पूर्वमा धादिङ जिल्ला, पश्चिममा गोरखाको वारपाक सुलिकोट, उत्तरमा चुमनुब्री र दक्षिणमा आरुघाट गाउँपालिका पर्दछ, र यसको पूर्वोत्तर सिमाना चीनसँग जोडिएको छ । यस गाउँपालिकाको तापक्रम अधिकतम २९ डिग्री र न्युनतम ५ डिग्रीको वीचमा रहने गरेको छ । हालको घर धुरी सर्भेक्षण अनुसार याहांको जम्मा घर धुरी ३९३२ र जनसंख्या १८७२४ रहेको छ भने जनसंख्याको वार्षिक वृद्धि दर २.१८ छ । यस गाउँपालिकामा सबै भन्दा बढी वौद्ध, त्यस पछि हिन्दु, त्यस पछि वोन र क्रिश्चियन धर्मा लम्वीहरू वसोबास गर्दछन । पेशाको हिसावले हेर्दा सवै भन्दा वढी लगभग ४० प्रतिशत कृषि, २३ प्रतिशत ज्याला मजदुरी, २२.५ प्रतिशत विद्यार्थी, ७.५ प्रतिशत वैदेशिक रोजगारी र वाँकी अन्य पेशामा संलग्न भएको देखिन्छ । बसोवासको हिसाबले हेर्दा यहाँ ८३.९ प्रतिशत गुरुङ, ११ प्रतिशत घले, ४.९ प्रतिशत विश्वकर्मा र वांकी ०.२ प्रतिशत मात्र अन्य जातजातिका मानिसहरू वसोवास गर्दछन ।

यस गाउँपालिकाको भू-उपयोग स्थिति हेर्दा कृषि जमिन ९.८३ प्रतिशत, वनले ढाकेको क्षेत्रफल ३६.६७ प्रतिशत, घाँस तथा झाडी २० प्रतिशत, वाँझो तथा चट्टानयुक्त जमिन ३०.३८ प्रतिशत र हिउँले ढाकेको क्षेत्रफल २.५३ र वाँकी ताल तलैया आदि रहेको छ ।

## १.७ हालसम्मको विकासको समीक्षा

यस गाउँपालिकामा विकासको अवस्थालाई संश्लेषण गर्दा प्रति व्यक्ति आय राष्ट्रिय रु.११८,८९३ को तुलनामा ८४६८२, कूल गार्हस्थ वचत राष्ट्रिय २०.४८ प्रतिशतको तुलनामा १४.१७ प्रतिशत, वेरोजगार प्रतिशत राष्ट्रिय ११ प्रतिशतको तुलनामा २.२४ प्रतिशत, साक्षरता राष्ट्रिय ५८ प्रतिशतको तुलनामा ७०.७२ प्रतिशत, माध्यमिक तहमा भर्ना दर राष्ट्रिय ४४ प्रतिशतको तुलनामा ९५.३ प्रतिशत, विद्युतमा पहुँच घर परिवारको राष्ट्रिय ९१ प्रतिशतको तुलनामा ९९ प्रतिशत (सोलार समेत), गरीवि राष्ट्रिय १८.६ प्रतिशतको तुलनामा २१.३२ प्रतिशत रहेको छ ।

## १.८ अवसर र चुनौती

### (क) अवसर

व्यवसायिक कृषिको लागि जमिनको उपलब्धता, पशुपालनको लागि चरन क्षेत्र र घासको पर्याप्तता, मनास्लु पद मार्गको प्रवेश द्वारको अवस्थिति र रमणीय प्राकृतिक सुन्दरता, गणेश हिमालको पद मार्ग प्रवेश विन्दु, २०७२ सालको भूकम्पीय केन्द्र विन्दु सम्म जाने पद मार्ग निर्माण भैरहेको अवस्था, सरकारी, गैह्रसरकारी र निजि क्षेत्र वाट सामाजिक आर्थिक क्षेत्रको पुनर्स्थापना एवं लाप्राक वस्ती विकासमा गैह्र आवासीय नेपालीहरूको संगठन वाट लगानी हुनु, कृषि, वन र जडि वुट्टिजन्य उद्योगको अनुकुलता, वन, जलाधार तथा जैविक विविधताको हिसावले समुन्नत,

उत्पादक उमेर समूहका मानव संसाधनको वाहुल्यता, लैङ्गिक विभेद न्युन रहनु, निर्वाचित जन प्रतिनिधिहरूमा विकासप्रतिको प्रतिवद्धता र समर्पण आदि यस गाउँपालिकाको प्रमुख अवसरहरू हुन

**(ख) चुनौती**

व्यवसायिक कृषि, पशुपालन र जडिवुट्टी खेतिमा कृषकहरूलाई आकर्षण गर्नु, सडक, विद्युत, सिंचाइ आदि विकासका पूर्वाधारहरूको पहुँच विस्तार गर्नु, विकास र वातावरण वीच सन्तुलन कायम गर्नु, औद्योगिक पूर्वाधारहरूको निर्माण गर्नु, पर्यटकीय पूर्वाधार र उपजको विकास गर्नु, पदयात्रा पर्यटनको संरक्षण गर्नु, जनशक्तिको उत्पादनशील क्षेत्रमा उपयोग गर्नु, सस्थागत विकास र सुशासन कायम गर्नु आदि प्रमुख चुनौतीका रुपमा देखा परेका छन ।

## १.९ आवधिक योजना तजुर्माको सीमा

(क) गण्डकी प्रदेशको प्रादेशिक योजनाको तर्जुमा भैनसकेकोले संघीय योजनाका सोच, लक्ष्य र उद्देश्यका अतिरिक्त प्रदेशको आ.व. २०७६/०७७ को वजेटमा लिइएका उद्देश्य र नीतिलाई मात्र आधारमा लिन सकिएको छ ।

(ख) योजना तर्जुमाका क्रममा प्रयुक्त कतिपय तथ्यांङ्कहरू सर्वेक्षणा वाट प्राप्त हुन नसकेकोले गोष्ठी वाट प्राप्त सूचना र प्रमाणीकरण भए वमोजिमका तथ्यांङ्कहरूलाई नै आधार मानी प्रयोग गरिएको छ ।

(ग) दिगो विकासका लक्ष्यहरूका सूचकहरूको स्थानीय करण भै नसकेकोले धार्चेको स्थानीय परिवेश अनुसार स्थानीयकरण गर्ने कोसिस गरिएको छ ।

# परिच्छेद (२)
# दीर्घकालीन सोच, लक्ष्य तथा समष्टिगत आर्थिक खाका

## २.१ पृष्ठभूमि

यस परिच्छेदमा योजनाको दीर्घकालीन सोच, आवधिक योजनाको समष्टिगत लक्ष्य, उद्देश्य, रणनीति, परिमाणात्मक लक्ष्य, लगानीको स्रोत, सार्वजनिक स्रोतको व्यवस्था, सरकारी, सहकारी र निजी क्षेत्रको भूमिका, अन्तर सरकारी वित्त, स्रोत साधनको बाँडफाँड तथा परिचालनका आधारहरू आदि समावेश गरिएको छ ।

## २.२ दीर्घकालीन सोच

**"सुन्दर, सुरक्षित, समृद्ध धार्चे"**

| दिर्घकालीन सोचको व्याख्या |
|---|
| **सुन्दरः** प्राकृतिक श्रोतको दिगो उपयोग, वातावरणमैत्री विकास, प्रदुषण मुक्त, हराभरा, सांस्कृतिक मूल्य र मान्यता । |
| **सुरक्षितः** विपद प्रतिरोधी आवास र पुर्वाधार विकास भएको, विपद जोखिम न्यूनीकरण भएको, आधारभूत स्वास्थ्य, शिक्षा र खाद्य सुरक्षा सुनिश्चित भएको, शान्ति सुरक्षा प्रभावकारी भएको, सबै प्रकारका विभेद र द्वन्द्वको अन्त्य भएको । |
| **समृद्धः** १.आय वृद्धि भई समतामूलक वितरण भएको ।<br>२.मानव विकास सूचकांकमा उल्लेख्य वृद्धि भएको ।<br>३.रोजगारका अवसरहरू विस्तार भएको ।<br>४.दिगो विकास तथा आवधिक योजनाका लक्ष्य प्राप्त भएको । |

## २.३ लक्ष्य

प्राकृतिक श्रोतको दिगो उपयोग, कृषिको व्यवसायिकरण, वातावरण मैत्री पूर्वाधार विकास, परमपरागत लोकसँस्कृतिको संरक्षण र पर्यापर्यटनको सम्वर्द्धन गर्दै समष्टिगत सामाजिक तथा आर्थिक विकासद्वारा नागरिकको जीवनस्तरमा गुणात्मक सुधार भएको हुनेछ ।

## २.४ उद्देश्य

१. व्यवसायिक कृषि तथा पशुपालन, पर्यटन र उद्योग व्यवसायका माध्यम वाट रोजगारी र आयमा वृद्धि गर्नु,
२. आधारभूत स्वास्थ र सरसफाइ तथा गुणस्तरीय शिक्षाका माध्यमबाट समावेशी विकास गर्नु,
३. वातावरणमैत्री दिगो भौतिक पूर्वाधारको विकास गर्नु,
४. प्राकृतिक श्रोत र साधनहरूको दिगो उपयोग गर्नु,
५. संस्थागत सुशासन कायम भई प्रभावकारी सेवा प्रवाह हुनु ।

## २.५ रणनीति

१. प्राकृतिक श्रोतमा आधारित आर्थिक उत्पादनका अवसरहरूको अत्यधिक उपयोग गर्ने,
२. आकर्षक पर्यटनको प्रवर्द्धनका साथै उद्यम, व्यापार तथा व्यवसायको विकास गर्ने,
३. सामाजिक विकासका सूचकहरूमा सुधार गर्ने,
४. सामाजिक सूरक्षा तथा समावेशीतालाई सुनिश्चित गर्ने,
५. यातायात, जलश्रोत, सञ्चार तथा बस्ती विकास लगायतका पूर्वाधारको विकास गर्ने,
६. वन, वातावरण संरक्षण तथा जैविक विविधता कायम गर्दै विपद् जोखिम न्यूनीकरण वाट विकास र वातावरण वीच सन्तुलन कायम गर्ने,
७. विकास कार्यको प्रभावकारिता र सेवा प्रवाह सुदृढ गरी सुशासन अभिवृद्धि गर्ने ।

## २.६ परिमाणात्मक लक्ष्य

**तालिका-१**
**आवधिक योजनाको समष्टिगत परिमाणात्मक लक्ष्य**

| आवधिक योजनाको समष्टिगत लक्ष्य | सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|---|
| | | | | ०७८/०७९ | ०८०/०८१ |
| | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५७४ | ०.६०० | ०.६२४ |
| | आर्थिक वृद्धि दर | प्रतिशत | ७.०६ | ९.५ | ९.५ |
| | कुल गार्हस्थ्य उत्पादन दर | रु अर्ब | १.५९ | २.०८ | २.५० |
| | प्रतिव्यक्ति वार्षिक आय दर | रु हजार | ८४ | १०४ | १२० |
| | आफ्नो उत्पादन वाट वर्ष भरि खान पुग्ने परिवार | प्रतिशत | २२ | २५ | ३५ |
| | कृषि क्षेत्रमा संलग्न घर परिवार (कृषि र पशुपन्छी पालन) | प्रतिशत | ८३ | ७८ | ७० |
| | आम्दानीको दुई तिहाइभन्दा वढी खानामा खर्च गर्ने परिवार | प्रतिशत | ७८ | ७० | ६५ |
| | मापदण्डअनुसार बनेका आवास घर | प्रतिशत | ७० | ८५ | ९० |
| | बाह्रै महिना सञ्चालन हुने सडक | कि.मि. | १५ | ३० | ६० |
| | रुख विरुवाले ढाकेको क्षेत्र | प्रतिशत | ३७ | ४० | ४५ |
| | वेरोजगारी | प्रतिशत | २.२४ | २ | १ |
| | व्यवसायिक र प्राविधिक सीप युक्त जनशक्ति | संख्या | ३७६ | ५०० | १,००० |
| | वैदेशिक रोजगारीमा गएकाको संख्या | प्रतिशत | ७.८ | ६ | ५ |
| | काम गर्ने उमेर समूह मध्ये | प्रतिशत | ९७ | ९८ | १०० |
| | पाइप वाट खाने पानी सुविधा पुगेको परिवार | सूचकांक | २१.३२ | १८ | १३ |
| | गरिवीको रेखामुनि रहेको परिवार | प्रतिशत | ७१ | ८० | ९५ |

* राष्ट्रिय आँकडामा आधारित ।
**प्रदेशको आर्थिक वृद्धिलाई आधार मानिएको ।

## २.७ वित्तीय व्यवस्थापन

### २.७.१ सार्वजनिक स्रोत परिचालनको आधार

धार्चे गाउँपालिकाको आवधिक योजनाका लागि वहुपक्षीय स्रोतहरू परिचालन गरिनेछ । यसका लागि विद्यमान स्रोतहरूको आंकलन र सम्भाव्य नयाँ स्रोतहरूको समेत पहिचान तथा उपयोग गरिनेछ । आवधिक योजनामा यस गाउँपालिकाद्धारा निम्न वमोजिम विभिन्न वित्तीय स्रोतहरू परिचालन गरिनेछ :

**(क) वित्तीय हस्तान्तरण**

(१) प्रत्येक आर्थिक वर्षका लागि यस गाउँपालिकाले नेपाल सरकार बाट समानीकरण अनुदान,सर्शत अनुदान, राजस्व बाँडफाँटको रकम प्राप्त गर्नेछ । संघ वाट समानीकरण अनुदानतर्फ आ।व २०७५/०७६ र आ.व. २०७६/०७७ का लागि उपलब्ध सीमालाई आधार मानी औषतमा ५ प्रतिशत, सशर्त अनुदान तर्फ औषतमा

१० प्रतिशत र राजस्व बाँडफाँटको रकम औषतमा १५ प्रतिशतको वार्षिक वृद्धि प्रक्षेपण गरिएको छ ।

(२) नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदान र सम्पूरक अनुदान आर्थिक वर्ष शुरु भएपछि परियोजना प्रस्तावको आधारमा संघीय अर्थ मन्त्रालयद्धारा निर्णय गरिने हुँदा प्रारम्भिक अनुमान सम्म मात्र गरिएको छ । साथै सम्पूरक अनुदान परियोजना लागतको अधिकतम ४० प्रतिशत सम्म प्राप्त गर्न सक्ने हुँदा गाउँपालिकाले परियोजना लागतको ६० प्रतिशत रकम स्वःलगानी गर्नु पर्ने हुन्छ ।

(३) प्रदेश सरकारबाट समेत गाउँपालिकाले समानीकरण अनुदान, सर्शत अनुदान, विशेष अनुदान र सम्पूरक अनुदान, राजस्व बाँडफाँटको रकम प्राप्त गर्दछ । प्रदेश सरकारको आ.व. २०७५/०७६ र आ।व २०७६/०७७ का लागि उपलब्ध सीमालाई आधार मानी समानीकरण अनुदान तर्फ औषतमा १० प्रतिशतको वार्षिक वृद्धि प्रक्षेपण गरिएको छ । साथै प्रदेश सरकार वाट आ.व २०७६/०७७ मा सर्शत र विशेष अनुदान प्राप्त हुन नसके पनि आगामी आर्थिक वर्षमा ससर्त, विशेष र समपूरक अनुदान तर्फ केहि रकम प्राप्त हुने अनुमान गरिएको छ ।

(४) वैदेशिक अनुदान तर्फ नेपाल सरकारले सम्झौता गरेर मात्र गाउँपालिकाले वैदेशिक सहायता प्राप्त गर्न सक्ने हुँदा गाउँपालिकाले संघीय अर्थ मन्त्रालयको संयोजनमा क्षेत्रगत आधारमा केहि वैदेशिक अनुदान प्राप्त हुने अनुमान गरिएको छ ।

(५) वैदेशिक ऋणको हकमा अन्तर्राष्ट्रिय विकास सहायता नीति वमोजिम ऋण सहायताको रकम, व्याजदर, भुक्तानी सम्वन्धी शर्तहरू सहित स्थानीय तह सँगै सहायक ऋण सम्झौता गरेर मात्र गाउँपालिकालाई वैदेशिक ऋण उपलब्ध हुन सक्ने प्रावधान रहेको छ । यस प्रावधान बमोजिमको वैदेशिक ऋण गाउँपालिकाको आवधिक योजनामा प्राप्त गर्ने अनुमान गरिएको छैन ।

**(ख) गाउँपालिकाको सञ्चित कोषमा जम्मा हुने अन्य रकमहरूः**

(१) आन्तरिक राजस्वतर्फ हालको न्यून प्राप्तिलाई क्रमिक रुपमा वृद्धि गर्ने प्रक्षेपण गरिएको छ । यसका लागि सम्भाव्यताको आधारमा नयाँ स्रोत तथा दायरामा विस्तार गरिनेछ । गाउँपालिकाको आन्तरिक राजस्व अन्तर्गत औषतमा २० प्रतिशतको वार्षिक वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

(२) आवधिक योजना अवधिमा स्थानीय सञ्चित कोष अन्तर्गत विशेष आयोजना सञ्चालनका लागि प्राप्त हुन सक्ने अन्य रकमहरू अनुमानित रुपमा प्रक्षेपण गरिएको छ ।

(३) आर्थिक वर्षको अन्तमा उपलब्ध रकम खर्च हुन नसकी बाँकी रही नया आर्थिक वर्षमा जिम्मेवारी सर्ने नगद मौज्दात रकम पनि उपयोग गर्न सकिने हुँदा नगद मौज्दात वार्षिक वजेटमा हुने वृद्धिको आधारमा प्रक्षेपण गरिएको छ ।

**(ग) गाउँपालिकाको सञ्चित कोष बाहिर संघ र प्रदेश वाट प्रत्यायोजन हुने रकमहरू**

१) संघको वार्षिक कार्यक्रम तथा वजेटवाट गाउँपालिकालाई प्रत्यायोजित गरिने कार्यक्रमहरू अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम, संघीय निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका क्षेत्रगत कार्यक्रमहरूलाई आवधिक योजनाको परिधि भित्र समावेश गरिएको छ ।

(२) यसैगरी प्रदेशको वार्षिक कार्यक्रम तथा वजेटवाट गाउँपालिकालाई प्रत्यायोजित गरिने कार्यक्रमहरू अन्तर्गत प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम लगायत प्रदेश निकायहरू वाट प्रत्यायोजन भई आउने क्षेत्रगत कार्यक्रमहरूलाई पनि आवधिक योजनाको परिधिभित्र समावेश गरिएको छ ।


### २.७.२ कुल वित्तीय लगानी

धार्चे गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका निमित्त आवधिक योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालनका लागि कूल रु ३ अर्व ७० करोड वित्तीय लगानी हुने अनुमान (तालिका–१०) छ । यस गाउँपालिकाको आवधिक योजना अवधिका लागि लगानीको प्रक्षेपण गर्दा अपेक्षित आर्थिक तथा सामाजिक विकासका लक्ष्यहरूलाई विचार गरिएको छ । साथै वहुक्षेत्रगत स्रोतहरू परिचालनका सम्भावनाहरूका सन्दर्भमा उपलब्ध आँकडाहरू र आविधक योजना तर्जुमा गोष्ठीको दौरानमा उपलब्ध जानकारीलाई समेत आधार लिइएको छ ।

**तालिका-१**


## आवधिक योजनामा अनुमानित समष्टिगत लगानी

| क्रसं | स्रोत | रकम (रु. करोडमा) | प्रतिशत |
|---|---|---|---|
| १ | सार्वजनिक क्षेत्र | २२१.०० | ५९.७ |
| २ | सहकारी क्षेत्र | ७.४० | २.० |
| ३ | निजी क्षेत्र | ८७.६७ | २३.७ |
| ४ | गैर सरकारी र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू | ५४.०० | १४.६ |
| ५ | कूल जम्मा | ३७०.०७ | १०० |
| नोटः लगानी प्रक्षेपण राष्ट्रिय सीमान्त पुंजी उत्पादन अनुपातको आधारमा गरिएको छ। | | | |




### २.७.३ गाउँपालिकाको सञ्चित कोष वाट हुने सार्वजनिक खर्च

सार्वजनिक खर्च अन्तर्गत गाउँपालिकाको संचित कोष वाट आवधिक योजना अवधिमा कूल रु.१८९.६९ करोड खर्च हुने प्रक्षेपण गरिएको छ। कूल खर्च मध्ये चालु खर्च तर्फ रु.११०.०२ करोड (५.५) र पुंजीगत खर्च तर्फ रु.७९.६७ करोड (४२५०) हुने अनुमान गरिएको छ।




आवधिक योजनामा सार्वजनिक खर्च अन्तर्गत गाउँपालिकाको संचित कोष अन्तर्गत हुने क्षेत्रगत खर्चको अनुपात प्रक्षेपणमा आाव २०७५/०७६ लाई आधार वर्ष मानिएको छ। गाउँपालिकाको संचित कोष वाट कूल प्रक्षेपित खर्च रु.१८९.६९ करोडको वाँडफाँडमा सर्वाधिक बढी सामाजिक क्षेत्र ९४७५०, पूर्वाधार क्षेत्रमा ९३५५०, आर्थिक क्षेत्रमा ९१४५०, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा ९२५० र संस्थागत विकास र सुशासनका क्षत्रमा ९२५० रहेको छ। (तालिका–२०)

गाउँपालिकाको संचित कोष वाट आवधिक योजना अन्तर्गत प्रक्षेपित कूल खर्च रु.१८९.६९ करोड मध्ये वाट आर्थिक क्षेत्र अन्तर्गत प्रक्षेपित जम्मा खर्च रु.२६.५६ करोड रकम वाट यस सम्बन्धी उपक्षेत्रहरूः कृषि तथा पशुपालन, पर्यटन, सहकारी, उद्योग, वाणिज्य तथा आपूर्ति सेवा, वित्तीय क्षेत्र र वैदेशिक रोजगारी सम्वद्ध कार्यक्रमहरूमा खर्च गरिनेछ। सामाजिक क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु.८९.१५ करोड वाट यस सम्बन्धी उपक्षेत्रहरूः आधारभूत तथा माध्यमिक शिक्षा, स्वास्थ्य,

जनसंख्या तथा पोषण, युवा तथा खेलकुद विकास, खानेपानी तथा सरसफाइ क्षेत्र र लैंगिक समानता, सामाजिक समावेशीकरण एवं संरक्षण तथा सुरक्षा सम्बद्ध कार्यक्रमहरूमा खर्च गरिनेछ । पूर्वाधार क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु.६६.३९ करोड यस सम्बन्धी उपक्षेत्रहरू: यातायात पूर्वाधार एवं सहरी तथा कृषि सडक, सिँचाइ, विद्युतर ऊर्जा, आवास भवन तथा शहरी विकास र सामाजिक पूर्वाधार सम्वद्ध कार्यक्रमहरूमा खर्च गरिनेछ । वन तथा भूसंरक्षण, वातावरण र विपद् व्यवस्थापन क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु.३.७९ करोड वाट यसका उप क्षेत्रहरू सम्वद्ध कार्यक्रमहरूमा खर्च गरिनेछ । संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु.३.८० करोड वाट यस सम्बन्धी उपक्षेत्रहरू सम्वद्ध कार्यक्रमहरूमा खर्च गरिनेछ ।


धार्चे गाउँपालिकाको आवधिक योजना (२०७६/०७७–२०८०/०८१) मा प्रक्षेपित कूल खर्चको अनुमानित औषत वार्षिक वृद्धि दर १६ प्रतिशत रहेको छ ।

**तालिका– २**

**गाउँपालिकाको संचित कोष वाट सार्वजनिक खर्चको वाँडफाँड**

**रु.लाखमा**


| क सं | विवरण | २०७५/७६ को स्वीकृत अनुमान (आधार वर्ष) | २०७६/७७ प्रक्षेपण | २०७७/७८ प्रक्षेपण | २०७८/७९ प्रक्षेपण | २०७९/८० प्रक्षेपण | २०८०/८१ प्रक्षेपण | आवधिक योजनको जम्मा (२०७६/७७–२०८०/८१) | औषत बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| **१** | **कूल बजेट खर्चको बर्गीकरण** | **२२,६०** | **३०,२७** | **३३,९९** | **३७,४३** | **४१,५६** | **४६,४४** | **१,८९,६९** | १६% |
| १.१ | चालु बजेट | १३,०५ | १७.५० | १९,६५ | २१,८० | २४,२० | २६,८७ | ११०.०२ | १६% |
| १.२ | पूंजीगत बजेट | ९,५५ | १२,६६ | १४,२३ | १५,७९ | १७,५४ | १९,४५ | ७९,६७ | १५% |
| **२** | **कूल बजेट खर्चको क्षेत्रगत बांडफांड** | **२२,६०** | **३०,२७** | **३३,९९** | **३७,४३** | **४१,५६** | **४६,४४** | **१,८९,६९** | **क्षेत्रगत प्रतिशत** |
| २.१ | आर्थिक विकास | ३,१६ | ४,२२ | ४,७४ | ५,२७ | ५,८५ | ६,४८ | २६,५६ | १४% |
| २.२ | सामाजिक विकास | १०,६२ | १४,१६ | १५,९० | १७,६९ | १९,६३ | २१,७७ | ८९,१५ | ४७% |
| **२.३** | पूर्वाधार विकास | ७,९१ | १०,५५ | ११,८५ | १३,१७ | १४,६२ | १६,२० | ६६,३९ | ३५% |
| २.४ | वतावरण तथा विपद व्यवस्थापन | ४६ | ०.६० | ०.६८ | ०.७६ | ०.८३ | ०.९२ | ३,७९ | २% |
| २.५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४५ | ०.६० | ०.६८ | ०.७६ | ०.८४ | ०.९२ | ३,८० | २% |
| **अर्थ मन्त्रालय, प्रदेश सरकार तथा गाउँपालिकाको अभिलेखमा आधारित** | | | | | | | | | |



### २.७.४ संघ र प्रदेशको प्रत्यायोजित कार्यक्रम अन्तर्गत सार्वजनिक खर्च

गाउँपालिकाको संचित कोष वाट खर्च हुने रकम बाहेक संघ र प्रदेशको प्रत्यायोजित कार्यक्रम अन्तर्गत क्षेत्रगत आधारमा विषयगत आवधिक योजनामा कूल रु.३१ करोड खर्च हुने प्रक्षेपण गरिएको छ । प्रत्यायोजित कार्यक्रम अन्तर्गत संघको सामाजिक सुरक्षा कार्यक्रम, संघीय तथा प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका कार्यक्रमहरू लगायत संघ र प्रदेश वाट प्रत्यायोजित गरिने अन्य कार्यक्रमहरूलाई समेटिनेछ । उल्लेख भए अनुसार संघ र प्रदेशको प्रत्यायोजित कार्यक्रमको रकम गाउँपालिकाको संचित कोष बाहिर वाट जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयद्धारा निकासा हुने भएता पनि गाउँपालिकाको आर्थिक सामाजिक विकासका लागि खर्च हुने भए वाट सार्वजनिक खर्च अन्तर्गत समावेश गरिएको छ ।

### २.७.५ सार्वजनिक खर्च व्यहोर्ने स्रोतहरू




धार्चे गाउँपालिकाको आवधिक योजना कार्यान्वयनका लागि आवश्यक खर्च जुटाउन संघ र प्रदेशको अन्तर सरकारी वित्तीय हस्तान्तरणका साथै आन्तरिक राजस्वका स्रोतहरू पनि परिचालन गरिनेछ । यस गाउँपालिकाको आन्तरिक स्रोतहरू काल निकै कम भएकोले संघ र प्रदेश वाट हुने वित्तीय हस्तान्तरण माथि बढीभन्दा बढी निर्भर रहनु पर्ने वाध्यता छ। यसै परिप्रेक्ष्यमा आ।व २०७५/७६ को तुलनामा आ।व २०७६/७७ संघ वाट हस्तान्तरण हुने रकमहरूमा भएको २७ प्रतिशत वृद्धि लाई उत्साहवर्धक मान्न सकिन्छ। यसै गरी आवधिक योजनाको आगामी वर्षहरूमा पनि संघ र प्रदेश वाट प्राप्त हुने वित्तीय हस्तान्तरणमा क्रमिक वृद्धि हुदै जाने अनुमान गएिको छ । प्रक्षेपण अनुसार सघ वाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व वाँडफाँड, विशेष अनुदान र समपूरक अनुदान वाट करिव रु.१५९.८९ करोड वित्तीय हस्तान्तरण हुने अनुमान गरिएको छ । प्रक्षेपण अनुसार संघ वाट कूल रु.१५९.८९ करोड वित्तीय हस्तान्तरण हुने मध्ये वित्तीय समानीकरण अनुदान रु ४९.४१ करोड (३१५०), सशर्त अनुदान रु.५६.८३ करोड (३५५०), राजस्व बाँडफाँड रु.४७.९० करोड (३०५०) विशेष अनुदान रु।२।७५ ९२५० करोड र समपूरक अनुदान रु.३ करोड (२५०) प्राप्त हुने अनुमान गरिएको छ ।

यसै गरी प्रदेश वाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व बाँडफाँड, विशेष अनुदान र समपूरक अनुदान वाट करिव रु.१६.३७ करोड प्राप्त हुने अनुमान गरिएको छ । प्रक्षेपण अनुसार प्रदेश वाट कूल रु.१६.३७ करोड वित्तीय हस्तान्तरण हुने रकम मध्ये वित्तीय समानीकरण रु.७.३८ करोड (४५.५), सशर्त अनुदान रु.१.८० करोड (११.५) करोड, राजस्व बाँडफाँड १.४१ करोड (९.५), विशेष अनुदान रु.२.५० (९.५) करोड र समपूरक अनुदान रु.३.२८ करोड (२.५) प्राप्त हुने अनुमान गरिएको छ ।

वैदेशिक अनुदान तर्फ करिव रु.३.७० करोड वित्तीय हस्तान्तरण हुने अनुमान छ । यस प्रकार संघ र प्रदेश वाट समष्टिगत रुपमा गाउँपालिकाको आवधिक योजना अवधिमा वैदेशिक स्रोत समेत गरी कूल रु.१८०.६२ करोड (९५) प्रतिशत रकम धार्चे गाउँपालिकाको संचित कोषमा जम्मा हुने अनुमान छ ।

गाउँपालिकाको आन्तरिक राजस्व वाट रु.२.९८ करोड, स्थानीय संचित कोष अन्तर्गत आयोजना विशेष प्राप्त हुने अनुमानित अन्य रकम रु.२ करोड तथा अघिल्लो आर्थिक वर्ष वाट जिम्मेवारी सरेको नगद मौज्दात रु.४.७५ करोड गरी करिव रु.९.७३ करोड आन्तरिक रुपमा (५५) प्राप्त हुने अनुमान गरिएको छ । समष्टिगत रुपमा विभिन्न स्रोतहरू वाट गरी आवधिक योजनामा कूल रु.१८९.६९ करोड धार्चे गाउँपालिकाको सञ्चित कोषमा जम्मा हुने अनुमान छ ।

यसै गरी गाउँपालिकाको सञ्चित कोषमा प्राप्त हुने वाहेक संघ र प्रदेश दुवै तह वाट गाउँपालिकाको संघ र प्रदेशको प्रत्यायोजित कार्यक्रम अन्तर्गत क्षेत्रगत आधारमा आवधिक योजना अवधिमा कूल रु.३१.०२ करोड प्राप्त हुने अनुमान गरिएको छ। माथि उल्लेख भए अनुसार सार्वजनिक स्रोत अन्तर्गत गाउँपालिकाको सञ्चित कोषमा प्राप्त हुने रु.१८९.६९ करोड र संघ तथा प्रदेश वाट प्रत्यायोजित कार्यक्रम अन्तर्गत प्राप्त हुने ३१.०२ करोड गरी कूल रु.२२०.७१ करोड प्राप्त हुने प्रक्षेपण गरिएको छ

## तालिका–३
## धार्चे गाउँपालिका, गोरखा
## गाउँपालिकामा आय प्राप्ति तथा वजेट खर्च व्यहोर्ने स्रोतहरू

**रु.लाखमा**

| क सं | विवरण | २०७५/७६ को स्वीकृत अनुमान (आधार वर्ष) | २०७६/७७ प्रक्षेपण | २०७७/७८ प्रक्षेपण | २०७८/७९ प्रक्षेपण | २०७९/८० प्रक्षेपण | २०८०/८१ प्रक्षेपण | आवधिक योजनको जम्मा (२०७६/७७–२०८०/८१) | औषत बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | संघीय सरकारको अनुदान | **२०,५४** | **२६,१०** | **२८,७८** | **३१,६७** | **३४,८९** | **३८,४५** | **१,५९,८९** | **१०%** |
| १.१ | वित्तीय समानीकरण अनुदान | ८,४१ | ८,९४ | ९,३९ | ९,८६ | १०,३५ | १०,८७ | ४९,४१ | ५% |
| १.२ | सशर्त अनुदान | ६,१६ | ९,३१ | १०,२४ | ११,२६ | १२,३९ | १३,६३ | ५६,८३ | १० % |
| १.३ | राजस्व वाँडफाँटको रकम | ५,९७ | ७,१० | ८,२० | ९,४० | १०,८० | १२,४० | ४७,९० | १५ % |
| १.४ | विशेष अनुदान | – | ३५ | ४५ | ५५ | ६५ | ७५ | २,७५ | १४ % |
| १.५ | समपूरक अनुदान | – | ४० | ५० | ६० | ७० | ८० | ३,०० | १५% |
| **२** | प्रदेश सरकारको अनुदान | **१,२९** | **२,३२** | **२,८८** | **३,२९** | **३,७२** | **४,१६** | **१६,३७** | **२६ %** |
| २.१ | समानीकरण अनुदान | १,१२ | १,२१ | १,३३ | १,४६ | १,६१ | १,७७ | ७,३८ | १० % |
| २.२ | सशर्त अनुदान | – | – | ३० | ४० | ५० | ६० | १,८० | १९ % |
| २.३ | राजस्व वाँडफाँडको रकम | १७ | २३ | २५ | २८ | ३१ | ३४ | १,४१ | १० % |
| २.४ | विशेष अनुदान | – | ३० | ४० | ५० | ६० | ७० | २,५० | १९% |
| २.५ | समपूरक अनुदान | – | ५८ | ६० | ६५ | ७० | ७५ | ३,२८ | ७% |
| ३ | वैदेशिक अनुदान | – | ५० | ६० | ७२ | ८६ | १,०२ | ३,७० | २०% |
| ४ | वैदेशिक ऋण | – | – | – | – | – | – | – | – |
| ५ | आन्तरिक राजस्व | १५ | ४० | ४८ | ५८ | ६९ | ८३ | २,९८ | २०% |
| ६ | अन्य आन्तरिक आय | ६२ | ९५ | १,१५ | १,३५ | १,५५ | १,७५ | ६,७५ | २४% |
| ६.१ | स्थानीय संचित कोष अर्न्तगत आयोजना विशेष प्राप्त हुने अन्य रकमहरू | १५ | २० | ३० | ४० | ५० | ६० | २,०० | २०% |
| ६.२ | मौज्दात अ.ल्या तथा हस्तान्तरण | ४७ | ७५ | ८५ | ९५ | १,०५ | १,१५ | ४,७५ | १५% |
| ७ | कूल स्रोत (स्थानीय संचित कोष अर्न्तगत गाउँपालिकाको जम्मा प्राप्ति) | २२,६० | ३०,२७ | ३३,८९ | ३७,६१ | ४१,७१ | ४६,२१ | १,८९,६९ | १६% |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | संघद्धारा प्रत्यायोजित कार्यक्रमहरू | ३,७४ | ४,३१ | ४,८१ | ५,३८ | ५,९५ | ६,५७ | २७,०२ | १२ % |
| ८.१ | सामाजिक सुरक्षा कार्यक्रम खर्च | ३१९ | ३,५१ | ३,८६ | ४,२८ | ४,७० | ५,१७ | २१,५२ | १० % |
| ८.२ | संघीय निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका रकमहरू | ५५ | ६० | ६५ | ७० | ७५ | ८० | ३,५० | ८ % |
| ८.३ | संघ द्वारा प्रत्यायोजित अन्य कार्यक्रमहरू | – | २० | ३० | ४० | ५० | ६० | २,०० | २६ % |
| ९ | प्रदेशद्धारा प्रत्यायोजित कार्यक्रमहरू | – | ४० | ६० | ८० | १,०० | १,२० | ४,०० | २६ % |
| ९.१ | प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम | – | २५ | ३५ | ४५ | ५५ | ६५ | २,२५ | २२ % |
| ९.२ | प्रदेशद्धारा प्रत्यायोजित अन्य कार्यक्रमहरू | – | १५ | २५ | ३५ | ४५ | ५५ | १,७५ | ३२ % |
| १० | कूल जम्मा | २६,३४ | ३४,९८ | ३९,३० | ४३,७९ | ४८,६६ | ५३,९८ | २,२०,७१ | १४% |

### २.७.६ बहुपक्षीय स्रोतहरूको परिचालन

नेपालको संविधानद्धारा निर्दिष्ट गरिएको अर्थ, उद्योग र वाणिज्य सम्वन्धी नीति अन्तर्गत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने भनि उल्लेख गरिएको छ। यस परिप्रेक्ष्यमा धार्चे गाउँपालिकाको आवधिक योजनाको विकास रणनीति अन्तर्गत सार्वजनिक, निजी र सहकारी क्षेत्रका बीचमा सहकार्य एवं साझेदारीलाई बढावा दिइने छ। यसै गरी आवधिक योजनाद्धारा प्राथमिकीकरण गरिएका विकास कार्यक्रमहरूमा गैर सरकारी/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू सँग पनि नेपाल सरकारद्धारा निर्दिष्ट मापदण्ड भित्र रहेर सहकार्य गरिने छ। धार्चे गाउँपलिकाको आवधिक योजनामा सार्वजनिक क्षेत्र, सहकारी क्षेत्र, निजी क्षेत्र तथा र गैर सरकारी/अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरू वाट गरी निम्न बमोजिम कूल रु.३ अर्ब ७० करोड स्रोतहरूको परिचालन गरी विकास सम्वद्ध कार्यहरूमा लगानी गरिने अनुमान छ।

**(क) सार्वजनिक क्षेत्र वाट स्रोत परिचालन**

धार्चे गाउँपलिकाको विद्यमान स्थितिमा निजी तथा सहकारी क्षेत्र कमजोर रहेकोले यस गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासका लागि गाउँपालिकाले प्राप्त गर्ने सार्वजनिक स्रोतहरूलाई वढी भन्दा वढी परिचालन गर्दै गाउँपालिकाको अगुवाईमा निजी र सहकारी क्षेत्र संगको प्रवर्द्धनात्मक सहकार्यलाई प्रोत्साहित गरिनु पर्ने छ। गाउँपालिकाको सार्वजनिक स्रोतहरू अर्न्तगत सबै प्रकारका आन्तरिक स्रोतहरू करिव ५ प्रतिशत मात्र रहेकोले संघ र प्रदेश वाट हुने वित्तीय हस्तान्तरण माथि वढी निर्भर रहनु पर्ने अवश्य छ। तथापि आगामी दिनहरूमा अन्तर सरकारी वित्तीय हस्तान्तरण माथीको बढी निर्भरतालाई कम गर्न आन्तरिक राजस्वको अनुपातलाई क्रमिक रुपमा विस्तार गर्दै लाने तर्फ विशेष रुपमा पहल गरिनु पर्नेछ। आवधिक योजनाको अवधिमा गाउँपालिकाको संचित कोष मार्फत कूल रु.१९० करोड परिचालन हुने अनुमान छ।

सार्वजनिक स्रोत अर्न्तगत गाउँपालिकाको वजेट संरचना बाहिर संघ र प्रदेश तहबाट प्रत्यायोजित क्षेत्र गत कार्यक्रमको आधारमा उपलब्ध गराइने रकमहरूलाई पनि आवधिक योजनमा समेटियको छ। तर, यस प्रकार संघ र प्रदेश द्धारा प्रत्यायोजित कार्यक्रमहरूको प्राथमिकीकरण र बजेट विनियोजनमा गाउँपालिकाको कुनै भूमिका नरहने हुँदा गाउँपालिकाको कार्यक्रमहरूसँग दोहरोपन हुने र गाउँपालिकाको प्राथमिकीकरणमा नपरेका कार्यक्रमहरू प्रत्यायोजित हुन सक्ने सम्भावना रहन्छ। आवधिक योजनाको अवधिमा प्रत्यायोजित कार्यक्रमहरू कूल रु.३१ करोड

परिचालन हुने अनुमान गरिएको छ। माथि उल्लेख भए वमोजिम आवधिक योजनाको अवधिमा सार्वजनिक स्रोतहरू अन्तर्गत कूल रु.२२१ करोड परिचालन हुने प्रक्षेपण गरिएको छ।

**(ख) सहकारी क्षेत्रबाट स्रोत परिचालन**

नेपालको संविधान द्वारा निर्दिष्ट गरिएको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गत सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने भन्ने स्पष्ट उल्लेख गरिएको छ। धार्चे गाउँपालिकाको आर्थिक सामाजिक विकासमाा सहकारी क्षेत्र वाट उल्लेख्य योगदान पुग्न सक्ने सम्भावना देखिन्छ। यस गाउँपालिकामा दर्ता भएका १५ वटा सहकारी संस्थाहरू मध्ये हाल ७ वटा सहकारी संस्थाहरू मात्र सञ्चालनमा रहेका छन्। सञ्चालनमा रहेका सहकारी संस्थाहरू मध्ये धेरै वचत तथा ऋण सम्बन्धित भए वाट आर्थिक विकासमा सहकारी क्षेत्र वाट खासै योगदान रहेको छैन। धार्चे गाउँपालिका सदरमुकाम हुँदै धार्चे सम्म निर्माणाधिन सडक, सदरमुकाम सम्म भई रहेको केन्द्रीय प्रसारण लाइनको जडान कार्य, उत्तरी भेगमा पाइने कृषि तथा वन जन्य उपजहरू, उपलब्ध विभिन्न प्रकारका जडीवुट्टी, पर्यटन व्यवसायका अवसरहरू र उपभोक्ता सहकारी पसलका सम्भावनाहरूलाई विचार गर्दा आगामी दिनहरूमा यस गाउँपालिकामा सहकारी क्षेत्रमा उद्यमशीलताको विकास भई आर्थिक विकासमा उल्लेख्य योगदान पुग्ने अपेक्षा गरिएको छ। आवधिक योजनामा सहकारी क्षेत्रको विस्तार वाट आर्थिक तथा सामाजिक क्षेत्रहरूमा गरी करिव रु।७४० करोडको लगानी हुने अनुमान गरिएको छ।

**(ग) निजी क्षेत्र वाट स्रोत परिचालन**

नेपालको संविधानद्वारा निर्दिष्ट गरिएको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गत अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन र स्रोतको अधिकत्तम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने उल्लेख गरिएको छ। धार्चे गाउँपालिकाको सर्न्दभमा माथी,उल्लेख भए अनुसार धार्चे गाउँपालिका सदरमुकाम हुँदै लार्चे सम्म निर्माणाधीन सडक, सदरमुकाम सम्म भई रहेको केन्द्रीय प्रसारण लाइनको जडान कार्य, उत्तरी भेगमा पाइने कृषि तथा वन जन्य उपजहरू, उपलब्ध विभिन्न प्रकारका जडीवुट्टी, पर्यटन व्यवसायका अवसरहरूलाई उपयोग गर्दै सम्भाव्य उद्योग व्यवसायको विकास तथा विस्तार गरिनु पर्ने छ।

यस गाउँपालिकामा हाल लघु तथा घरेलु स्तरका उद्योगहरू १८ वटा मात्र रहेका छन। यस स्थितिमा सुधार गरी निजी क्षेत्र वाट गाउँपालिकाको आर्थिक विकासमा सघाउन आवधिक योजनामा स्थानीय कच्चा पदार्थहरूमा आधारित बढी मुल्य अभिवृद्धि हुने उत्पादनशील उद्योगहरूको सम्भाव्यता अध्यायन गरी विस्तार गरिने छन। औद्योगिक प्रवर्द्धनका लागि आवश्यक सीप, पुँजी तथा उद्यमशीलताको विकास गरिनेछ। स्थानीय कृषि तथा वन जन्य उपजहरूको संरक्षण गर्न शीत गृहको निर्माण गरिनेछ। यसै गरी गाउँपालिकाद्वारा निजी क्षेत्र मैत्री कर नीति अनुसरण गरी विभिन्न सुविधाहरू प्रदान गरिनेछन्। पर्यटनलाई उद्योग व्यवसायको रुपमा निजी क्षेत्रको लगानी तथा अगुवाईमा विस्तार तथा विकास गरिने छ। यस गाउँपालिका क्षेत्रमा निजी क्षेत्र वाट जल विद्युत आयोजनाहरू निर्माण तथा सञ्चालन गर्ने सम्भावनाहरू पनि रहेका छन। यसै गरी गाउँपालिकामा उपभोग्य वस्तुहरूको आपूर्तिलाई सहज तुल्याउन एवं स्थानीय उत्पादनको बजारीकरणमा सघाउन निजी क्षेत्रको लगानीमा वृद्धि गर्नमा सघाउ पुर्‍याइने छ। पर्यटन लगायत उद्योग व्यवसायमा निजी क्षेत्र वाट आवधिक योजनाको अवधिमा करिव रु.८७.६७ करोडको लगानी योगदान हुने अनुमान गरिएको छ।

**(घ) गैर सरकारी/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू वाट स्रोतहरूको परिचालन**

धार्चे गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा हाल विभिन्न गैर सरकारी/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू क्रियाशील रही आएका छन। स्थानीय तहमा कार्य गर्ने स्थानीय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाको कार्यक्रम गाउँपालिकाको वार्षिक कार्यक्रममा उल्लेख हुनु पर्ने हुन्छ। यस अनुसार आ।व २०७५/०७६ मा यस गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासका लागि करिव २० वटा विभिन्न गैर सरकारी तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरू वाट रु.१० करोड भन्दा बढी खर्च हुने अनुमान सहित कार्यक्रमहरू समाविष्ट छन। आवधिक योजनाको अवधिमा विभिन्न गैर सरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू वाट करिव रु.५४ करोडको लगानी हुने अनुमान गरिएको छ।

# परिच्छेद (३)
# आर्थिक विकास

आर्थिक विकास विना मानव विकास र समृद्धि हासिल हुन सक्दैन । यस क्षेत्र अन्तर्गत कृषि, पशु विकास, उद्योग वाणिज्य तथा आपूर्ति, पर्यटन, वैंक तथा वित्तीय क्षेत्र आदि उपक्षेत्रहरू पर्दछन । धार्चे गाउँपालिकाले आर्थिक क्षेत्रको "कृषि, उद्यम, पर्यटन लगायतका आर्थिक क्षेत्रको विकास भई नागरिकको आय र जीवनस्तरमा सुधार गर्नु" भन्ने उद्देश्य निर्धारण गरेको छ, साथै विषय उपक्षेत्रगत योजना तल उल्लेख गरिएको छ ।

## ३.१ कृषि तथा पशुपालन

### ३.१.१ पृष्ठभूमि

कृषि तथा पशुपालन धार्चे गाउँपालिकाका नागरिकको जीवनयापनको प्रमुख आधार हो । यस गाउँपालिकामा आलु, गहुँ, मकै, कोदो, जौ जस्ता खाद्यान्न बाली र भटमास, सिमी आदि दलहन बालीको उत्पादन प्रमुख रुपमा रहेको देखिन्छ । तरकारी र फलफूल तर्फ प्याज, खुर्सानी, बन्दा, लसुन, काँक्रो, गोलभेंडा, सुन्तला आदि प्रमुख रुपमा रहेका छन भने वन लसुन र यार्चा यहाँका उच्च मूल्ययुक्त जडीवुट्टी हुन ।

यहाँका ५७ प्रतिशत कृषकले मकै खेती गर्ने गरेको र गत वर्ष ४४४.१४ मे.टन उत्पादन र १२३ मे.टन विक्री भएको देखिन्छ । त्यस्तै १२३ मे.टन कोदो, ३९८ मे.टन आलु, गहुँ, जौ र भटमासको उत्पादन क्रमशः १४४, ६३ र ४० मे.टन उत्पादन भएको देखिन्छ भने धान उत्पादन १३ मेट्रिक टन भएको देखिन्छ । करिव एक प्रतिशत कृषक हरियो तरकारी उत्पादनमा संलग्न रहेका देखिन्छन ।

यहाँ करिव ४९ प्रतिशत कृषकहरू पशुपालनमा संलग्न छन, पशुपालक किसानहरू मध्ये २९ प्रतिशत गाई तथा भैंसी पलान, ३३ प्रतिशत कुखुरा पालन ८ प्रतिशत घोडा खच्चड, र २ प्रतिशत सुङ्गुर पालनमा आवद्ध छन । ३४ घर परिवार अर्थात ०.८ प्रतिशत घर परिवारले मौरी पालन गरेका छन । आम्दानीका हिसावले हेर्दा भेडा बाखा पालन वाट १.३५ करोड, घोडा खच्चड वाट १.२५ करोड, गाई, भैंसी वाट ७५ लाख, सुंगुर पालन वाट १०.७५ लाख र मौरीपालन वाट ३४ लाख आम्दानी भएको देखिन्छ ।

खाद्य सुरक्षाका हिसावले २२ प्रतिशत घर परिवारलाई मात्र आफ्नो उत्पादनले वार्षिक १० महिना भन्दा वढी खान पुग्ने, त्यस्तै ७ देखि ९ महिना सम्म खान पुग्ने १५ प्रतिशत ४ देखि ६ महिना सम्म खान पुग्ने ३५ प्रतिशत र ३ महिना भन्दा कम खान पुग्ने २८ प्रतिशत रहेको छ ।

### ३.१.२ प्रमुख समस्या

निर्वाह मुखी कृषि, खाद्य सुरक्षाको कमी, न्यून उत्पादकत्व, उच्च उत्पादकत्व भएका पशु पालन नहुनु, बढ्दो आयात मूखि संस्कृति, सिंचाइको कमी, जैविक मल, उन्नत वीउ र आधुनिक प्रविधिको अभाव, कृषि वजार र सूचनाको अभाव आदि प्रमुख समस्या रहेका छन ।

### ३.१.३ अवसर र चुनौती

**(क) अवसर**

आलु, गहुँ, जौ र भटमास लगायतका स्थानीय उत्पादनको विस्तार गरि मूल्य श्रृङ्खलामा आवद्ध गर्न सकिने, यार्सा गुम्वा, वन लसुन जस्ता उच्च मूल्य जडि वुट्टीको सम्भावना, चरण र घाँसे मैदानको भएकोले व्यवसायिक पशुपालनको अनुकूल्ता, सुन्तला, कागती, ओखर जस्ता फलफुल र तरकारीको व्यवसायिक खेतिको सम्भावना, सिंचाइका श्रोतहरूको उपलब्धता भएको र कृषि स्थानीय सरकारको अधिकार क्षेत्रमा हुनु, अधिकांश नागरिक र जन प्रतिनिधिहरूको चासोको विषय रहनु आदि प्रमुख अवसर हुन ।

**(ख) चुनौती**

व्यवसायिक तथा जैविक कृषि विकास गर्नु, उन्नत मल वीउ र प्रविधि ल्याउनु, कृषिलाई आकर्षक र सम्मानित पेशाको रुपमा विकास गर्नु, वाली विविधिकरण र सघनीकरण गर्नु, कृषि योगय जमिनमा सिंचाइको व्यवस्था गर्नु,

व्यवसायिक पशुपालन गर्नु, खाद्य व्यवहारमा सुधार गरी स्थानीय उत्पादनको उपभोग प्रवृत्ति बढाउनु, कृषिका पकेट क्षेत्रमा यातायात पहुँच पुर्‍याउनु आदि प्रमुख चुनौती हुन ।

### ३.१.४ उद्देश्य

**कृषि र पशुपालनमा आधुनिकीकरण गरी कृषकको जीवनस्तरमा सुधार गर्नु ।**

### ३.१.५ रणनीति

१. व्यवसायिक कृषि र पशुपालन व्यवसायको प्रवर्द्धन गर्ने,
२. कृषि तथा पशुजन्य उत्पादनलाई मूल्य श्रृङ्खलामा आवद्ध गर्ने,
३. स्थानीय विशिष्टिकृत उत्पादनको ब्राण्डिङ र बजारीकरण गर्ने ।

### ३.१.६ कार्यनीति

**रणनीति (१) व्यवसायिक कृषि र पशुपालन व्यवसायको प्रवर्द्धन गर्ने**

१. जैविक कृषि प्रणालीलाई प्रोत्साहित गरिनेछ ।
२. जैविक मल उत्पादन सम्बन्धी ज्ञान र प्रविधि हस्तान्तरण गरी उत्पादनलाई प्रोत्साहन गरिनेछ ।
३. उच्च नश्लका पशुपालनमा कृषकहरूलाई प्रोत्साहन गरिनेछ ।
४. उच्च भू-धरातलमा हुने भेडा, च्याङ्ग्रा, चौरी जस्ता पशुपालनका लागि चरन खर्कहरूको विकास गरिनेछ ।
५. व्यवसायिक रुपमा कृषि तथा पशुपालन गर्ने कृषकहरूलाई सहकारी सँग आवद्ध गरी वित्तीय पहुँच, उत्पादित सामग्रीको संकलन र भण्डारणमा सहयोग पुर्‍याइनेछ ।
६. कृषि प्रसार सेवालाई कृषकहरूको घर आँगन सम्म पुऱ्याइनेछ ।

**रणनीति (२) कृषि तथा पशुजन्य उत्पादनलाई मूल्य श्रृङ्खलामा आवद्ध गर्ने ।**

१. उच्च मूल्यका कृषि तथा पशुजन्य उत्पादन गर्न लाई प्रोत्साहित गरिनेछ ।
२. कृषि तथा पशु पंक्षीजन्य मूल्य श्रृङ्खला सम्बन्धी कृषकहरूलाई तालिम दिइनेछ ।
३. वन लसुन, यार्सा गुम्वा, पाँच औंले लगायत व्यवसायिक रूपमा खेतीको सम्भावना रहेका जडिवुट्टीहरूको व्यवसायिक उत्पादन, सङ्कलन र प्रारम्भिक प्रशोधनमा प्रोत्साहन गरिनेछ ।
४. उच्च मूल्य बाली उत्पादन गरी मूल्य श्रृङ्खलामा आवद्ध गर्न कृषकहरूलाई अनुसन्धान केन्द्र र शिक्षण संस्थाहरू सँग आवद्ध गराइनेछ ।
५. उत्पादित वेमौसमी तरकारी, फलफूल तथा अन्य उत्पादनहरू पर्यटकीय मार्गहरूमा पर्ने होटल तथा होमस्टेहरूमा बिक्री गर्न प्रोत्साहित गरिनेछ ।

**रणनीति (३) स्थानीय विशिष्टीकृत उत्पादनको ब्राण्डिङ र वजारीकरण गर्ने ।**

१. हावापानी र माटोको विविधता अनुकुलका स्थानीय उच्च मूल्यका प्रतिस्पर्धी उत्पादनहरूको विकास गरी बजारीकरण गरिनेछ ।
२. स्थानीय उत्पादनको प्रदर्शन र बजारीकरणको लागि हाट वजार प्रणालीलाई प्रोत्साहन गरिनेछ ।
३. स्थानीयता दर्शाउने विशिष्टीकृत उत्पादनको ब्राण्डिङ गरी वजारीकरण गरिनेछ ।
४. उत्पादनको लेवलिङ, ब्राण्डिङ र बजारीकरणमा कृषक समूह र सहकारी संस्थाहरूलाई सहयोग पुर्‍याइनेछ ।
५. एक गाउँ एक विशिष्टीकृत कृषि उत्पादनमा प्राथमिकता दिइनेछ ।
६. दुग्ध तथा मासुजन्य उत्पादन बढाई बजारीकरण गर्न प्रोत्साहित गरिनेछ ।

### ३.१.७ प्रमुख कार्यक्रम

(क) स्थानीय तह आफैले सम्पादन गर्ने ।
(१) उन्नत नश्ल पशु विकास कार्यक्रम
(२) जैविक खेती
(३) जैविक मल उत्पादन

(४) कृषि प्रसार सेवा
(५) कृषि उपज संकलन केन्द्र
(६) वेमौसमी खेति
(७) कृषक तालिम, भ्रमण
(८) उच्च मूल्य श्रृङ्खला अभिमुखीकरण
(९) व्यवसायिक मौरीपालन
(१०) चरण तथा खर्क संरक्षण तथा विकास
(११) प्रविधि हस्तान्तरण
(१२) कृषि तथा पशु वीमा
(१३) नमूना कृषि तथा पशु पकेट क्षेत्र विकास
(१४) नमूनाका लागि जैविक कृषि पकेट क्षेत्र विकास गर्न

**(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने ।**
(१) अनुसन्धान केन्द्र तथा शैक्षिक संस्थाहरूसँगको आवद्धता
(२) कृषक पाठशाला
(३) पकेट क्षेत्र विकास

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने ।**
(१) अनुसन्धान केन्द्र तथा शैक्षिक संस्थाहरूसँगको आवद्धता
(२) पकेट क्षेत्र विकास
(३) खर्क तथा चरन क्षेत्र विकास

### ३.१.८ अपेक्षित उपलब्धि

सात वटा कृषि पकेट क्षेत्रको विकास भएको हुने, बार्षिक खाद्यान्न उत्पादन १६७५ मे.टन, आलु उत्पादन ८०० मे.दलहन भटमासको उत्पादन ६० मे.टन पुगेको हुने, सात वटा स्थानीय उत्पादनको ब्राण्डिङ भएको हुने, ३ वटा कृषि उत्पादन संकलन केन्द्र निर्माण भएको हुने, कम्तीमा तीन वटा कृषि हाट बजार केन्द्र स्थापना भएको हुने, २ वटा दुग्ध चिस्यान केन्द्र स्थापना भएको हुने, ३ वटा सामुदायिक वनमा जडिवुट्टी खेती भएको हुने, १३ वटा कृषक सहकारी सस्था स्थापना भएको हुने र कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा रु.८७.५ करोड योगदान पुगेको हुनेछ ।

## ३.२ पर्यटन तथा संस्कृति

### ३.२.१ पृष्ठभूमि

पर्यटन र संस्कृतिको खुला संग्रहालय भन्ने पर्यटन ब्राण्ड रहेको धार्चे गाउँपालिकाको आर्थिक समृद्धिको महत्वपूर्ण आधारको रूपमा पर्यटन रहेको छ । मनास्लु संरक्षण क्षेत्र, लार्के पास, गणेश हिमाल, वौद्ध हिमाल, रूपीनाला जस्ता प्रसिद्ध स्थान र हिम श्रृङ्खला जाने पद मार्गको द्वार तथा भूकम्पको केन्द्र विन्दु सम्म पुग्ने प्रस्तावित पद मार्ग समेत यसै गा.पा. भित्र पर्दछ । यस पालिकामा १९ वटा गुफा, १६ वटा पोखरी, ११ वटा झर्ना, तातो पानीका कुण्डहरू लगायत रमणीय पर्यटकीय आकर्षण केन्द्रको रुपमा रहेका छन । यसै गरी सांस्कृतिक सम्पदाका रुपमा रहेका ३ वटा प्राचिन गुम्वा अनेकौं माने र ४९ चैत्य, दुई सांस्कृतिक संग्रहालय थप आकर्षणका केन्द्र रहेका छन । पुन निर्माणको प्रसिद्ध नमुना गाउँ लाप्राक यसै गाउँपालिकामा पर्दछ भने भूकम्पको केन्द्र विन्दु यसै भेकमा पर्दछ । यस गाउँपालिकामा साना ठुला गरी ७५ वटा होटल लज, १५ होमस्टे, २ पर्यटकीय पदमार्ग र पदमार्गका विभिन्न स्थानहरूमा विश्रामस्थल र क्याम्प साइटहरू रहेका छन ।

### ३.२.२ प्रमुख समस्या

पर्यटन सम्बन्धी स्थानीय नीतिगत तथा कानूनी व्यवस्थाको कमी, मोटर बाटोको पहुँच र विस्तार सँगै पद मार्गहरू लोप

हुँदै जानु, मापदण्ड अनुसारको सुरक्षित पद मार्ग नहुनु, पर्यटकीय स्तरका होटल र होमस्टेको कमी, तालिम प्राप्त पथ प्रदर्शक, भरिया, होटलकमीहरूको कमी, पर्यटकीय प्याकेजको कमी, प्रचार प्रसारको कमी, पर्यटन उद्यमशिलताको कमी आदि प्रमुख समस्याका रुपमा रहेका छन ।

### ३.२.३ अवसर र चुनौती

#### (क) अवसर

मनास्लु संरक्षण क्षेत्र, लार्के पास, गणेश हिमाल वौद्ध हिमाल जस्ता पदमार्गको द्वारमा रहनुका साथै यसै पालिका वाट २०७२ सालको भूकम्पको केन्द्र विन्दु सम्मको पर्यटकीय मार्गको निर्माणको सुरुवात हुनु, विभिन्न ताल, पोखरी, झर्ना, तातो पानीको कुण्डहरू, वौद्ध गुम्बा, माने, चैत्य, संग्रहालय, सांस्कृतिक विविधता, स्थानीय सरकारको पर्यटन विकासमा प्राथमिकता पर्नु, होटल र होमस्टे र आतिथ्य संस्कृतिको प्रवर्द्धनमा स्थानीय समुदयको वढ्दो रुचि आदि यस क्षेत्रका प्रमुख अवसर हुन ।

#### (ख) चुनौती

पर्यटकीय पदमार्गहरूको विकास र संरक्षण गर्नु, पर्यटकीय उपजहरूको विविधिकरण गर्नु, नयां गन्तव्यहरूको विकास गर्नु, पर्यटकीय पूर्वाधारको विकास गर्नु, धार्चेको पर्यटकीय विशिष्टता र विविधता वारे राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नु, स्थानीय संस्कृतिलाई पर्यटन विकास सँग आवद्ध गर्नु आदि प्रमुख चुनौतीको रुपमा रहेका छन ।

### ३.२.४ उद्देश्य

१.पर्यटकीय आय र रोजगारीमा वृद्धि गर्नु,

२.स्थानीय कला र सस्कृतिक विशिष्टताको संरक्षण र संवर्द्धन गर्नु,

### ३.२.५ रणनीति

१.पर्यटक संख्या, वसाई अवधि र खर्च गराईमा वृद्धि गर्ने,

२.मौलिक कला तथा सस्कृतिक पहिचानलाई संरक्षण गर्दै पर्यटन सँग आवद्ध गर्ने,

### ३.२.६ कार्यनीति

**रणनीति** १: पर्यटक संख्या, वसाई अवधि र खर्च गराईमा वृद्धि गर्ने ।

१. पर्यटकीय क्षेत्रहरूमा पूर्वाधारहरूको विकास र विस्तार गरिनेछ ।
२. पर्यटकीय उपजको विविधिकरण गरिनेछ ।
३. पर्यटकीय स्तरका होटल र होमस्टेको विकास र विस्तार गरिनेछ ।
४. पर्यटक गाइड, भरीया, कुक, वेटर आदिलाई कामको प्रकृति अनुसार तालिम दिइनेछ ।
५. पर्यटकको लागि सम्वद्ध संघ सस्थाहरू सँग समन्वय गरी आवश्यक सुरक्षाको व्यवस्था गरिनेछ ।
६. गाउँपालिकामा एउटा पर्यटकीय सूचना केन्द्र स्थापित गरिनेछ ।
७. पर्या पर्यटन, साहसिक पर्यटन, प्यारा ग्लाइडिङ तथा सांस्कृतिक, धार्मिक पर्यटनको विकास गरिनेछ ।
८. पर्यटन विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्न प्रोत्साहन मूलक कार्यक्रम संचालन गरिनेछ ।
९. पर्यटकीय पदमार्ग सँग जोडिने गाउँपालिकाका वीच पर्यटन विकास र लगानीमा समन्वय र साझेदारी गरिने छ ।
१०. धार्चेको पर्यटकीय चिनारीलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्न संघ, प्रदेश र पर्यटन वोर्ड सँग समन्वय गरिनेछ ।

**रणनीति** २: मौलिक कला तथा सस्कृतिक पहिचानलाई संरक्षण गर्दै पर्यटन सँग आवद्ध गर्ने ।

१. स्थानीय पहिचान दर्शाउने कला सस्कृतिको विकास गरी पर्यटन सँग आवद्ध गरिनेछ ।
२. स्थानीय विशिष्ट पहिचान झल्कीने खालका उत्पादनहरूको प्रवर्द्धन गर्दै आय आर्जनका लागि उपयुक्त स्थानहरूमा कोशेली घरको स्थापना गरिनेछ ।

३. लोक भाषा, संस्कृति, कला, धार्मिक सांस्कृतिक स्थल आदिको संरक्षण र प्रवर्धन गरिनेछ ।

४. स्थानीय वाटो घाटो एवं पर्यटकीय पदमार्ग, विश्राम स्थल, होटल तथा होमस्टे, सांस्कृतिक एवं धार्मिक स्थल, पार्कहरू आदिको पूर्ण सरसफाइ गरिनेछ ।

### ३.२.७ प्रमुख कार्यक्रम

**क. स्थानीय तह आफैंले गर्ने ।**

- सरसफाइ
- सूचनाकेन्द्र स्थापना
- प्रचार प्रसार
- पर्यटनका सस्थागत एवं भौतिक पूर्वाधार विकास
- पर्यटकीय उपज विविधिकरण
- पर्यटकीय सुरक्षा
- पर्या, धार्मिक, सांस्कृतिक पर्यटन प्रवर्धन

**(ख) प्रदेश सरकार सँग सहकार्यमा सम्पादन हुने ।**

- आवश्यक गाइड, कुक, वेटरलाई तालिम
- प्रचार प्रसार
- अन्तर स्थानीय तह समन्वय
- पर्यटकीय पूर्वाधारको विकास

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने ।**

- अन्तर्राष्ट्रिय तथा राष्टिय रुपमा प्रचार प्रसार
- नयाँ गन्तव्यहरूको खोजी पर्यटकीय प्रवेश अनुमति
- पर्यटकीय पूर्वाधारको विकास
- निजी क्षेत्र लगानी मैत्री नीति निर्माण

### ३.२.८ अपेक्षित उपलब्धि

पर्यटन आगमन १२००० पुगेको हुने, १८०० जनाले रोजगारी प्राप्त गरेको हुने, पर्यटकीय होटल र होमस्टेको संख्या १५० पुगेको हुने, २०० जनाले आतिथ्य व्यवस्थापन, होटल व्यवस्थापन, सुरक्षा जस्ता विषयमा तालिम लिइ पयर्टन तालिम प्राप्त गरी रोजगारीमा संलग्न गराइएको हुने, कम्तिमा सात ठाउंमा पर्यापर्यटन विकास भएको हुने, ४ वटा संग्रहालय र ३ वटा पर्यटन सूचना केन्द्र स्थापना भएको हुने, ४ वटा कोशेली घर स्थापना भएको हुने, सरसफाइ चुस्त दुरुस्त भएको हुने, नयां पदमार्गको निर्माण र भएकाको स्तरोन्नति भएको हुने, अन्तर सरकार र सम्वद्ध निकाय वीच प्रभावकारी समन्वय भएको हुन आदि ।

## ३.३ उद्योग, व्यापार, व्यवसाय

### ३.३.१ पृष्ठभूमि

कृषि, जडिवुटी र वन लगायत स्थानीय कच्चा पदार्थमा आधारित उद्योग, व्यवसायको विकास गरी आय र रोजगारीका सम्भावनाहरू उजागर गर्न सकिन्छ । उद्योग को स्थिति हेर्दा यस पालिकामा जम्मा ४४ ओटा लघु एवं घरेलु उद्योग रहेका छन । उत्पादनको आधारमा हेर्दा खाद्यान्न (५), फर्निचर (५) र फलामे घरेलु उद्योग (५) रहेका छन, यस हिसावले उत्पादनशील उद्योगको संख्या नगन्य रहेको छ ।

केन्द्रीय तथ्याङ्क विभागको २०७५ को आर्थिक गणना अनुसार यहाँ करिब ५३४ वटा आर्थिक प्रतिष्ठानहरू रहेका छन । यी आर्थिक प्रतिष्ठानहरूमा जम्मा ९७५ जनाले रोजगारी पाएका छन जस मध्ये ४९८ जना पुरुष र ४७७ जना महिलाहरू रहेका छन । यहाँका आर्थिक प्रतिष्ठानहरूमा अधिकांश सेवा क्षेत्रका रहेका छन । कुल गार्हस्थ्य उत्पादनमा उद्योग, व्यापार व्यवसायको योगदान १५.४४ प्रतिशत रहेको छ ।

### ३.३.२ प्रमुख समस्या

गाउँपालिकामा उद्योग र उद्यमशिलताको कमी, औद्योगिक पूर्वाधारको कमी, औद्योगिक ग्राम स्थापना नहुनु, जनशक्तिको कमी, व्यवसायिक दक्षताको अभाव, वाह्य वजार सँग पहुँचको अभाव, उद्योगको लागि आवश्यक विद्युतको अभाव, वित्तीय पहुँचको कमी दुर्लभ र महत्वपूर्ण जडिवुटीहरूको अव्यवस्थित संङ्कलन र प्रशोधन विना निकासी हुनु, यथोचित तथ्याङ्कको अभाव आदि प्रमुख समस्या रहेका छन ।

### ३.३.३ अवसर र चुनौती

**(क) अवसर**

केन्द्रीय सडक सञ्जाल सँग जोडिने क्रममा रहेको, लघु तथा घरेलु उद्योग दर्ता र नियमनको अधिकार स्थानीय तहमा रहनु, कृषि, वन र जडीवुट्टीजन्य उद्योगको सम्भावना रहनु, स्थानीय नागरिकहरूमा व्यवसायिक लगानी प्रतिको आकर्षण, उद्योग, ऊर्जा, पर्यटन आदि क्षेत्रमा वाह्य लगानीको संभावना रहनु, एक स्थानीय तह एक वाणिज्य वैंकको नीति रहनु, विद्युतको राष्ट्रिय प्रसारण सबै स्थानीय तहमा पुर्याउने राष्ट्रिय नीति रहनु, गाउँपालिकाको प्राथमिकतामा पर्नु, एक गाउँपालिका एक औद्योगिक ग्रामको केन्द्रीय नीति रहनु, वैदेशिक रोजगार वाट फर्किएका सीपयुक्त युवाको विप्रेषण आय, सीप र उद्यमशिलताको प्रयोग गर्न सकिने सम्भावना रहनु, व्यापार व्यवसायको वृद्धि गर्नु, आदि प्रमुख अवसर हुन ।

**(ख) चुनौती**

पूर्वाधार निर्माण गरी औद्योगिक वातावरण सृजना गर्नु, उद्यमशिलता विकास गर्नु, औद्योगिक जनशक्ति उत्पादन गर्नु, कृषि, पशु विकास र जडीवुट्टीको व्यवसायिक उत्पादन गर्नु, औद्योगिक ग्रामको निर्माण गर्नु, सडक, विद्युत आदि भौतिक पूर्वाधारको पहुँच वृद्धि गर्नु, वित्तीय पहुँच अभिवृद्धि गर्नु, बाह्य लगानी वातावरणको निर्माण गर्नु, प्रतिस्पर्धात्मक क्षमताको पहिचान र विकास गर्नु, युवा जनशक्तिलाई ऊद्यमशीलता तर्फ आकर्षित गराउनु, व्यापार व्यवसायको आकार सानो हुनु, आदि प्रमुख चुनौती हुन ।

### ३.३.४ उद्देश्य

**उद्योग, व्यापार र व्यवसाय विकास गरी आय र रोजगारी वृद्धि गर्नु ।**

### ३.३.५ रणनीति

(१) उद्यमशीलताको प्रवर्धन गरी लघू तथा घरेलु उद्योगको विकास तथा विस्तार गर्ने,

(२) व्यापार व्यवसायको विकास र विस्तार गर्ने ।

### ३.३.६ कार्यनीति

**रणनीति** १: उद्यमशीलताको प्रवर्धन गरी लघु तथा घरेलु उद्योगको विकास तथा विस्तार गर्ने,

(१) गाउँपालिकाभित्र लघु र घरेलु उद्योग व्यवसाय स्थापनालाई प्रोत्साहन गर्न नीतिगत एवं कानूनी व्यवस्था गरिनेछ ।

(२) स्थानीय स्तरमा लगानी वातावरण निर्माण गर्नका साथै सार्वजनिक निजी साझेदारीलाई प्रेत्साहित गरिनेछ ।

(३) स्थानीयस्तरमा उद्यमशिलता विकासका लागि उपयुक्त व्यक्तिहरूको छनौट गरी सीप विकास एवं उद्यमशिलता तालिम प्रदान गरी आय र रोजगारी सँग आवद्ध गराइनेछ ।

(४) औद्योगिक ग्राम लगायतका औद्योगिक पूर्वाधारको विकास गरिनेछ ।

(५) वैदेशिक रोजगार बाट फर्किएका युवाहरूलाई उद्योग व्यवसाय सञ्चालन गर्न वित्तीय पहुँच लगायत अन्य सहुलियत प्रदान गरिनेछ ।

(६) तालिम प्राप्त जनशक्तिलाई स्किम धितोका आधारमा समूह जमानीमा वित्तीय सस्था वाट कर्जा उपलब्ध गराउन सहजिकरण गरिनेछ ।

(७) स्थानीय सीप र कच्चा पदार्थमा आधारित श्रममूलक उद्योगलाई प्रोत्साहन गरिनेछ ।

(८) परम्परागत रुपमा चलिरहेका स्थानीय पहिचान जन्य उद्योगहरूलाई नयाँ प्रविधि सँग आवद्ध गरी व्यवसायिक्ता अभिवृद्धि गरिनेछ ।

(९) महिला उद्यमीहरूद्वारा संचालित उद्यमलाई विशेष प्राथमिकता र प्रोत्साहन दिइनेछ ।
(१०) स्थानीय कच्चा पदार्थमा आधारित लेकाली आलु, जडिबुटी आदिलाई स्थानीय तहमा नै प्रशोधन, लेवलिङ, ब्राण्डिङ तथा प्याकेजिङ गरी बिक्री वितरण गर्न प्रोत्साहित गरिनेछ ।

**रणनीति** २: व्यापार व्यवसायको विकास र विस्तार गर्ने ।

(१) सबै व्यापार व्यवसायको तथ्यांक संकलन गरी वार्षिक रुपमा अद्यावधिक गरिनेछ ।
(२) स्थानीय उत्पादनलाई आन्तरिक वजार सम्म पहुँच बढाउन सबै वडामा नियमित हाट वजारको व्यवस्था गरिनेछ ।
(३) मूल्यलाई व्यवस्थित गर्न मूल्य सूची राख्ने र नियमित अनुगमन र नियमन गरिनेछ ।
(४) अत्यावश्क वस्तुहरुको निर्वाध आपूर्तिको सुनिश्चितता गर्दै कृतिम अभाव, कालो वजारी जस्ता अनियमितता नियन्त्रण गरिनेछ ।
(५) खाद्य सुरक्षा र पोषणको प्रत्याभूति गराउन सहकारी तथा निजी क्षेत्र मार्फत स्थानीय उत्पादनलाई वढावादिंदै नियमित आपूर्तिको व्यवस्था गरिनेछ । पोषण सुरक्षाका लागि खाद्य व्यवहारमा परिवरतन गरी स्थानीय पोषण युक्त खाद्य पदार्थको उपयोगलाई प्रोत्साहित गरिनेछ ।
(६) सबै खालका व्यापार व्यवसायलाई करको दायरामा समेटिने छ ।

### ३.३.७ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले सम्पादन गर्ने**

- नीति एवं कानून तर्जुमा
- उद्यमशीलता तथा सीप तथा क्षमता विकास
- औद्योगिक पूर्वाधारको विकास
- परम्परागत उद्योगको आधुनिकीकरण र प्रवर्द्धन
- महिला उद्यम विकास
- स्थानीय पहिचान उत्पादनहरूको प्रशोधन, लेवलिङ, ब्राण्डिङ तथा प्याकेजिङ
- हाट वजारको व्यवस्था
- वजार अनुगमन

**(ख) प्रदेश सरकार सँग सहकार्यमा सम्पादन हुने**

- औद्योगिक पूर्वाधारको विकास ।
- वजार प्रवर्द्धन

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने ।**

- औद्योगिक ग्राम स्थापना
- लगानी आकर्षण

### ३.३.८ अपेक्षित उपलब्धि

१०० वटा लघु तथा घरेलु उद्योग स्थापना, आर्थिक प्रतिष्ठानको कुल संख्या ७२५ र व्यापार व्यवसाय समेतमा गरी १५०० जनाले रोजगारी प्राप्त गरेको हुने, औद्योगिक ग्राम स्थापना भएको हुने, १०० जनाले उद्यम विकास तालिम लिएको हुने, सीपमूलक तालिम ५०० जनाले प्राप्त गरेको हुने वजारमा दैनिक उपभोग्य वस्तुको नियमित प्रवाह भएको र कालोवजारी शुन्य भएको हुनेछ ।

## ३.४ सहकारी तथा वित्तीय सेवा

### ३.४.१ पृष्ठभूमि

यस गाउँपालिकामा विद्यमान आर्थिक अवसरहरूलाई उपयोग गर्नका लागि सहकारी क्षेत्रले महत्वपूर्ण भूमिका हुन सक्दछ । यस गाउपालिकामा १५ वटा सहकारी संस्थाहरू दर्ता भएकोमा ७ वटा मात्र सञ्चालनमा रहेका छन । ती मध्ये धेरै जसो बचत तथा ऋण सहकारी संस्थाहरू छन ।

यसैगरी धार्चे गाउँपालिकामा १ वाणिज्य वैङ्क र २ वटा वित्तीय संस्था रहेका छ । गाउँपालिकाको सदरमुकाम माछी खोलामा सिभिल वैंकको शाखा स्थापना गरिए ता पनि इन्टरनेटको समस्याले वैंकिङ्ग सेवा सुचारु हुन सकेको छैन ।

### ३.४.२ प्रमुख समस्या

सहकारी सम्बन्धी ज्ञानको कमि हुनु, सहकारी क्षेत्रको सार्वजनिक क्षेत्र र निजी क्षेत्र सँग सहकार्य नहुनु, सहकारी संस्था सञ्चालनका लागि आवश्यक पर्ने उद्यमशीलताको कमी हुनु, सहकारी क्षेत्र अन्तर्गत आय आर्जन तथा रोजगारीका अवसरहरू वारे सम्भाव्यता तथा अध्ययन विश्लेषण नहुनु, वित्तीय सेवाका निमित्त आवश्य इन्टरनेट सुविधाको कमी, सञ्चालनमा रहेका वचत तथा ऋण लगायतका सहकारी संस्थाहरूको कारोवार क्षमता सीमित हुनु, आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन ।

### ३.४.३ अवसर र चुनौती

**(क) अवसर**

सहकारी क्षेत्र स्थानीय सरकारको कार्य क्षेत्रमा पर्नु, गाउँपालिकाले सहकारी क्षेत्रलाई प्राथमिकता दिनु, गाउँपालिकामा सहकारी खेती तथा सिंचाइका लागि शसर्त अनुदान उपलब्ध हुनु, संघीय सरकार वाट गाउँपालिकामा कोल्ड स्टोरेज स्थापनाका लागि आ.व. २०७६/०७७ मा रु.१ करोड शसर्त अनुदान उपलब्ध हुनु, सहकारी क्षेत्रमा उद्यमशीलता विकासका लागि संघ र प्रदेश स्तरका निकायहरू वाट सहयोग उपलब्ध हुनु, वैंङ्क र वित्तीय संस्थाको उपस्थिति रहनु, वचत तथा ऋण लगायतका वैंकिङ्ग सेवाको मागमा विस्तार हुनु आदि सहकारी क्षेत्रका अवसरहरू रहेका छन ।

**(ख) चुनौती**

सहकारी संस्थाहरूलाई उत्पादनशील क्षेत्रमा लगानी प्रवर्द्धन गर्नु, वैंकिङ्ग तथा वित्तीय सेवा विस्तार गर्नु, सहकारीको प्रतिस्पर्धात्मक क्षमता बढाउनु, सहकारी शिक्षा प्रदान गर्नु र सहकारी क्षेत्रले सार्वजनिक क्षेत्र र निजी क्षेत्रसँग सहकार्य बढाउनु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन ।

### ३.४.४ उद्देश्य

(१) सहकारी क्षेत्रलाई सवल, प्रतिस्पर्धात्मक एवं व्यवसायिक तुल्याउनु ।

(२) वित्तीय तथा बैंकिङ्ग सेवाको पहुँच बढाउनु ।

### ३.४.५ रणनीति

(१) सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा क्रियाशिल तुल्याउने ।

(२) सहकारी तथा वित्तीय क्षेत्रमा सुशासन कायम गर्ने ।

(३) गाउँपालिकामा वित्तीय तथा वैंकिङ्ग सेवाको विस्तार गर्ने ।

### ३.४.६ कार्यनीति

**रणनीतिः** १ सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा क्रियाशील तुल्याउने ।

(१) सहकारी क्षेत्र अन्तर्गत सम्भाव्य उत्पादन क्षेत्र तथा उपक्षेत्र र सेवा क्षेत्रको पहिचान गरि सहकारीको लगानी परिचालन गरिने छ ।

(२) सहकारी खेती तथा सहकारी सिंचाइलाई प्रवर्द्धन गरिने छ ।

(३) उत्पादन तथा सेवालाई बजारीकरण गर्न सहकारी संस्थाहरूको क्षमता विकास गरिनेछ ।

(४) सहकारी क्षेत्रमा आवश्यक सीप तथा उद्यमशीलताको विकास गरी आय आर्जन तथा रोजगारीका अवसरहरूमा विस्तार गरिनेछ ।

(५) सहकारी लगानीलाई बढी मूल्य अभिवृद्धि (Value Chain) हुने आर्थिक क्रियाकलापहरू तर्फ क्रियाशील तुल्याइने छ ।

(६) विद्यमान आर्थिक अवसरहरूको विस्तार गर्न सहकारी क्षेत्र, सार्वजनिक क्षेत्र र निजी क्षेत्र वीचको साझेदारी विकास गरिनेछ ।

**रणनीतिः** २ सहकारी तथा वित्तीय क्षेत्रमा सुशासन कायम गर्ने ।

(१) सहकारी सम्बन्धी नीति कानून, कार्यविधि तथा मापदण्डहरूको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(२) सहकारी शिक्षा तथा अभिमुखीकरण द्वारा गाउँबासीमा सहकारीको आधारभूत सिद्धान्त र मूल्य बारे जागरण गरिनेछ ।

(३) सहकारी सम्बन्धी जागरणका लागि जानकारी पुस्तिकाहरू प्रकाशन, वितरण तथा स्थानीय एफ.एम.रेडियो सेवा द्धारा प्रसार गरिनेछ ।

(४) सहकारी क्षेत्रको समग्र विकासका निमित संस्थागत क्षमताको विकास गरिनेछ ।

(५) सहकारी संस्थाहरूको सु-सञ्चालनमा सघाउन गाउँपालिका द्धारा नियमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी तुल्याइने छ ।

**रणनीतिः** ३ गाउँपालिकामा वित्तीय तथा वैंकिङ्ग सेवाको विस्तार गर्ने ।

(१) गाउँपालिकाको केन्द्र र अन्य बजार क्षेत्रहरूमा वित्तीय तथा बैंकिङ्ग संस्थाहरू स्थापना तथा विस्तार गरिनेछ ।

(२) वचत तथा ऋण सहकारी संस्था र वित्तीय तथा वैंकिङ्ग संस्थाहरूका वीचमा स्वस्थ प्रतिस्पर्धामा सहजीकरण गरिनेछ ।

(३) वचत तथा ऋण सहकारी संस्था र वित्तीय तथा बैंकिङ्ग संस्थाहरू वाट सेवाग्राहीहरूलाई दिइने वित्तीय सेवाको पहुच तथा व्याजदरलाई मनासिव तुल्याउन गाउँपालिका द्वारा पहल गरिनेछ ।

(४) उद्योग तथा व्यवसायमा हुने कर्जा लगानीलाई सुरक्षण गर्न आवश्यक समन्वय गरिनेछ ।

(५) उद्योग व्यवसाय, कृषि, पशुपालन आदि व्यवसायिक क्षेत्रमा वीमाको व्यवस्था मिलाइनेछ ।

### ३.४.७ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले सम्पादन गर्ने**

- ऋण तथा बचत सहकारी,
- उपभेक्ता सहकारी,
- वहुउद्देश्यीय सहकारीको स्थापना,
- महिला सहकारी,
- सहकारी शिक्षा,
- अनुगमन तथा सुपरीवेक्षण,
- उत्पादन सहकारी,
- तालीम तथा क्षमता विकास ।

**(ख) प्रदेश सरकार सँग सहकार्यमा सम्पादन हुने ।**

- वहुउद्देश्यीय सहकारीको क्षमता विकास,
- अनुगमन तथा नियमन

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुने**

- ऋण तथा वित्तीय सहयोग

### ३.४.८ अपेक्षित उपलब्धि

घर परिवारमा कम्तिका एक सदस्यको वैङ्क वा वित्तीय संस्थामा खाता भएको परिवार ७५ प्रतिशत पुगेको हुने, वैङ्क तथा वित्तीय संस्थाको संख्या ५ वटा पुगेको हुने, सहकारीको लगानी ७५ प्रतिशत उत्पादनशील क्षेत्रमा भएको हुनेछ ।

# परिच्छद (४)
# सामाजिक क्षेत्र

**यस अन्तर्गत देहायका विषय समावेश गरिएका छन:**

(क) शिक्षा

(ख) स्वास्थ्य र पोषण

(ग) युवा तथा खेलकुद

(घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास)

(ङ) खाने पानी तथा सरसफाई

## ४.१ शिक्षा

### ४.१.१ पृष्ठभूमि

शिक्षा नै मानव संशाधन विकासको आधार स्तम्भ हो । संविधानले शिक्षा सम्बन्धी हकको व्यवस्था गरी आधारभूत शिक्षालाई निशुल्क र अनिवार्य तथा माध्यमिक शिक्षालाई निशुल्क हुने व्यवस्था गरी स्थानीय तहको एकल अधिकार क्षेत्रमा समावेश गरेको छ। यस गाउँपालिकाको साक्षरता दर करिव ७१% (१५ वर्षभन्दा माथिको उमेर समूहको) रहेको छ, जसमा महिला ६३५ र पुरुष साक्षरता ७७५ देखिन्छ। वडागत रुपमा हेर्दा सबै भन्दा बढी वडा नं ५ मा ८४५ र कम वडा नं ३ मा ५४५ साक्षरता रहेको छ। यस गाउँपालिकामा सामुदायिक विद्यालय २६ र निजी विद्यालय एक गरी कुल २७ बिद्यालय रहेका छन । विद्यार्थीको कुल सङ्ख्या ४०७४ रहेको छ जस मध्ये ३९१९ (९७ %) सरकारी विद्यालयमा र १५५ जना (३%) निजी विद्यालयमा अध्ययनरत छन । विद्यार्थीको लैंगिक अनुपात हेर्दा ५१% छात्रा र ४९% छात्र रहेको देखिन्छ। शिक्षक विद्यार्थी को अनुपात हेर्दा प्राथमिकमा प्रति शिक्षक १५ र माध्यमिक तहमा प्रति शिक्षक ३४ विद्यार्थी रहेको छ। विद्यार्थी भर्ना दर हेर्दा आधारभुत तहमा ९८५, माध्यमिकमा ७३५ र उच्च माद्यमिक तहमा ३६५ रहेको छ। विद्यालय छोड्ने अनुपात कक्षा ६ देखि ८ सम्म करिव ३५ र माध्यमिक तहमा २५ रहेको पाइन्छ।

### ४.१.२ प्रमुख समस्या

विद्यालयका भौतीक पूर्वाधार कमजोर हुनु, अपाङ्ग मैत्री पूर्वाधार नहुनु, गुणस्तरीय शिक्षामा पहुँचमा कमी, प्राविधिक विद्यालय नहुनु, लक्षित समुहका वालवालिकाको विशेष शिक्षामा पहुँचको कमी, विद्यालयमा शैक्षिक सामग्रीको कमी, वाल विकास केन्द्र व्यबस्थीत नहुनु, शिक्षकहरूमा पेशागत दक्षतामा कमी हुनु, गणित, विज्ञान तथा अंग्रेजी शिक्षकको कमी, शिक्षक तालिमको कमी, शिक्षकहरूको स्थायीत्व (फेरवदल भई रहने) नहुनु, मातृ भाषामा शिक्षा नहुनु, छात्रा एवं शारीरिक अपाङ्गता मैत्री शौचालय न्यून हुनु यस क्षेत्रका प्रमुख समस्याको रुपमा रहेका छन ।

### ४.१.३ अवसर र चुनौती

**(क) अवसर**

आधारभूत शिक्षा मौलिक हकको रुपमा स्थापित हुनु, शिक्षा तीनै तहको सरकारको प्राथमिकतामा पर्नु, माध्यमिक शिक्षा सम्मको नीति योजना बनाउने अधिकार स्थानीय तहमा हुनु, स्थानीय सरकारद्वारा शिक्षामा लगानी वृद्धि, सबै स्थानीय तहमा एक प्राविधिक विद्यालय स्थापना गर्ने सरकारी नीति हुनु, क्षतिग्रस्त विद्यालय भवनहरू पुनर्निर्माण हुँदै जानु, शिक्षा प्रतिको जन अभिरुचि बढ्दै जानु आदि यस क्षेत्रका अवसर हुन ।

**(ख) चुनौती**

समावेशी र गुणस्तरिय शिक्षाको पहुँचको सुनिश्चितता, कक्षा छाड्ने र दोहोर्याउने दर घटाउनु, प्राविधिक शिक्षा र विशेष शिक्षाको पहुँच बढाउनु, शैक्षिक पूर्वाधार को विकास, शिक्षण र सिकाई दरमा सुधार गर्नु, विषयगत

शिक्षकलाई र पुर्नताजगी तालिम प्रदान गर्नु, गुणस्तरीय र प्रतिस्पर्धात्मक शिक्षाको उपलब्धता बढाउनु, दरबन्दी अनुशासार शिक्षक पदपूर्ति गर्नु, स्थानीय स्तरमा नै गुणस्तरीय शिक्षाको अवसर बढाउनु, आदि यस क्षत्रेका प्रमुख समस्या हुन्छ ।

**उद्देश्य**

**गुणस्तरीय शिक्षामा समतामूलक पहुँच स्थापित गर्नु ।**

**४.१.५ रणनीति**

(१) आधारभूत सुविधा सहितको शैक्षिक पूर्वाधारको विकास गर्ने ।
(२) शिक्षामा समतामूलक पहुँच स्थापित गर्ने ।
(३) शिक्षण सिकाई दर बढाउने ।
(४) प्राविधिक तथा व्यवसायिक शिक्षाको विकास र विस्तार गर्ने ।
(५) अनौपचारिक शिक्षा तथा जीवनोपयोगी शिक्षाको विस्तार गर्ने ।

**४.१.६ कार्यनीति**

**रणनीति** १: आधारभूत सुविधा सहितको शैक्षिक पूर्वाधारको विकास गर्ने ।

- गाउँपालिकाको सामाजिक विकास समिति अन्तर्गत सरोकारवाला समेतको सहभागिता हुने गरी शिक्षा विकास उपसमिति गठन गरी शैक्षिक विकासमा कृयाशील गराइने छ ।
- विद्यालय शैक्षिक विकासका लागि व्यवस्थापन समितिको क्षमता विकास गरी शैक्षिक गूणस्तर वृद्धि गरिनेछ ।
- खेलकुद मैदान, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याव, पुस्तकालाय, पठनपाठन शैक्षिक सामग्री, महिला र अपाङ्गता मैत्री संरचना आदि जस्ता शैक्षिक पूर्वाधारको विकास गरिनेछ ।
- दरबन्दी अनुसार विषयगत शिक्षकहरूको पदपूर्ति गरिने छ ।
- सबै विद्यालयलाई वालमैत्री तथा अपाङ्गता मैत्री बनाइने छ ।
- विद्यालय शिक्षालाई सूचना प्रविधि सँग आवद्ध गरी विद्यालय शिक्षालाई प्रविधि मैत्री बनाइने छ ।
- मेघा विद्यालय स्थापना गरी गुणस्तरीय शिक्षाको अवसर विस्तार गरिने छ ।

**(२) शिक्षामा समतामूलक पहुँच स्थापित गर्ने ।**

- विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालय शिक्षामा आवद्ध गर्न आमा समूह, नागरिक समाज उन्मुख संघ संस्था, सामुदायिक संस्था, गैसस परिचालन गरिने छ ।
- अभिभावकमा शैक्षिक चेतना विस्तार कार्यक्रम सञ्चालन गरिने छ ।
- विपन्न, दलित तथा पिछडिएका जाति तथा समुदायका बालबालिकाहरूलाई विद्यालयमा आकर्षण, टिकाउ र सिकाईमा सहयोग पुग्ने गरी पोसाक, दिवा खाजा, छात्रबृत्ति, शैक्षिक सामाग्री लगायतका विशेष उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरिने छ ।
- स्थानीय पहिचान दर्शाउने पाठ्य सामग्रीको विकास गरि लागू गरिने छ ।
- वालिका शिक्षालाई प्रोत्साहित गर्न महिला मैत्री शौचालय, स्यानिटरी प्याडको उपलब्धता र व्यवस्थापनको समुचित व्यवस्था गरिने छ ।
- वाल विकास केन्द्रलाई औपचारिक शिक्षा प्रणालीमा आवद्ध गरिने छ ।
- गुम्वा शिक्षालाई सरकारी पाठ्यक्रम सहित औपचारिक शिक्षामा आवद्ध गरिने छ ।

**३. शिक्षण सिकाई दर बढाउने ।**

- शिक्षक तालिम र पुनर्ताजगी तालिम उपलब्ध गराइने छ ।
- शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग बढाइने छ ।
- विद्यालयमा सिकाई वातावरण अनुसार कक्षा कोठाको व्यवस्थापन मिलाउँदै लगिने छ ।
- शिक्षाको स्तर उन्नतीको लागि अंग्रेजी भाषालाई प्राथमिकतामा राखेर अध्यापन गराइने छ ।
- शिक्षण सिकाईका सहयोग पुग्ने अतिरिक्त कृयाकलाप र प्रयोगात्मक शिक्षालाई बढावा दिइने छ ।

- सिकाईको अभिवृद्धि गर्न शिक्षक उपस्थिति, शिक्षण शैली, सिकाई परीक्षाण, सिक्ने र सिकाउने वातावरण जस्ता पक्षहरूको नियमित अनुगमन तथा सुपरीवेक्षण गरिने छ।

**४. प्राविधिक तथा व्यवसायिक शिक्षाको विकास र विस्तार गर्ने।**

- स्थानीय आवश्यकतामा आधारित बहुप्राविधिक विद्यालयको ९इन्जिरियरिङ, वन, वन्यजन्तु, जडिवुट्टी तथा पर्यटन स्थापना गरिने छ।
- विद्यालय शिक्षामा जिवनोपयोगी व्यवहारिक ज्ञान सिकाउने शैक्षिक कार्यक्रमहरू आवद्ध गरिने छ।
- विद्यालय शिक्षा पुरा नगरेका किशोर किशोरीहरूलाई विद्यालय केन्द्रित व्यवसायिक शिक्षाका कार्यक्रम सञ्चालन गरिने छ।
- अनौपचारिक शिक्षा तथा जीवनोपयोगी शिक्षाको विस्तार गर्ने।
- विद्यालय केन्द्रीत अनौपचारिक शिक्षा अभियान सञ्चालन गरिने छ।
- डिजिटल साक्षरताको नीति अवलम्बन गरिने छ।
- अनौपचारिक शिक्षाको पाठ्यक्रमलाई जिवनोपयोगी बनाइने छ।
- साक्षरता कार्यक्रममा गैरसरकारी संस्थाहरूको परिचालन र समन्वय गरिने छ।

### ४.१.७ प्रमुख कार्यक्रम

**क) स्थानिय तह आफैले सम्पादन गर्ने।**

- शिक्षा उपसमिति र विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि,
- वालमैत्री, अपाङ्गता मैत्री, महिला मैत्री विद्यालय।
- अभिभावक शिक्षा।
- विद्यालय भर्ना अभियान।
- सूचना प्रविधि तथा कम्प्युटर ल्याव।
- आवासीय विद्यालय।
- स्थानीय पाठ्यक्रम।
- सामाजिक परीक्षण।

**(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने।**

- शिक्षक तालिम।
- विद्यालयका भौतिक पूर्वाधार निर्माण।
- पाठ्यक्रम विकास।
- वहुप्राविधिक विद्यालयको स्थापना।

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुने।**

- छात्रबृत्ति।
- विद्यालय पूर्वाधार।
- शिक्षक पदपूर्ति र तालिम।

### ४.१.८ अपेक्षित उपलब्धि

बहु प्राविधिक विद्यालय स्थापना भएको हुने, १ वटा मेगा विद्यालय स्थापना भएको हुने, साक्षरता ९५ प्रतिशत पुगेको हुने, आधारभूत तहमा भर्ना दर ९९.५ प्रतिशत पुगेको र विद्यालय छाड्ने दर १ प्रतिशत भन्दा कम भएको हुने, माध्यमिक विद्यालयमा भर्ना दर ८५ प्रतिशत पुगेको हुने र कक्षा छाड्ने दर १ प्रतिशतमा झरेको हुने, स्थानीय पाठ्यक्रम निर्माण भई प्रयोगमा आएको हुने, हरेक माध्यामिक तह विद्यालयमा कम्प्यूटर ल्याव र विज्ञान प्रयोगशाला स्थापना भएको हुने, एस.ई.ई परीक्षामा सबै विद्याथी "वी" भन्दा माथिको श्रेणीमा उतीर्ण भएको हुने, सबै शिक्षक तालिम प्राप्त भएको हुने।

## ४.२ स्वास्थ्य र पोषण

### ४.२.१ पृष्ठभूमि

स्वस्थ जीवन मानव विकास सूचकाङ्कको महत्वपूर्ण आधार हो । संविधानले पनि आधारभूत स्वास्थ्यलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको छ। यस पालिकामा ७ ओटा स्वास्थ्य संस्था र गाउँ घर क्लिनिक सहित १२ वटा स्वास्थ्य केन्द्र र १ वटा सामुदायिक स्वास्थ्य संस्था रहेका छन । यसमध्ये ४ वटा स्वास्थ्य संस्थामा प्रसुति सेवा र २ वटा स्वास्थ्य संस्थामा आधारभूत सुविधा उपलब्ध रहेको छ। कुल स्वास्थ्यकमीको ४२ दरबन्दीमा ३६ जना कार्यरत छन जसमा ६ जना हेल्थ असिस्टेन्ट र २८ जना अन्य स्वास्थ्यकमी कार्यरत छन् ।

विरामी पर्दा स्वास्थ्य संस्थामा जाने व्यक्ति ८० प्रतिशत रहेको, ५२ प्रतिशत महिलाहरू स्वास्थ्य संस्थामा सुत्केरी हुने गरेको पाइन्छ । यसैगरी परिवार नियोजनको साधन प्रयोग दर ४१ प्रतिशत, झाडा पाखालाको संक्रमण प्रतिहजार ५४ जना, ३६३ जनामा श्वासप्रश्वास संक्रमण रहेको देखिन्छ ।

यस गाउँपालिकामा १९ ओटा खोप केन्द्रहरू रहेका र पूर्ण खोप लिने बालबालिका ९५ प्रतिशत रहेका छन । यस गाउँपालिकामा भिटामिन ए प्राप्त गर्ने बालबालिका ७५ प्रतिशत, बाल कुपोषणको दर ३० प्रतिशत रहेका छन ।कुल स्वास्थ्यकमी २८ जना कार्यरत छन भने ७ जना को दरबन्दी रहेको मध्ये जम्मा ६ जना हेल्थ असिस्टेन्टहरू कार्यरत छन ।

### ४.२.२ प्रमुख समस्या

सबै स्वास्थ्य संस्थामा प्रसुति केन्द्र (birthing center) को अभावले प्रसुति सेवामा कठिनाई, सरुवा रोगको प्रकोप बढ्दै जानु, खोप कार्यक्रम प्रभावकारी नहुनु, अस्पतालको अभावले रोग निदानमा समस्या, पाठेघरजन्य समस्या, सरकारी स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको उपकरण र विशेषज्ञ चिकित्सकको अभाव, निशुल्क तथा अत्यावश्यक औषधीको पर्याप्त मात्रामा सर्वयाम उपलब्ध नहुनु, । Cold Chain maintain गर्ने सुविधा नहुनु, अपाङ्गता भएका व्यक्ति तथा महिलाहरूको स्वास्थ्य चौकीको पहुँचमा कमी, कुपोषण, श्वासप्रश्वासजन्य स्वास्थ्य समस्या रहनु, स्वास्थ्य र पोषण सम्बन्धी चेतनाको कमी आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन ।

### ४.२.३ अवसर र चुनौती

**(क) अवसर**

आधारभूत स्वास्थ्य स्थानीय सरकारको अधिकारमा रहनु, १५ शैया सम्मको अस्पताल सबै स्थानीय तहमा खोल्ने सरकारी नीति रहनु, सबै वडामा स्वास्थ्य संस्था र खोप केन्द्र उपलब्ध हुनु, राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम संचालनमा रहनु, स्वास्थ्य गाउँपालिकाको प्राथमिकता र जनचासोको विषय रहनु, स्वास्थ्य सम्बन्धी काम गर्ने विभिन्न गैह्रसरकारी संस्थाको उपस्थिति हुनु, ग्रामीण स्वास्थ्य स्वयंसेविका र आमा समूहको क्रियाशीलता, जडिबुट्टीहरूको उपलब्धता, सडक पहुँचको विस्तार हुने क्रममा रहनु, आदि यस क्षेत्रका प्रमुख अवसरहरू रहेका छन् ।

**(ख) चुनौती**

पूर्ण खोपको कार्यान्वयन गर्नु, स्वास्थ्य सेवालाई सबैको पहुँचभित्र ल्याउनु, सबै सुत्केरी सेवालाई संस्थागत दायरामा ल्याउनु, निशुल्क, स्वास्थ्य संस्थामा आधारभूत तथा अत्यावश्यक औषधि सर्वयाम उपलब्ध गराउनु, स्वास्थ्य संस्थाहरूमा आधारभूत सुविधा यूक्त (औजार/उपकरण, दक्ष जनशक्ति र पूर्वाधार) पु¥याउनु, स्वास्थ्य बीमालाई सबै नागरिकको दायरामा पु¥याउनु, जडिवुट्टीमा आधारित तथा स्थानीय उपचार प्रणालीलाई स्वास्थ्य संस्थाको दायरामा ल्याई व्यवस्थित, गुणस्तरीय बनाउनु, खाद्य सेचतना तथा खाद्य व्यवहार सुधारलाई स्वास्थ्य प्रणालीको अंगको रुपमा विकास गर्नु, प्रवर्द्धनात्मक तथा निरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवा बारे जनचेतना अभिवृद्धि गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन ।

### ४.२.४ उद्देश्य

गुणस्तरीय स्वास्थ्य सेवा तथा पोषणलाई सबैको पहुँचमा पुर्याउनु,

### ४.२.५ रणनीति

१. आधारभूत स्वास्थ्यमा समतामूलक पहुँच सुनिश्चित गर्ने।

२. रिफरल स्वास्थ्य सेवाको पहुँचलाई सहज बनाउने ।

३. वैकल्पीक स्वास्थ्य सेवाको प्रवर्द्धन गर्ने ।

४. स्वास्थ्य तथा पोषण चेतना अभिवृद्धि गर्ने ।

### ४.२.६ कार्यनीति

**रणनीति** १ आधारभूत स्वास्थ्यमा समतामूलक पहुँच सुनिश्चित गर्ने ।

- स्वास्थ्य संस्थामा आधारभूत औषधी, उपकरण र चिकित्सक सेवा उपलब्ध गराइने छ ।
- विपन्न र बञ्चितीमा परेका समुदायको स्वास्थ्य सेवा प्राप्तिमा देखिएका अवरोधहरू हटाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउन विशेष व्यवस्था गरिनेछ ।
- सबै स्वास्थ्य संस्थाहरूमा नियमित जांच सहितको प्रसुती सेवा (birthing center) उपलब्ध गराइने छ ।
- महिला सँग सम्बन्धित रोगहरू (पाठेघर जन्य समस्या, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, रक्त अल्पता) आदि रोकथाम तथा नियन्त्रणका लागि विशेष स्वास्थ्य शीविर संचालन गरिने छ ।
- स्वास्थ्य संस्था केन्द्रीत विशेषज्ञ सहितको घुम्ती स्वास्थ्य सेवा सञ्चालन गरिने छ ।
- वाल, मातृ तथा शिशु स्वास्थ्य सम्बन्धी खोप कार्यक्रम प्रभावकारी बनाई लक्षित समुहलाई शत प्रतिशत पूर्ण खोपको दायरामा ल्याइने छ ।
- जुकाको औषधि, भिटामिन ए, हेपाटाइटिस बी, हात्ती पाइले लगायतका खोप तथा औषधि कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने छ ।
- स्वास्थ्य संस्थाहरूमा परिवार नियोजन तथा मातृ स्वास्थ्य, आदि सेवा सुदृढ गरिने छ ।
- स्वास्थ्य बीमाको पहुँच सबै परिवारमा पुर्याइने छ, अति विपन्न समुदायलाई स्वास्थ्य बीमा सम्बन्धी अनुदान सहयोग उपलब्ध गराइने छ ।
- भूकम्प वाट क्षतिग्रस्त स्वास्थ्य संस्थाको भवन पुनर्निर्माण गरी स्वास्थ्य सेवा सुव्यवस्थित गरिने छ ।स्वास्थ्य तथा पोषण क्षेत्रमा कार्यरत संस्था र निकायहरू बीच समन्वय कार्य गरिने छ ।
- स्वास्थ्य, सरसफाइ र पोषण जस्ता अन्तर सम्बन्धीत विषयहरूमा कार्यक्रमगत आवद्धता सुदृढ गरिने छ ।
- स्वास्थ्य क्लिनिक लगायत निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको प्रभावकारी अनुगमन र नियमन गरिने छ ।

**रणनीतिः** २ रिफरल स्वास्थ्य सेवाको पहुँचलाई सहज बनाउने ।

- गाउँपालिकामा कम्तिमा १५ बेडको अस्पताल स्थापना गरिने छ । चुम्नुब्री गा.पा.सँगको सहकार्यमा ठुलो अस्पताल निर्माणमा सहकार्य गरिने छ ।
- चिकित्सा विज्ञान सम्बन्धीसंस्था, विशेषज्ञ अस्पताल वाट पालिका अस्पताल केन्द्रित विशेषज्ञ घुम्ती सेवा सञ्चालन गरी रिफरल स्वास्थ्य सेवाको पहुँच बढाइने छ ।
- यस गाउँपालिकाको वैकल्पीक रिफरल अस्पतालको रुपमा आरुघाट स्थित अस्पताल सँग सहकार्य गरिने छ ।
- भर पर्दो र नियमित एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्था मिलाइने छ ।
- शहर केन्द्रित कुनै अस्पतालसँगको सहकार्यमा टोली मेडिसिन सेवा सञ्चालन गरिने छ ।

**रणनीतिः** ३ वैकल्पिक स्वास्थ्य सेवाको प्रवर्द्धन गर्ने ।

- आयुर्वेद चिकित्सा पद्धतिलाई स्वास्थ्य सेवाभित्र आवद्ध गरी एकिकृत स्वास्थ्य सेवा प्रदान गरिने छ ।
- परम्पारगत रुपमा स्वास्थ्य सेवा प्रदान गर्ने आम्ची, धामी, झाँक्री, लामा लगायतलाई तालिम प्रदान गरी आधुनिक चिकित्सा पद्धति सँग समेत आवद्ध गराइने छ ।
- जडिवुट्टीमा आधारित परम्परागत स्वास्थ्य उपचार पद्धतिलाई आधुनिक आयुर्वेद प्रणाली सँग आवद्ध गरिने छ ।
- होमियो प्याथी, प्राकृतिक चिकित्सा, फिजियोथेरापी, अकुपञ्चर जस्ता वैकल्पिक स्वास्थ्य सेवा विस्तार गरिने छ ।

**रणनीतिः** ४ स्वास्थ्य तथा पोषण चेतना अभिवृद्धि गर्ने ।

- विद्यालय तहमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम संचालन गरिने छ ।
- समुदाय तहसम्म स्वास्थ्य र पोषण सम्बन्धी चेतना अभिवृद्धिको कार्यक्रम पुर्याइने छ ।
- विभिन्न खालका सरुवा रोगको प्रकोप सम्बन्धी चेतना अभिवृद्धि गरिने छ ।
- आमा समूह समुदायमा आधारित संघ संस्था, क्लव तथा गैरसरकारी संस्थासमेतको सहकार्यमा खाद्य व्यवहार सुधार, पोषण तथा स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गरिने छ ।
- अति कुपोषण परेका महिला तथा बालबालिकाहरूलाई पोषण सम्बन्धी उपचारात्मक सेवा उपलब्ध गराइने छ ।
- महिला स्वयं सेविकाहरूको क्षमता विकास गरी समुदाय केन्द्रीत जनचेतना अभिवृद्धिका साथै स्वास्थ्य सेवा विस्तारमा परिचालन गरिने छ ।
- गाउँपालिकामा अधिक रहेका सर्ने र नसर्ने (ब्लड प्रेसर, मधुमेह, मानसिक रोग, आदि) रोगको पहिचान गरी रोगहरूको कारण र प्रारम्भिक रोकथामका बारेमा व्यापक जनचेतना अभिवृद्धि गरिने छ ।
- व्यायाम, योग जस्ता शारीरिक सुगठन तथा मानसिक स्वास्थ्य सम्बन्धी विषयलाई विद्यालय र समुदाय केन्द्रीत बनाई अभियानको रुपमा शिविर सञ्चालन गरिने छ ।

### ४.२.७ प्रमुख कार्यक्रम

**क. स्थानीय तह आफैले सम्पादन गर्ने ।**

- स्वास्थ्य नीति,
- स्वास्थ्य र पोषण सचेतना
- आधारभूत औषधी
- स्वास्थ्य पूर्वाधार तथा उपकरण
- खोप कार्यक्रम
- प्रसुति सेवा
- घुम्ती सेवा
- चिसान (Cold Chain Service) भण्डार

**ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

- अस्पताल निर्माण,
- रिफरल स्वास्थ्य,
- विशेषज्ञ अस्पताल सँग सहकार्य,
- चिकित्सकको पदपूर्ति ।

**ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुने ।**

- विशिष्टीकृत औषधिको आपूर्ति,
- विशिष्टीकृत घुम्ती सेवा (शिक्षण संस्था, विशेषज्ञ अस्पताल सँग सहकार्यमा),
- क्षतिग्रस्त स्वास्थ्य संस्थाको पुनर्निर्माण,

### ४.२.८ अपेक्षित उपलब्धि

पूर्ण खोपयुक्त गाउँपालिका घोषित भएको हुने, १५ बेडको अस्पताल निर्माण भएको हुने, सबै स्वास्थ्य सेवामा आधारभूत सुविधा तथा प्रसूति सेवा उपलब्ध भएको हुने, १ घण्टाको दुरी भित्र ९० प्रतिशत नागरिकको स्वास्थ्य संस्थामा पहुँच भएको हुने, रिफरल अस्पतालसँग सहकार्य सम्झौता भएको हुने, २५ प्रतिशत जनसंख्यामा स्वास्थ्य बीमाको पहुँच स्थापित भएको हुने, ७५ प्रतिशतभन्दा बढी महिलाले संस्थागत सुत्केरी सेवा प्राप्त गरेका हुने, बाल कुपोषण दर १५ प्रतिशतमा झरेको हुने, झाडा पखालाको संक्रमण दर प्रतिहजार २० जनामा झरेको हुने, भिटामिन ए प्राप्त गर्ने बालबालिका ९९ प्रतिशत पुगेको हुने, सेवाको सूचकमा सुधार भएको हुने, सरुवा रोग उल्लेख्य रुपमा घटेको हुने, सबै विद्यालयमा पोषण स्वास्थ्य कार्यक्रम पुगेको हुने छ ।

## ४.३ युवा तथा खेलकुद

### ४.३.१ पृष्ठभूमि

उत्पादनशील युवा मुलुकको विकासका संवाहक हुन् । यसैगरी खेलकुद शारीरिक तथा मानशिक विकासको महत्वपूर्ण माध्यम हो । गाउँपालिकामा १६ देखि ४० बर्ष उमेर समूहको जनसंख्या ८,०३७ (४२.९२%) रहेको छ। यसैगरी १६ देखि ३० बर्ष उमेर समूहको जनसंख्या ५६५७ (३०.२%) रहेको छ। करिव ७.६ प्रतिशत युवाहरू वैदेशिक रोजगारमा संलग्न देखिन्छन । करिव २३ प्रतिशत युवा नोकरी मजदुरीमा संलग्न, करिव ४ प्रतिशतले उद्योग व्यवसायमा रोजगारी गर्ने गरेको देखिन्छ। युवा सञ्जाल ७ वटा, गाउँपालिका स्तरीय खेलकुद मैदान २ वटा रहनका साथै बार्षिक एक पटक गाउँपालिका स्तरीय खेलकुदको आयोजना हुने गरेको छ ।

### ४.३.२ प्रमुख समस्या

युवाशक्तिको उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसकिनु, युवा पलायन, खेलकुदको विकासका लागि पूर्वाधारको कमी, व्यवसायिक खेलकुदको कमी, खेलकुद प्रशिक्षणको कमी, क्लव तथा खेलकुदसँग सम्बन्धित संस्थाको आयस्रोतमा कमी, युवामा दक्षता र क्षमताको कमीका साथै उनीहरूलाई उद्यमशील, रोजगारीमूलक र स्वरोजगार बनाउन नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

### ४.३.३ अवसर र चुनौती

**(क) अवसर**

युवा विकासका लागि संवैधानिक व्यवस्था हुनु, स्थानिय तहमा रोजगार र स्वरोजगारका अवसर अभिवृद्धिका लागि सरकारको उच्च प्राथमिकता रहनु (मनास्लु ट्रेकिङ्ग रुट, बन/जंङ्गल, नदि आदि), युवा संलग्न स्थानीय संरचना/संयन्त्र रहनु, गाउँपालिकामा विभीन्न तहमा साथै महिला तथा विशेष समुहका खेलाडीहरूको लागि खेलकुद प्रतियोगिता सञ्चालन गर्न सक्नु, राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा खेलाडीको पहुँच हुनु आदि यस क्षेत्रका प्रमुख अवसरका रुपमा रहेका छन् ।

**(ख) चुनौती**

युवा क्षमताको विकास गर्नु, युवा प्रतिभा पलायन रोक्नु, युवामा सकारात्मक सोचको निर्माण नहुनु, स्थानीय स्तरमा सृजना गर्न सकिने रोनगारीका सम्भावनाहरूमा युवाहरूको आकर्षण गराउनु, युवालाई खेलकुद प्रति प्रोत्साहित गराउनु, खेलकुद पूर्वाधारको निर्माण गर्नु, व्यवसायिक खेलकुदको विकास गर्नु, खेलकुद प्रतियोगिता आयोजना गर्नु आदि यस क्षेत्रका प्रमुख समस्या हुन ।

### ४.३.४ उद्देश्य

१. युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु,
२. खेलकुदको विकास गर्नु,

### ४.३.५ रणनीति

१. युवाहरूको क्षमता विकास गरी रोजगारीको अभिवृद्धि गर्ने,
२. खेलकुद पूर्वाधारको विकास गर्ने,

### ४.३.६ कार्यनीति

**रणनीति** १: युवाहरूको क्षमता विकास गरी रोजगारीको अभिवृद्धि गर्ने ।

१. युवाहरूलाई उनीहरूको अभिरुचि अनुसारको सीपमूलक तालिम दिईने छ ।

२. युवाहरूलाई उद्यम व्यवसायका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन वित्तीय संस्थाहरू सँग सहजिकरण गरिने छ ।

३. युवाहरूको दक्षाता र क्षामताका आधारमा उद्यमशील, रोजगारमूलक र स्वरोजगारीमा आवद्ध गराइने छ ।

४. युवाहरूलाई दुर्व्यसन वाट रोकी उत्पादनसील कार्यमा संलग्न गराउन प्रोत्साहित गरिने छ।
५. युवाहरूलाई सामाजिक कार्य, स्वयं सेवा, विपद् व्यवस्थापन जस्ता कार्यमा संलग्न गराइने छ।
६. युवाहरूलाई संगठित गर्न विभिन्न संघ सस्था र सांकृतिक क्लव, मनोरञ्जन समूह आदिमा संलग्न गराई प्रतिभा प्रष्फुटनको अवसर दिलाइने छ।
७. परम्परागत मौलिक संस्कृति र सीपहरूलाई युवा पुस्तामा पुस्तान्तरण गर्न प्रोत्साहित गरिने छ।

**रणनीति** २: खेलकुद पूर्वाधारको विकास गर्ने ।

१. खेलकुद विकासकालागि गाउँपालिका स्तरीय कभर्ड हल र खेल मैदान निर्माण गरिने छ।
२. प्रत्येक वडामा एक एक वटा खेल मैदान निर्माण वा स्तरोन्नति गराइने छ।
३. विद्यालय स्तर देखि नै खेलकुद विकासका लागि हरेक विद्यालयमा खेल मैदानको व्यवस्था गर्न सहयोग गरिने छ।
४. गाउँपालिका स्तरीय अन्तर विद्यालय खेलकुद प्रतियोगिताको आयोजना गरिने छ। उत्कृष्ट खेलाडीलाई जिल्लास्तरीय प्रतियोगितामा भाग लिन प्रोत्साहित गरिने छ।
५. विद्यालय स्तरमा खेलकुद शिक्षकको क्षमता विकास गरिने छ।

### ४.३.७ प्रमुख कार्यक्रम

**क) स्थानीय तह आफैले सम्पादन गर्ने ।**

- युवा क्षमता विकास
- सस्थागत विकास
- युवा रोजगारी
- खेलकुद मैदान
- कभर्ड हल
- खेलकुद प्रतियोगिता

**ख) प्रदेश सरकार सँग सहकार्यमा सम्पादन हुने ।**

- युवा अनुभव आदान प्रदान
- खेलकुद मैदान
- प्रशिक्षक प्रशिक्षण
- खेलकुद प्रतियोगिता

**ग) संघीय सरकार सँग सहकार्यमा सम्पादन हुने ।**

- युवा अनुभव आदान प्रदान
- युवा स्वरोजगार
- खेलकुद मैदान
- प्रशिक्षक प्रशिक्षण
- खेल कुद प्रतियोगिता

### ४.३.८ अपेक्षित उपलब्धि

युवा सञ्जाल निर्माण भएको हुने, गाउँपालिका स्तरीय खेलकुद मैदानको स्तरोन्नति भएको हुने, १ वटा कभर्डहल निर्माण भएको हुने, सबै माध्यमिक विद्यालयमा खेलकुद शिक्षक तोकिएको हुने, वार्षिक रुपमा अन्तर विद्यालय खेलकुद प्रतियोगिता आयोजना भएको हुने ।

## ४.४ लैससास

### ४.४.१ पृष्ठभूमि

सबै लिङ्ग, वर्ग र समूहको सहभागिता र अपनत्व बोध सहितको समावेशीताले राज्य प्रणालीलाई सुदृढ गर्नुका साथै समृद्धिको आकांक्षा परिपूर्ति गर्न ठुलो मद्दत गर्द छ। संविधानले वर्गीय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातिय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ।

यस गाउँपालिकामा जम्मा १८७४२ जनसंख्या मध्ये महिलाको प्रतिशत ५०.२० प्रतिशत रहेको छ। यसै गरी दलितको ४.९१ प्रतिशत र जनजातिको ९४.९२ प्रतिशत, बालबालिकाको (०-१५) २९.८७ प्रतिशत, जेष्ठ नागरिक १०.७७ प्रतिशत, १.७ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेका छन। गाउँपालिकाको साक्षरता दर ७१ प्रतिशत रहेकोमा महिला साक्षरता ६३ प्रतिशत रहेको छ। गाउँ कार्यपालिकामा जम्मा १५ निर्वाचित प्रतिनिधिहरू मध्ये महिलाको संख्या ५ जना रहेका छन यसै गरी र गाउँसभामा ३७ निर्वाचित प्रतिनिधि मध्ये ७ जना दलित समुदाय र ७ जनजाति समुदायका महिला गरी १४ जना रहेका छन, जुन कुल संख्याको ३५.९ प्रतिशत हुन आउँदछ।

### ४.४.२ प्रमुख समस्या

शिक्षा, स्वास्थ्य लगायत सेवामा महिलाको पहुँचमा कमी, महिला नेतृत्व विकासको कमी, महिलाको भूमिका औपचारिक आर्थिक कृयाकलापमा भन्दा घरायसी काममा बढी केन्द्रित हुनु महिला लक्षित कार्यक्रमको कमी, महिला, अपाङ्गता तथा वाल मैत्री पूर्वाधारको कमी, अशक्त तथा जेष्ठ नागरिकलाई असमान व्यवहार गर्ने प्रवृत्ति बढ्दो आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन्।

### ४.४.३ अवसर र चुनौती

#### (क) अवसर

संविधानका मौलिक हकमा समावेशीकरणलाई प्राथमिकता दिई सो अनुसार विभिन्न हक सुरक्षित हुनु, समावेशी प्रतिनिधित्वको संवैधानिक एवं कानूनी व्यवस्था हुनु, अधिकारमा आधारित विकास, दिगो विकासको लक्ष्यलाई सबै तहका सरकारहरूले आत्मसात गर्नु, पालिकाको निर्णय प्रक्रियामा महिला, दलित तथा अल्पसंख्यकको प्रतिनिधित्वले गर्दा सम्बन्धित वर्ग र समुदायको मुद्दा समेटिदै जानु, विभिन्न वर्ग र समुदायको अधिकार सम्बन्धी संगठन हुनु, अधिकारवादी सस्थाहरूको गाउँपालिका सम्म सञ्जालीकरण हुनु, दलित तथा सीमान्तीकृत समुदाय लक्षित विशेष कार्यक्रम संचालनमा आउनु, स्थानीय जनजाति समुदायको घरायसी निर्णय प्रक्रियामा महिलाको भूमिका प्रभावकारी हुनु आदि प्रमुख यस क्षेत्रका प्रमुख अवसर हुन।

#### (ख) चुनौती

महिला तथा वञ्चितिमा परेका वर्ग समुदायको क्षमता विकास गरी उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, पालिका भित्रका समिति, उपसमिति, उपभोक्ता समितिहरू, सामुदायिक संस्था तथा लाभग्राही मुखी संस्थाहरूमा यस वर्ग र समूदायको प्रतिनिधित्व, अर्थपूर्ण सहभागिता र निर्णयमा पहुँच स्थापित गर्नु, वाल मैत्री स्थानीय शासन स्थापना गर्नु, अपाङ्ग र जेष्ठ नागरिकमैत्री पूर्वाधारको विकास गर्नु, आर्थिक तथा सामाजिक जिवनमा लैङ्गिक समानता कायम गर्नु, पारिवारिक र सामाजिक मूल्य मान्यता तथा लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु, ग्रामीण महिलाको जीवन स्तरमा सुधार ल्याउनु, महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु आदि प्रमुख चुनौती रहेका छन्।

### ४.४.४ उद्देश्य

समावेशी र समतामूलक समाजको निर्माण गर्नु।

### ४.४.५ रणनीति

१. महिलाहरूलाई सामाजिका आर्थिक विकासमा मूल प्रवाहीकरण गर्ने,
२. वञ्चितीकरण र भेदभावमा परेका वर्ग र समूदायको सशक्तीकरण गरी विकास प्रक्रियामा सहभागिता वढाउने,

३. बालबालिका, किशोर किशोरीको श्रृजनशीलताको विकास गर्ने,

४. अपाङ्गता भएका व्यक्तिको संरक्षण, क्षमता विकास गरी अवसरमा पहुँच वढाउने,

५. जेष्ठ नागरिकको संरक्षण गर्दै सम्मानपूर्ण जीवनको अनुभूति दिलाउने,

**६. लैससास नीतिको अवलम्वन गर्ने ।**

### ४.४.६ कार्यनीति

**रणनीति** १: महिलाहरूलाई सामाजिका आर्थिक विकासमा मूल प्रवाहीकरण गर्ने ।

१. महिलाहरूको क्षमता विकासका माध्यम वाट भूमिका परिवर्तन गर्दै आर्थिक क्रियाकलापमा संलग्न गराइनेछ ।

२. महिलाहरूको प्रतिनिधित्व, अर्थपूर्ण सहभागिता वढाउँदै सेवा सुविधा र अवसरमा पहुँच सुनिश्चित गरिनेछ ।

३. महिला, दलित र अल्पसंख्यक जन प्रतिनिधिहरूको नेतृत्व क्षमता विकास गरी उनीहरूको भूमिका सशक्त बनाइनेछ ।

४. एकल महिलाको संरक्षण, सशक्तिकरण गरी सम्मानित जीवन विताउन सहजीकरण गरिने छ ।

५. महिला विभेद, हिंसा र शोषण जस्ता सामाजिक समस्याका विरुद्ध सचेतना, पीडितको उद्धार र संरक्षण तथा उपचारात्मक उपायको अवलम्वन गरिनेछ ।

६. द्वन्द्व तथा विपद् वाट प्रभावित महिलाहरूलाई संरक्षण एवं पुनर्स्थापना गरिने छ ।

७. भूकम्प प्रभावित एक्लो महिला (घरमा अरु परिवार नभएका) लाई पुनर्निर्माणमा विशेष सहयोग गरिने छ ।

**रणनीति** २: वञ्चितीकरण र भेदभावमा परेका वर्ग र समुदायको शसक्तीकरण गरी विकास प्रक्रियामा सहभागिता वढाउने ।

१. सामाजिक विभेद विरुद्ध चेतना विकास कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ ।

२. दलित तथा पिछडिएका वर्गले परम्परागत रुपमा संचालन गरी आएका पेशालाई आधुनिकीकरण गरी व्यवसायिक वनाउन तालिम र प्रविधि हस्तान्तरण गरिनेछ ।

३. वञ्चितीकरण र भेदभावमा परेका वर्ग र समूदायको उपभोक्ता समितिहरू, सामुदायिक सस्था तथा लाभग्राही मूखि सस्थाहरूमा प्रतिनिधित्व वढाउँदै अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ ।

४. जातिय विभेद, छुवाछुत, हिंसा र शोषण जस्ता सामाजिक अपराध वाट पीडितको संरक्षण तथा उपचारात्मक उपायको अवलम्वन गरिने छ ।

**रणनीति** ३: बालबालिका, किशोर किशोरीको श्रृजनशीलताको विकास गर्ने ।

१. स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रम सँग आवद्ध गरी मातृ स्वास्थ्य, गर्भ संरक्षण, वाल तथा मातृ पोषण जस्ता वाल वचाउका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

२. बालबालिकाको जन्म दर्ता अधिकार स्थापित हुने गरी व्यक्तिगत घटना दर्तालाई अभियानको रुपमा संचालन गरिने छ ।

३. भूकम्प, विपद् र द्वन्द प्रभावित र टुहुरा बालबालिकाको वालसंरक्षण गरी शिक्षाको अवसर प्रदान गरिने छ ।

४. भरिया लगायतका निकृष्ट वाल श्रमको अन्त्य गरिने छ ।

५. घर देखि विद्यालयसम्म वाल विकासको वातावरण सृजना गरी उनीहरूको सिकाई र सृजनशीलताको विकास गरिने छ ।

६. वालकल्व, वाल सञ्जालहरूको स्थापना र विकास गरी वाल सरोकारका विषयमा वाल सहभागिता सुनिश्चित गरिने छ ।

७. विद्यालयहरूमा बालबालिका र प्रतिभा प्रष्फुटनमा योगदान हुने खालका अतिरिक्त क्रियाकलाप संचालन गरिने छ ।

**रणनीति** ४: अपाङ्गता भएका व्यक्तिको संरक्षण, क्षमता विकास गरी अवसरमा पहुँच वढाउने,

१. क" र "ख" वर्गका अपाङ्गता भएका व्यक्तिहरूको संरक्षणका लागि आवश्यक व्यवस्था गरिने छ ।

२. "ग" र "घ वर्गका अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास गरी रोजगारी र स्वरोजगारीका अवसरहरूमा पहुँच वढाइने छ ।

३. वोली र श्रवण अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष शिक्षाको व्यवस्था मिलाइने छ ।

४. गैसस र सामुदायिक संघ सस्थाहरू सँग समन्वय गरी ह्विल चियर, श्रवण यन्त्र, कृतिम अङ्ग जडान जस्ता सुविधाहरूमा पहुँच विस्तार गरिने छ ।

**रणनीति** ५: जेष्ट नागरिकको संरक्षण गर्दै सम्मानपूर्ण जीवनको अनुभूति दिलाउने

१. जेष्ठ नागरिकहरूको ज्ञान, अनुभवहरूको अन्तरपुस्ता हस्तान्तरण गर्ने व्यवस्था गरिने छ ।

२. जेष्ठ नागरिक चौतारी र विश्रामस्थलको व्यवस्था गरी मनोरंजन, अनुभव आदान जस्ता कार्यक्रम संचालन गरिने छ ।

३. जेष्ठ नागरिकलाई विद्यालय केन्द्रित अनुभव आदान प्रदान गर्ने व्यवस्था गरी पुस्ताअन्तर (GAP) कम गरिने छ ।

४. बाबु आमा सम्मान नगर्ने सन्तानहरूलाई सार्वजनिकीकरण गरिने छ ।

५. गैसस र सामुदायिक संस्थाहरू सँगको सहकार्यमा आश्रयहीन जेष्ठ नागरिकको आश्रय केन्द्र निर्माण गरी पालन पोषणको व्यवस्था गरिने छ ।

**रणनीति** ६: लैससास नीतिको अवलम्वन गर्ने ।

१. लैससास नीतिको तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

२. लैङ्गिक संवेदनशील वजेट प्रणालीको अवलम्वन गरिने छ ।

३. सबै क्षेत्रगत नीतिहरूमा लैससासका विषयहरूलाई एकीकृत गरिने छ ।

४. सहभागिता मूलक वार्षिक योजना तर्जुमा गर्दा महिला, दलित, अल्प संख्यक र वञ्चितीमा परेका वर्ग र समुदायको सहभागिता गराई उनीहरूका प्राथमिकतालाई सम्वोधन गरिने छ ।

### ४.४.७ प्रमुख कार्यक्रम

**क) स्थानीय तह आफैले सम्पादन गर्ने ।**

- लैससास नीति तर्जुमा
- जनचेतना अभियान
- लक्षित वर्ग विकास
- आय आर्जन तथा रोजगारी मुलक तालिम
- लैङ्गिक विभेद, हिँसा तथा शोषण सम्वन्धी अभिमुखीकरण
- महिला सशक्तिकरण
- नेतृत्व विकास तथा क्षमता अभिवृद्धि

**ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने ।**

- क्षमता विकास
- लैंङ्गिक विभेद, हिँसा तथा शोषण सम्बन्धी अभिमुखीकरण
- न्यायिक समिति क्षमता विकास
- विशेष शिक्षा

**ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुने** ।

- अपाङ्गता भएकालाई कृतिम अङ्ग प्रदान
- सामाजिक सुरक्षा (सामाजिक संरक्षण)
- विशेष शिक्षा

### ४.४.८ अपेक्षित उपलब्धि

लैससास नीति तर्जुमा भएको हुने, लैङ्गिक बजेट प्रणाली अवलम्बन भएको हुने, नेतृत्व तहमा महिला तथा लक्षित बर्गको प्रतिनिधित्व ३३ प्रतिशत पुगेको हुने, ५० प्रतिशत महिलाको बैङ्क खाता भएको हुने, १५० जनालाई क्षमता विकास तालिम दिइएको हुने, गाउँपालिका वाट गठन हुने समितिहरूमा ४० प्रतिशत समावेशीता भएको हुने, वर्षिक ३ वटा महिला तथा जेष्ठ नागरिक लक्षित घुम्ती स्वास्थ्य सेवा सञ्चालन भएको हुने, ७ वटा बालक्लव स्थापना भएको हुने, अपाङ्गता भएका ६० प्रतिशत बालबालिकाले विशेष शिक्षामा पहुँच प्राप्त गरेका हुने छन ।

## ४.५ खानेपानी तथा सरसफाइ

### ४.५.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ मानव जीवनयापनको अत्यावश्यक आधार हो।स्थानीय सरकार संचालन ऐनले स्थानीयस्तरको खानेपानीलाई स्थानीय तहको अधिकारमा राखेको छ। धार्चे गाउँपालिकामा ९७ प्रतिशत नागरिकलाई पाइपद्वारा खाने पानीको सुविधा पुगेको छ। जस मध्ये ८४ प्रतिशतलाई सार्वजनिक धारा मार्फत खानेपानी सुविधा प्राप्त छ, भने १३ प्रतिशतले निजि धारा मार्फत खाने पानीको सुविधा प्राप्त गरेका छन।

सरसफाइ तर्फ ९३ प्रतिशत घरमा चपीको व्यवस्था भएको जसमध्ये ७३ प्रतिशत सेफ्टीट्याङ्की सहित, २ प्रतिशत डल सहितको र वांकी १८ प्रतिशत खाल्डो चर्पी रहेको छ। २०७२ सालको भूकम्प वाट १२ वटा खानेपानी प्रणालीहरू क्षति ग्रस्त भई १६०० जना प्रभावित भएका छन भूकम्प वाट विस्थापन भई पुन स्स्थापन भएका केरौंजा र लाप्राकमा खाने पानीको सुविधा नभएको अवस्था छ।

### ४.५.२ प्रमुख समस्या

प्राकृतिक एवं मानवजन्य कारणले पानीका श्रोत तथा मुहानहरूमा ह्रास आई खाने पानीको उपलब्धतामा कमी आउनु, जनचेतनाको कमि हुनु, खाने पानी वितरण मापदण्ड अनुसार नहुनु, स्वच्छ खान`पानीको व्यवस्था नहुँदा पानी जन्य रोगहरू वढ्नु, भूकम्पको कारण खाने पानी तथा सरसफाइका संरचनाहरू क्षति ग्रस्त हुनु, व्यक्तिगत तथा सामुदायिक सरसफाइको अभ्यास कमजोर हुनु आदि प्रमुख समस्या हुन।

### ४.५.३ अवसर र चुनौती

**(क) अवसर**

पानीका श्रोतहरू उपलब्ध हुनु, अधिकांस परिवारमा खाने पानीको पहुँच पुग्नु, खाने पानी गाउँपालिका जनताको चासोको विषय हुनु, खाने पानीमा विभिन्न सरकारी, निजि तथा गैससहरूको सहकार्य हुनु, एक घर, एक धारा, एक चपीको राष्ट्रिय नीति कार्यान्वयनमा रहनु, सरसफाइ सम्वन्धी चेतना अभिवृद्धि हुनु, पूर्ण सरसफाइ तर्फ उन्मुख हुनु आदि यसका अवसर हुन।

**(ख) चुनौती**

एक घर 'एक धारा र एक चर्पी' नीतिको प्रभावकारी कार्यान्वयन गर्नु, स्वच्छ पानीको वितरण गर्नु, खाने पानीका मूहानको संरक्षण गर्नु, खाने पानी प्रणालीको दीगो व्यवस्थापन गर्नु, भूकम्प वाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण र पुनर्स्थापन गर्नु, सरसफाइको अभ्यास वढाउनु आदि प्रमुख चुनौती हुन।

### ४.५.४ उद्देश्य

स्वच्छ खाने पानी र सरसफाइको व्यवस्था गर्नु।

### ४.५.५ रणनीति

१. घर एक धाराको अवधारणा अनुसार स्वच्छ खाने पानी उपलब्ध गराउने।

२. सबै घरमा चर्पीको व्यवस्था गर्नुका साथै सरसफाइको अभ्यास वढाउने।

### ४.५.६ कार्यनीति

**रणानीति** १: एक घर एक धाराको अवधारणा अनुसार स्वच्छ खाने पानी उपलब्ध गराउने।

१. खाने पानी तथा सरसफाइ गुरु योजना वनाई कार्यान्वयन गरिने छ।

२. खाने पानीको मूहान संरक्षण गरिने छ।

३. खानेपानीका संरचनाहरूको स्तरोन्नति र नयां संरचना हरूको निर्माण गरिने छ।

४. स्वच्छ खाने पानी वितरणका लागि मुहान सुधारका सथै पानी वितरण पूर्व प्रशोधन गरिनेछ।

५. हरेक घरमा पाइपद्वारा पानी पुर्याउने व्यवस्था गरिने छ।

६. खाने पानी प्रणालीको दिगो व्यवस्थापनको लागि प्रणालीगत रुपमा व्यवस्थापन समिति गठन गरी नियमित मर्मत सम्भारको लागि जिम्मेवार वनाइने छ।

७. खाने पानीको उपभोगको मात्रा अनुसार महसुल उठाई मर्मत सम्भार कोषको व्यवस्था गरिने छ।

८. भूकम्प वाट क्षति ग्रस्त संम्रचनाहरूको पुनर्निमण र पुनर्स्थापन गरिने छ।

९. खाने पानी तथा सरसफाइ सम्बन्धी कामगर्ने सरकारी, निजी, गैसस र सामुदायिक संस्थाहरू सँग सहकार्य गरिने छ।

१०) खाने पानीका व्यवस्थापन समितिका पदाधिकारी र खाने पानी मर्मत सम्भार कार्यकर्तालाई तालिम र पुनर्ताजगी तालिम नियमित रुपमा दिइने छ।

**रणनीति** २: सबै घरमा चर्पीको व्यवस्था गर्नुका साथै सरसफाइको अभ्यास वढाउने।

१. सबै घरमा व्यवस्थित चपीको व्यवस्था गरिने छ।

२. चर्पी वनाउन नसक्ने अतिविपन्न परिवारलाई अनुदानको व्यवस्था गरिने छ।

३. पूर्ण सरसफाइ युक्त गाउँपालिका घोषणा गर्न सरसफाइ अभियान, चेतना अभिवृद्धि फोहोर विसर्जन वास्केट तथा कन्टेनर र व्यवस्थित कम्पोष्टिङ आदिको व्यवस्था गरिनेँ छ।

४. प्रमुख बस्ती र बजार केन्द्रहरूमा सार्वजनिक सौचालयको व्यवस्था गरी समुदायलाई सञ्चालनको जिम्मेवारी दिइने छ।

५. सबैलाई आधारभूत स्तरको सरसफाइ सेवामा पहुँच तथा मानव तथा पशु उत्सजीत मलमूत्र र फोहर पानीको उचित व्यवस्थापन गरी वातावरण स्वच्छ राख्न सहयोग पुऱ्याइने छ।

### ४.५.७ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले सम्पादन गर्ने।**

- गुरुयोजना निर्माण
- श्रोत संरक्षण
- एक घर, एक धारा, एक चर्पी
- संरचना मर्मत
- जनशक्ति उत्पादन तथा तालिम

**(ख) प्रदेश सरकार सँग सहकार्यमा सम्पादन हुने।**

- अन्तर सरकार समन्वय
- आर्थिक स्रोत व्यवस्थापन।

**(ग) संघीय सरकार सँग सहकार्यमा सम्पादन हुने।**

- नीति, निर्माण गर्न सहकार्य
- खानेपानी योजना निर्माण
- प्राविधिक सहयोग
- श्रोत परिचालन
- फोहर पानीको उचित व्यवस्थापन गरि वातावरण स्वच्छ राख्न सहयोग पुर्याइने छ।

### ४.५.८ अपेक्षित उपलब्धि

खाने पानी तथा सरसफाइ गुरुयोजना तयार भएको हुने, सबै घर परिवारमा पाइपद्धारा खाने पानी वितरण भएको हुने, सबै घरमा व्यवस्थित चर्पी हुने, भूकम्प वाट क्षति ग्रस्त प्रणालीहरूको पुनर्स्थापना भएको हुने, सरसफाइको अवस्थामा उल्लेख्य सुधार भएको हुने, वजार केन्द्रमा सार्वजनिक शौचालयको निर्माण भएको हुने छ।

# परिच्छेद (५)
## भौतिक पूर्वाधार क्षेत्र

भौतिक पूर्वाधार समग्र विकासलाई अग्रता तर्फ डोंयाउन, सेवा प्रवाहलाई सहज तुल्याउन र जीवन यापनलाई सहज वनाउनका लागि महत्व पूर्ण आधार हो । यस क्षेत्र अन्तर्गत निम्न उपक्षेत्रहरू समावेश गरिएका छन ।

(क) स्थानीय यातायात

(ख) आवास भवन तथा बस्ती विकास

(ग) सिंचाई तथा नदी नियन्त्रण

(ङ) ऊर्जा

(च) सूचना तथा सञ्चार

## ५.१ स्थानीय यातायात

### ५.१.१ पृष्ठभूमि

विकासका पूर्वाधार मध्ये यातायात सबै भन्दा महत्वपूर्ण पूर्वाधार मानिन्छ । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र स्थानीय यातायात व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गरेको छ ।

यस गाउँपालिकामा रणनैतिक सडक अन्तर्गत आरुघाट लार्केपास सडक १३५ कि.मि. निर्माणाधिन छ । प्रदेस स्तरका सडकमा क्रमशः वारपाक-लापराक-गुम्दा-माछाखोला सडक २०.१९ कि.मी, गुप्सी भञ्ज्याङ-जगत सडक ३४.५ किमि, गुम्दा-पौटु-लापुबेसी सडक १९.४५ कि.मि., मान्बु-काशीगाउँ-केरौजा सडक २६.९१, काशीगाउँ-केरौजा-माछीखोला-हुलचुक ६.६ कि.मि. गरी करिव ११५ कि.मि. सडक निर्माणाधिन अवस्थामा रहेका छन । यस गाउँपालिकामा हाल ४ वटा वडामा (४,५,६,७) विभिन्न सडक सञ्जालले छोएको छ ।१५८ कि.मि. सडक निर्माण सम्पन्न भए पछि सबै वडा सडक सञ्जालमा जोडिने छन, गाउँपालिकामा झोलुङ्गे पुल २४ वटा, क्यन्टि लिभर पुल १, ट्रस्ट ब्रीज १० र काठेपुल १० वटा रहनका साथै २७८ कि.मि. घोडोटो वाटो रहेको छ ।

### ५.१.२ प्रमुख समस्याहरू

कच्ची र मौसमी सडक मात्र रहनु, महत्वपूर्ण पर्यटकीय तथा धार्मिक, सांस्कृतिक स्थलहरूसम्म सडकको पहुँच नहुनु, प्रारम्भिक अध्ययन डिजायन विना नै सडक खोल्ने प्रबृत्ति बढ्दो, धेरै सडकको शुरूवात भए तापनि अत्यन्तै न्यून कार्य प्रगति हुनु, न्यूनतम मापदण्ड अनुसारको पदयात्रा मार्ग नहुनु, सडक सञ्जाल वाट प्रभावित पर्यटकीय पदयात्रा मार्गको वैकल्पिक व्यवस्था नहुनु, अवश्यक्ता अनुसार झोलुङ्गे पुल नहुनु, सडक सञ्जालको अभावमा ग्रामिण भेगमा आर्थिक कृयाकलाप न्यून हुनु आदि प्रमुख समस्या रहेका छन ।

### ५.१.३ अवसर र चुनौती

**(क) अवसर**

उत्तर दक्षिण नाका सँग जोड्ने रणनीतिक सडक निर्माणाधीन रहनु, रणनैतिक सडकलाई आधार मानी अन्य शाखा सडकहरू निर्माणाधीन रहनु, विभिन्न संघ संस्थाहरूले ग्रामिण यातायात क्षेत्र खासगरी झोलुङ्गे पुल निर्माणमा सहयोग पुर्याउनु, चार वटा पदमार्ग (घोडोटो) निर्माणाधीन रहनु, यातायात पूर्वाधार विकास संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहका सरकारको उच्च प्राथमिकतामा कार्य सञ्चालनमा रहनु, थप ३ झो.पु. निर्माणाधीन रहनु, यातायात प्रणालीमा आम नागरिकको चासो र प्राथमिकतामा हुनु आदि यस क्षेत्रका प्रमुख अवसर हुन ।

**(ख) चुनौती**

निर्माणाधीन सडकहरू सम्पन्न गर्नु, वडा केन्द्रहरू, महत्वपूर्ण टोल बस्तीहरू र पर्यटकीय केन्द्रसम्म सडक पुर्याउनु,

वैकल्पिक पदमार्गहरू निर्माण गर्नु, सडक पुल निर्माा गर्नु, भूकम्प वाट क्षति ग्रस्त संरचनाहरू पुनर्निर्माण गर्नु, पदमार्गहरू स्तरोन्नति गरी मापदण्ड अनुसार वनाउनु, निर्मित सडकहरूको स्तरोन्नति गर्नु, अध्ययन नगरी जथाभावी सडक खोल्ने प्रवृत्ति रोक्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन ।

### ५.१.४. उद्देश्य

गाउँपालिका केन्द्र, वडाकेन्द्र र महत्वपूर्ण स्थानमा सडक यातायातको पहुँच पुर्याउनु ।

### ५.१.५ रणनीति

१. गाउँपालिका केन्द्र वाट सबै वडाकेन्द्र र महत्वपूर्ण स्थानमा सर्वयाम सडक सञ्जालको विस्तार गर्ने ।
२. मौजुदा सडकहरूको स्तरोन्नति र नियमित मर्मत सम्भार गरी सर्वयाम सुचारु गर्ने ।
३. वैकल्पिक पर्यटन पद मार्ग निर्माण र संचालित पद मार्गहरूको मापदण्ड अनुसार स्तरोन्नति र मर्मत सम्भार गर्ने ।

### ५.१.६ कार्यनीति

**रणनीति १:** गाउँपालिका केन्द्र वाट सबै वडा केन्द्र र महत्वपूर्ण स्थानमा सर्वयाम सडक सञ्जालको विस्तार गर्ने ।

१. धार्चे सडक गुरु योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ ।
२. सबै वडा केन्द्र जोड्ने सडकहरूमा सडक सञ्जाल विस्तार गरी सर्वयाम वनाइने छ ।
३. नयां सडक निर्माण गर्दा प्राविधिक अध्ययन गरेर मात्र निर्माण गरिने छ ।
४. सडक निर्माण गर्दा वातावरण मैत्री, विपद् प्रतिरोधी अवधारणा अवलम्वन गरिने छ ।
५. सडक निर्माण गर्दा ठुला मेसिनको प्रयोगलाई निरुत्साहित गरिने छ ।
६. स्थानीय साधन, श्रोत र सीपको अत्यधिक उपयोग गरी ग्रामीण रोजगारी सृजना गरिने छ ।
७. सडक, पुल तथ झोलुङ्गे पुल निर्माण गर्दा गुणस्तरीयता कायम गर्न निर्माण व्यवसयीले नै आयोजना हस्तान्तरण भएको कम्तीमा ५ वर्ष सम्म मर्मत सम्भार समेत गर्ने गरी ठेक्का व्यवस्थापन गरिने छ ।
८. गाउँपालिका स्तरीय सडकको सडक सिमांकन उल्लेख गरी राजपत्रमा प्रकाशित गरिने छ ।

**रणनीति २:** मौजुदा सडकहरूको स्तरोन्नति र नियमित मर्मत सम्भार गरी सर्वयाम सुचारु गर्ने ।

१. सञ्चालित सडकहरू स्तरोन्नति र नियमित मर्मत सम्भारको व्यवस्था गरिने छ ।
२. सडकको दीगो व्यवस्थापनका लागि स्थानीय सडक उपभोक्ता समितिलाई जिम्मेवार वनाइने छ
३. सडक मर्मत सम्भार कोष खडा गरी स्थानीय सडक यातायात शुल्क, सडक वोर्ड वाट प्राप्त रकम समेत यसमा जम्मा गरिने छ ।
४. सडकको दायाँ बायाँ फलफूल, अम्रिसो, डालेघाँस आदि वायो इन्जिनियरिङ प्लाण्ट लगाई स्थानीय समुदायको आय आर्जनसँग आवद्ध गराइने छ ।
५. भूकम्प तथा अन्य विपद् वाट क्षति भएका यातायात संरचनाहरूको प्राथमिकताका साथ पुनर्स्थापना गरिनेछ ।
६. बस्ती वाट वढीमा एक घण्टाको फेरोमा आवत जावतको सुविधा पुग्ने गरी थप झोलुङ्गे पुलको निर्माण गरिने छ ।
७. झोलुङ्गे पुलहरूको नियमित मर्मत सम्भार गरिने छ ।

**रणनीति** ३: वैकल्पिक पर्यटकीय पदमार्ग निर्माण र संचालित पदमार्गहरूको मापदण्ड अनुसार स्तरोन्नति र मर्मत सम्भार गर्ने ।

१. मोटोर वाटो वाट विस्थापित मनाश्लु पदमार्गको विकल्पमा अर्को पद मार्ग अध्ययन र निर्माणको लागि पर्यटन वोर्ड, प्रदेश सरकार र अन्तर स्थानीय तह समन्वय गरिने छ ।
२. भूकम्पको केन्द्र विन्दुसम्म जाने तथा अन्य महत्वपूर्ण पर्यटकीय स्थल जोड्ने नयां पद मार्ग निर्माण गरिने छ ।
३. भूकम्प वाट क्षति भएका पद मार्गहरूको स्तरोन्नति र मर्मत सम्भार गरिने छ ।
४. मौजुदा पद मार्गहरूको स्तरोन्नति, नियमित मर्मत सम्भार एवं दिगो व्यवस्थापनका लागि स्थानीय समुदायलाई जेम्मेवार वनाइनेछ ।

५. आवश्यकता अनुसार झोलुङ्गे पुल र अन्य पुलपुलेसाको निर्माण र नियमित मर्मत सम्भार गरिनेछ।

### ५.१.७ प्रमुख कार्यक्रमहरू

**क. स्थानीय तह आफैले सम्पादन गर्ने**

- गुरु योजना तर्जुमा तर्जुमा।
- सबै वडा केन्द्र जोड्ने सडकहरूमा सडक सञ्जाल विस्तार
- वातावरण मैत्री विपद् प्रतिरोधी
- अवधारणा अवलम्बन
- सडक सिमाङ्कन उल्लेख गरी राजपत्रमा प्रकासन
- सडक स्तरोन्नति र नियमित मर्मत सम्भार
- सडक मर्मत सम्भार कोष
- भूकम्प तथा अन्य विपद् वाट क्षति भएका यातायात संरचनाहरूको पुनर्स्थापना
- वैकल्पिक पद मार्गको निर्माण

**ख. प्रदेश सरकारसँगको सहकार्यमा सम्पादन गर्ने**

- प्रादेशीक सडक निर्माण,
- पर्यटकीय पदमार्ग निर्माण,
- अन्तर सरकार, अन्तर निकाय समन्वय,

**ग. संघीय सरकार सँगको सहकार्यमा सम्पादन गर्ने**

- रणनैतिक सडकहरूको निर्माण,
- २५ मिटर भन्दा ठुला पुलहरू निर्माण,
- भूकम्प वाट क्षतिग्रस्त संरचनाहरूको पुनर्स्थापन,
- सडक यातायात सम्बन्धी नीति नीर्माण,
- पर्यटकीय पदमार्गहरू,

### ५.१.८ अपेक्षित उपलब्धि

गाउँपालिका यातायात गुरुयोजना निर्माण भई कार्यान्वयन भएको हुने, सडकको मापदण्ड (सडक क्षेत्र) निर्धारित भएको हुने, सबै वडा केन्द्रसम्म सडकको पहुँच सर्वयाम भएको हुने, झोलुङ्गे पुलको संख्या ३५ वटा, ट्रसब्रिज २० वटा, क्याण्टी लिभर पुल २ वटा पुगेको हुने, मनाश्लु वैकल्पिक पदमार्ग अध्ययन भई निर्माणको चरणमा पुगेको हुने, सडक तथा पदमार्गहरू नियमित मर्मत सम्भार भएको हुने, मर्मत सम्भार कोष स्थापना भएको हुने आदि।

## ५.२ आवास, भवन तथा बस्ती विकास

### ५.२.१ पृष्ठभूमि

आवास मानव जीवनको आधारभूत आवश्यकता हो। स्थानीय सरकार सञ्चालन ऐनले संघीय तथा प्रदेश कानूनको अधीनमा रही सुरक्षित बस्ती विकास र भवन निर्माण सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्यांकन गर्ने तथा सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई दिएको छ।

यस गाउँपालिकामा ३९३२ घरपरिवार मध्ये १०४ परिवारको आफ्नो घर नभएको, घरको वनावटको आधारमा हेर्दा ७४ प्रतिशत माटोवाट, २४ प्रतिशत सिमेण्ट जडित र ३ प्रतिशत काठ आदि वाट निर्माण भएको देखिन्छ। घरको छानाको आधारमा हर्दा ८५ प्रतिशत जस्ता, ६ प्रतिशत काठ, ६ प्रतिशत टायल तथा ढुङ्गा, २ प्रतिशत आर.सी.सी. वाँकी खर तथा माटोको छाना भएको देखिन्छ। १८६६ वटा घर भूकम्प प्रतिरोधी मापदण्ड अनुसार निर्माण भएको देखिन्छ।

### ५.२.२ प्रमुख समस्या

गाउँपालिका तथा वडा कार्यालयहरूको आफ्नो भवन नभएको, भवन आचार संहिता लागु नभएको, असुरक्षित तथा जोखिमयुक्त स्थानमा बस्तीहरू भएको, व्यवस्थित बस्ती विकास नभएको, नयां बस्ती निर्माण गर्दा मौलिकपना लोप हुँदै गएको आदि प्रमुख समस्या हुन ।

### ५.२.३ अवसर र चुनौती

**(क) अवसर**

गाउँपालिकाको प्राथमिकताक्षको विषय हुनु, स्थानीय निर्माण सामग्रीको उपलब्धता, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र अन्य संघ सस्था वाट भूकम्प वाट  क्षति ग्रस्त भवन तथा संरचनाहरूको पुनर्निर्माण तथा पुनर्स्थापन कार्य सञ्चालनमा रहेको, गाउँपालिकाको गठन संगै पुनर्निर्माण योजना निर्माण र कार्यान्वयन प्रारम्भ भएकोले नयाँ एकीकृत कार्यालय भवन, विद्यालय, स्वास्थ्य सस्था तथा बस्ती विकासको सम्भावना भएको, स्थानीय रोजगारी र सेवा सुविधा विस्तारको सम्भावना रहेको आदि प्रमुख अवसरका रुपमा रहेका छन ।

**(ख) चुनौती**

जोखिमयुक्त क्षेत्रको बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नु, भूकम्प वाट क्षति ग्रस्त संरचनाको पुनर्स्थापन सम्पन्न गर्नु, वाल र महिला मैत्री भौतिक सामाजिक संरचनाहरू निर्माण गर्नु, भवन आचार संहिता लागु गर्नु, नयां भवन निर्माणमा मौलिकपना कायम राख्नु आदि प्रमुख चुनौतीका रुपमा रहेका छन ।

### ५.२.४. उद्देश्य

**सुरक्षित आवास, भवन र बस्ती विकास गर्नु ।**

### ५.२.५ रणनीति

१. न्यूनतम पूर्वाधार सहितको एकीकृत बस्ती विकास गर्ने,

२. सुरक्षित आवास तथा भवनहरू निर्माण गर्ने,

५.२.६ कार्यनीति

**रणनीति** १: न्यूनतम पूर्वाधार सहितको एकीकृत बस्ती विकास गर्ने,

१. बस्ती विकास योजना वनाई लागु गरिने छ ,

२. जोखिमयुक्त बस्तीहरूको पहिचान तथा नक्सांकन गरिने छ,

३. छरिएर रहेका एवं जोखिममा परेका बस्तीहरूलाई एकीकृत बस्तीमा स्थानान्तरण गर्न प्रोत्साहन गरिनेछ ,

४. एकीकृत बस्तीमा खानेपानी, चपी, विद्युत, सडक जस्ता न्यूनतम आवश्यक पूर्वाधार सुनिश्चित गरिनेछ ,

५. अति विपन्न वर्ग, विस्थापित, परिवार वाट एक्लीएका, द्वन्द पीडित तथा लोपोन्मुख जातिका लागि सहुलियत आवास कार्यक्रम संचालन गरिने छ,

**रणनीति** २: सुरक्षित आवास तथा भवनहरू निर्माण गर्ने ।

१. स्थानीय आवश्यकता अनुसारको भवन आचारसंहिता तर्जुमा गरी लागु गरिने छ,

२. सरकारी भवनहरू निर्माण गर्दा सकेसम्म एकै स्थानमा निर्माण गरिने छ,

३. सरकारी तथा सार्वजनिक भवनहरू वाल, महिला तथा अपाङ्गता मैत्री वनाइने छ,

४. भूकमप वाट क्षति भएका निजी आवास तथा सरकारी एवं सार्वजनिक भवनहरू यथाशीघ्र पुनर्निर्माण सम्पन्न गरिने छ ।

### ५.२.७ प्रमुख कार्यक्रम

**(क) गाउँपालिका आफैंले गर्ने**

- बस्ती विकास योजना

- भवन आचार संहिता
- सरकारी तथा सार्वजनिक भवनहरू निर्माण

**(ख) प्रदेश सरकारको समन्वयमा गर्ने**

- अन्तर सरकार र निकाय समन्वय
- बस्ती विकास र सेवा विस्तार ।

**(ग) संघीय सरकारको समन्वयमा गर्ने**

- नीति र मापदण्ड निर्धारण
- पुनर्निर्माण र पुनर्स्थापना
- विपन्न वर्ग आवास

### ५.२.८ अपेक्षित उपलब्धि

भूकम्प वाट क्षतिग्रस्त निजी भवन तथा सार्वजनिक संरचनाहरूको शत प्रतिशत पुनर्निर्माण भएको हुने, एकिकृत बस्तीहरूमा न्यूनतम आधारभूत सेवा पुगेको हुने, भवन आचार संहिता निर्माण भई कार्यान्वयन भएको हुने, मापदण्ड अनुसार बनेका निजी आवास ९० प्रतिशत पुगेको हुने, विपन्न वर्ग आवास योजना कार्यान्वयनमा आएको हुने, सार्वजनिक तथा सरकारी भवनहरू वाल, महिला र अपाङ्गमैत्री निर्माण भएको हुनेछ ।

## ५.३ सिंचाइ तथा नदी नियन्त्रण

### ५.३.१ पृष्ठभूमि

सिंचाइ कृषि उत्पादनका लागि अत्यावश्यक पूर्वाधार हो।यस गाउँपालिकामा अविरल पानी वग्ने १२ वटा खोला तथा नदीहरू रहेका छन ।सिंचाइको अवस्था हेर्दा कृषि योग्य जमिन ६४२० हेक्टर मध्ये २८६० हेक्टर मात्र सिंचाइ योग्य जमिन रहेको छ। भने जम्मा ७८ हेक्टर क्षेत्रफमा मात्र सिंचाइ सुविधा पुगेको छ ।

यस गाउँपालिकामा नदीजन्य प्रकोप वाट वर्षेनी क्षति हुने गरेको छ, यसमा पनि माछा खोला, वुढीगण्डकी, नौले खोला वाट बढी क्षति हुने गरेको छ । वातावरणीय पक्षको अध्ययन वीना।को अनियन्त्रित पूर्वाधार विकासले पैह्रोको समस्या झनझन वढ्दै गएको छ ।

### ५.३.२ प्रमुख समस्या

सिंचाइ सुविधा नहुनु, नदीजन्य प्रकोप वढदै जानु, नयाँ प्रविधिमा आधारित सिंचाइ योजनाको विस्तार नहुनु आदि प्रमुख समस्या हुन ।

### ५.३.३ अवसर तथा चुनौती

**(क) अवसर**

पर्याप्त पानिको श्रोत हुनु, थोरै पानीले पुग्ने माटोको प्रकृति हुनु, यातायातको विस्तार संगै सिंचाइ र नदी नियन्त्रण पूर्वाधार विकास गर्न सहज हुनु, कृषि योग्य भूमिको पर्याप्तता, गाउँपालिकाको प्राकृतिक श्रोत र स्थानीय तहको अधिकारमा रहनु आदि प्रमुख अवसर हुन ।

**(ख) चुनौती**

सिंचाइ सुविधा विस्तार गर्नु, पानीजन्य प्रकोप नियन्त्रण गर्नु प्रमुख चुनौती हुनु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन ।

### ५.३.४ उद्देश्य

१. कृषि योग्य जमिनमा सिंचाइ सुविधा पुर्याउनु,

२. पानीजन्य प्रकोप व्यवस्थापन गर्नु ।

### ५.३.५ रणनीति

१. परम्परागत तथा नयाँ सिंचाइ प्रणालीको विकास गरी कृषियोग्य भूमिमा सिंचाइ सुविधा विस्तार गर्ने ।

२. नदी तथा पहिरो नियन्त्रण गरी धन जनको क्षति न्यूनीकरण गर्ने ।

### ५.३.६ कार्यनीति

**रणनीति** १: परम्परागत तथा नयाँ सिंचाइ प्रणालीको विकास गरी कृषियोग्य भूमिमा सिंचाइ सुविधा विस्तार गर्ने ।

१. नदीहरू वाट सम्भाव्यताका आधारमा सतह सिचाइ संरचनाहरू क्रमशः निर्माण गर्दै सिचाइ सुबिधा बढाउँदै लगिने छ,
२. सिंचाइको सम्भाब्यता हेरी प्लाष्टिक पोखरी, थोपा सिंचाइ, स्प्रिङकल जस्ता नयां प्रविधिमा आधारित सिंचाइ सुविधाको विस्तार गरिने छ,
३. सिंचाइ आयोजना निर्माणमा स्थानीय श्रोत, साधन र सीप प्रयोगलाई प्राथमिकता दिइने छ,
४. सिंचाइ आयोजना निर्माण र व्यवस्थापनमा स्थानीय उपभोक्ता समितिको क्षमता विकास गरी सक्रिय वनाइने छ,
५. भूकम्प तथा पराकम्प वाट भएको खोला मुहान, सिंचाइ संरचना आदिको पुनर्निर्माण गरिने छ,

**रणनीति २ : नदी तथा पहिरो नियन्त्रण गरी धनजनको क्षति न्यूनीकरण गर्ने ।**

१. नदी तथा पहिरो जोखिम अध्ययन गरी नक्सांकन गरिने छ,
२. नदी तथा पहिरो वाट उच्च जोखिममा रहेका क्षेत्रहरूमा प्राथमिक्ताका आधारमा क्रमश व्यवस्थापन गर्दै लगिने छ,
३. नदीजन्य प्रकोप नियन्त्रणमा सकेसम्म स्थानीय सीप र प्रविधिको उपयोग गरिने छ,
४. नदीजन्य प्रकोप व्यवस्थापनमा स्थानीय सरोकारवालाहरूको सहभागितामा वायो इञ्जिनियरिङ लगायतका प्रविधिहरूको प्रयोगमा प्राथमिकता दिइने छ,
५. नदी किनारको वन संरक्षण गर्नुका साथै आवश्यकता अनुसार वृक्षरोपण गरिने छ,

### ५.३.७ प्रमुख कार्यक्रम

**(क) गाउँपालिका आफैंले गर्ने**

- सतह सिंचाइ
- नयाँ प्रविधिमा आधारित सिंचाइ
- क्षमता विकास
- नदी नियन्त्रण
- वायो इञ्जिनियरिङ तथा नदी किनारमा वृक्षरोपण

**(ख) प्रदेश सरकारको समन्वयमा सम्पादन गर्ने**

- प्रदेश स्तरीय सतह सिंचाइ प्रणाली
- नदी नियन्त्रण कार्यक्रम
- समन्वय

**(ग) संघीय सरकारको समन्वयमा गरिने**

- नीति निर्माण
- सतह सिंचाइ
- नदी नियन्त्रण गुरुयोजना तयारी
- ठुला पहिरो व्यवस्थापन
- पुनर्निर्माण ।

### ५.३.८ अपेक्षित उपलब्धि

२५० हेक्टर जमिनमा सिंचाइ सुविधा पुगेको हुने, ४ वटा उप-जलाधार क्षेत्र संरक्षण भएको हुने, १०० वटा नयां प्रविधीमा आधारित सिंचाइ अयोजना निर्माण भएको हुने, कमतिमा ४ वटा सतह सिंचाइ संरचना निर्माण भएको हुने, भूकम्प वाट क्षतिग्रस्त सिंचाइ प्रणालीहरूको पुनर्स्थापन भएको हुने, जलउपयोग गुरुयोजना निर्माण भई कार्यान्वयनमा आएको हुने, नदी जन्य प्रकोप नक्सांकन भएको हुने छ ।

## ५.४ विद्युत तथा वैकल्पिक ऊर्जा

### ५.४.१ पृष्ठभूमि

आम नागरिकको जीवनलाई सरल र सहज वनाउन र आर्थिक तथा सामाजिक विकास गर्न विद्युत तथा ऊर्जाको महत्वपूर्ण स्थान छ। संविधानले साना जलविद्युत र वैकल्पिक ऊर्जा स्थानीय सरकारको अधिकार सूचीमा राखेको छ। यस गाउँपालिका हालसम्म केन्द्रीय विद्युत प्रसारणमा जोडिएको छैन। गाउँपालिकामा स्थानीय माइक्रो हाइड्रो उत्पाद वाट ८८.५ र सोलार वाट १०.५३ गरी कुल ९९.५ प्रतिशत घर धूरीमा विद्युत सुविधा पुगेको छ। यहाँ १२ वटा माइक्रो हाइड्रो सञ्चालन भईरहेकोमा ६ वटा भूकम्प वाट क्षति हुन गई हाल ६ वटामात्र सञ्चालनमा रहेका छन। वडा नं ५ र ७ मा सोलार वाट विद्युत वितरण भएको छ। यस गाउँपालिकामा करिव ९८ प्रतिशत जनताले इन्धनको रुपमा दाउरा र २ प्रतिशतले एल.पी ग्यास प्रयोग गरेको देखिन्छ।

### ५.४.२ प्रमुख समस्या

राष्ट्रिय प्रसारण लाइन नपुगेको, भूकम्प वाट माइक्रो हाइड्रोको संरचनाहरू क्षति भएको, विद्युतको प्रयोग प्रकाशको प्रयोजनको लागि मात्र रहेको, १२ वटा खोला तथा पर्याप्त पानीको श्रोत भएर पनि यसको उपयोग हुन नसकेको, जलविद्युतमा अपेक्षित रूपमा वाह्य लगानी आकर्षित हुन नसक्नु, इन्धनको श्रोतको रुपमा दाउराको प्रयोगले गर्दा वनमा अत्यधिक चाप परेको आदि प्रमुख समस्या हुन।

### ५.४.३ अवसर र चुनौती

**(क) अवसर**

बुढीगण्डकी लगायत १२ वटा खोला तथा नदीहरू विद्यमान रहेको, माइक्रो हाइड्रो र सोलर वाट ९९ प्रतिशत भन्दा वढी प्रकाशको प्रयोजनको लागि ऊर्जा प्राप्त गरेको, राष्ट्रिय प्रसारण लाइन सँग जोडिने क्रममा रहेको, लगानी अनुकूल नीति रहेको आदि अवसरको रुपमा रहेका छन।

**(ख) चुनौती**

राष्ट्रिय प्रसारण लाइनमा आवद्ध गर्नु, स्थानीय उत्पादित ससाना विद्युत प्रणालीलाई राष्ट्रिय प्रणालीमा जोडनु, इन्धनका रुपमा विद्युतको प्रयोग बढाउनु, भूकम्प वाट क्षति ग्रस्त विद्युत संरचनाको पुनर्स्थापना गर्नु, विद्युत क्षेत्रमा लगानी बढाउनु आदि प्रमुख चुनौती हुन

### ५.४.४ उद्देश्य

सबै घर धुरीमा भरपदी विद्युत सुविधा पुर्याई आय र रोजगारीमा आवद्ध गर्ने।

### ५.४.५ रणनीति

१. विद्युत उत्पादन क्षमता र उपयोग वढाउने।

२. क्षति ग्रस्त संरचनाको पुनर्स्थापन गर्ने।

### ५.४.६ कार्यनीति

**रणनीति** १: विद्युत उत्पादन क्षमता र उपयोग वढाउने।

१. संघीय र प्रादेशिक सरकार र निजी क्षेत्र सँगको समन्वय र सहकार्यमा विद्युत उत्पादनको संभाव्यता अध्ययन गरिने छ।

२. राष्ट्रिय प्रसारण लाइन सँग शीघ्र जोड्न संघीय सरकारसँग समन्वय गरिने छ,

३. सञ्चालित माइक्रो हाइड्रोलाई पूर्ण क्षमतामा उपयोग गरिने छ।

४. विद्युतको उपयोगलाई लघु तथा घरेलु उद्योग सँग आवद्ध गरिने छ,

५. हाल उत्पादित विद्युतलाई राष्ट्रिय प्रसारणमा आवद्ध गर्न विद्युत प्राधिकरण सँग समन्वय गरिने छ,

६. दाउराको विकल्पको रुपमा विद्युतको प्रयोगलाई वढाउन प्रोत्साहन गरिने छ,

**रणनीति** २: क्षतिग्रस्त संरचनाको पुनर्स्थापन गर्ने।

१. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण तथा अन्य संस्थाहरू वाट भैरहेको पुनर्निर्माण कार्यलाई गति दिई शीघ्र सम्पन गर्न सहजीकरण गरिने छ।

### ५.४.७ प्रमुख कार्यक्रम

**(क) गाउँपालिका आंफैंले गर्ने**

- नीति निर्माण गर्ने,
- क्षति ग्रस्त संरचना निर्माणमा सहजीकरण गर्ने
- समन्वय गर्ने ।

**(ख) प्रादेशिक सरकारको समन्वयमा गर्ने**

- सम्भाव्यता अध्ययन गर्ने
- समन्वय गर्ने

**(ग) संघीय सरकारको समन्वयमा गर्ने**

- भूकम्प वाट क्षति ग्रस्त संरचनाहरूको पुनर्स्थापन गर्ने,
- लगानी जुटाउने
- राष्ट्रिय प्रसारण लाईन पुर्याउने
- नीति निर्माण गर्ने

### ५.४.८ अपेक्षित उपलब्धि

राष्ट्रिय प्रसारण लाइन पुगेको हुने, क्षतिग्रस्त माइक्रो हाइड्रोको पूर्ण रुपमा मर्मत भई संचालन आएका हुने, स्थानीयस्तरमा उत्पादित विद्युतलाई राष्ट्रिय प्रसारण लाइनमा आवद्ध गरिएको हुने, इन्धनको रुपमा विद्युतको प्रयोग गर्ने परिवार ११ प्रतिशत पुगेको हुने छ ।

## ५.५ सूचना तथा सञ्चार

### ५.५.१ पृष्ठभूमि

सूचना तथा सञ्चार मानव जीवनको अभिन्न अङ्गको रुपमा स्थापित भएको छ । संविधानले सूचना सम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको छ । यस गाउँपालिकामा ल्याण्डलाइन टेलिफोन सेवा पहुँच नपुगेको, ६५.८ प्रतिशत मोबाइल सेवा, करिव २५ प्रतिशत टेलिभिजन, ११ प्रतिशत रेडियो, १ प्रतिशतले कम्प्युटर र ०.२ प्रतिशतले इन्टरनेट सेवाको प्रयोग गरेको देखिन्छ ।

### ५.५.२ प्रमुख समस्या

गाउँपालिकामा ल्याण्ड लाइन टेलिफोन सेवा नपुगेको, मोबाइल करिव ६६ प्रतिशतमा मात्र रहेको, टावरहरूको समुचित व्यवस्था नरहेको कारणले इन्टरनेट र मोबाइल सेवासमेत भर पर्दो नभएको, स्थानीय पत्रपत्रिका प्रकाशन हुने नगरेको, अफिसको वेवसाइट सुचारु हुन नसकेको आदि प्रमुख समस्या रहेका छन ।

### ५.५.३ अवसर र चुनौती

**(क) अवसर**

मोबाइल सेवाको पहुँच पुगेको, टेलिभिजन र रेडियोलाई सञ्चार माध्यमको रुपमा प्रयोग वढ्दै गएको, इन्टरनेट तथा wifi को प्रयोग वढ्दै गएको, स्थानीय सरकार जनताको प्राथमित्ताको विषय भएको, सरकार आधारभूत सेवामा नागरिकको पहुँच वढाउन सूचना प्रविधिको प्रयोग गर्ने नीति रहेको, गाउँपालिका कार्यालय र वडा कार्यालयलाई सूचना प्रविधि मैत्री वनाउने नीति रहेको, गाउँपालिका कार्यालय वेवसाइटको व्यवस्था रहेको आदि प्रमुख अवसर हुन ।

**(ख) चुनौती**

सञ्चारका सबै प्रविधिसँगको व्यवस्थित पहुँच स्थापित गर्नु, टेलिफोन टावरहरू विस्तार गर्नु, इन्टरने र वाइफाईको प्रयोगमा वृद्धि गराउनु, आदि प्रमुख चुनौती हुन ।

**५.५.४ उद्देश्य**

भरपर्दो सञ्चार सुविधाको विस्तार गरी नागरिकको पहुँच वढाउनु ।

**५.५.५ रणनीति**

सबै प्रकारका सञ्चार सुविधाको सबै वडा र वस्तीसम्म विस्तार गर्ने ।

**५.५.६ कार्यनीति**

१. सबैको पहुँच पुग्ने गरी मोवायल, इन्टरनेटको र वाईफाईको लागी टावर तथा अन्य पूर्वाधारको निर्माण गर्न पहल गरिने छ ।
२. गाउँपालिका तथा सबै शाखा र वडा कार्यालयसम्म विद्युतीय सूचना पूर्वाधारको व्यवस्था गरिने छ ।
३. धार्चे सामुदायिक एफ।एम संचालन गर्न प्रोत्साहित गरिने छ ।
४. स्थानीय पत्र पत्रिका प्रकाशन गर्न प्रोत्साहित गरिने छ ।

**५.५.७ प्रमुख कार्यक्रम**

**(क) गाउँपालिकाले गर्ने**

- समुदायिक एफ एम र स्थानीय पत्रिका प्रकासनमा सहजीकरण,
- विद्युतीय सूचना पूर्वाधार निर्माण,

**(ख) प्रदेश सरकारको समन्वयमा गर्ने**

- विद्युतीय सूचना पूर्वाधार निर्माण
- नीति निर्माण,

**(ग) संघीय सरकारको समन्वयमा गर्ने**

- टावरहरूको निर्माण
- सूचना हाइवे निर्माण
- नीति निर्माण,

**५.५.८ अपेक्षित उपलब्धि**

सबै नागरिकमा वाइफाई, इन्टरनेट तथा मोवाइलको गुणस्तरीय सेवामा पहुँच पुगेको हुने, गाउँपालिका र वडा तहसम्म सूचना पूर्वाधार निर्माण भएको हुने, कम्तीमा एक सामुदायिक एफ.एम संचालन र स्थानीय पत्रिका प्रकाशन भएको हुने ।

# परिच्छेद (६)
# वन, वातावरण तथा विपद् व्यवस्थापन

**यस अन्तर्गत देहायका विषय समावेश गरिएका छन:**

(क) वन तथा वातावरण

(ख) विपद् व्यवस्थापन

## ६.१ वन तथा वातावरण

### ६.१.१ पृष्ठभूमि

मानव जीवनको वन तथा वातारण सँग अन्योन्याश्रित सम्वन्ध छ । नेपालको संविधानले स्वच्छ वातावरणको हक प्रदान गर्दै विकास र वातावरण वीच सन्तुलन गर्ने गरी कानून वनाउने कुरा उल्लेख गरेको छ । स्थानीय सरकार संचालन ऐनले वन, जंगल, वातावरण, पर्यावरण, जलाधार र जैविक विविधता जस्ता विषयको स्थानीय नीति, कानून, योजना, मापदण्ड वनाई कार्यान्वयन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यस गाउँपालिकामा वन जङ्गलले वाकेको जमिन करिव ३७ प्रतिशत, पानी र हिउंले ढाकेको क्षेत्र करिव ३ प्रतिशत, घाँस तथा झाडी २० प्रतिशत र चट्टान र वांझो जमिन ३० र कृषि योग्य जमिन करिव १० प्रतिशत रहेको छ । यस गाउँपालिकामा ४ वटा उप(जलाधार क्षेत्र, २४ वटा सामुदायिक वन, छन भने पारिवारिक स्तरमा ड्रमको प्रयोग गरी फोहोर घटाउने, पुन प्रयोग गर्ने र प्रशोधन गर्ने नीति लिइएको छ ।

यो गाउँपालिका जैविक विविधताले भरिएको हो । याहां विभिन्न प्रकारका जनावर, चराचुरुङ्गी पुतली तथा जीवजन्तुहरू सहित विविध प्रजातिका बोटबिरुवाहरू जस्तै पांच औंले, यार्सा गुम्वा, जटामसी, चिराइतो, सुगन्धवाल, वन लसुन जस्ता बहुमूल्य जडिवुट्टी देखि सालको जङ्गल समेत रहेको छ। यस गाउँपालिकामा इन्धनको रूपमा दाउराको प्रयोग गर्ने घर परिवार ९७ प्रतिशत, एल.पि.ग्यास प्रयोग गर्ने २.५२ प्रतिशत र वाँकी अन्य रहेका छन ।

### ६.१.२ प्रमुख समस्या

जनचेतनाको कमी, उचित व्यवस्थापनको अभाव, इन्धन आपूर्ति तथा विकास गतिविधि संचालन आदि कारणले वनक्षेत्र विनाश वढ्दै जानु, जलाधार व्यवस्थापन कमजोर हुनु, फोहोर मैलाको उचित व्यवस्थापन नहुँदा वातावरणीय ह्रास वढ्दै जानु, जडिवुट्टी प्रशोधनको व्यवस्था नहुनु, वातावरण संरक्षण वारे जनचेतना नहुनु, जलवायु परिवर्तनको असर बढ्दै जानु आदि यस क्षेत्रका प्रमुख समस्या हुन ।

### ६.१.३ अवसर र चुनौती

#### (क) अवसर

वन तथा वातावरण गाउँपालिकाको प्राथमिकतामा पर्नु, वन तथा वुट्यान र झाडीले ढाकेको लगायत बाँझो जमिन प्रसस्त हुनु, नदीहरूको जलाधार क्षेत्र रहनु, सामुदायिक वनको उपस्थिति रहनु, जैविक विविधताले भरिपूर्ण हुनु, वन जडीवुट्टीहरूको उपलब्धता हुनु, फोहोर व्यवस्थापनको नीति रहनु आदि प्रमुख अवसर हुन ।

#### (ख) चुनौती

विकास र वातावरण वीच सन्तुलन कायम गर्नु, खाली एवं वांझो जमिनमा वृक्षरोपण गर्नु, वनमा बढ्दो इन्धन निर्भरता घटाउनु, प्राविधिक अध्ययन विना जथा भावी सडक निर्माण रोक्नु, जलाधार, जैविक विविधता र पानीका मुहानहरूको संरक्षण गर्नु, वन र वातावरण संरक्षणलाई आर्थिक कृयाकलापसँग आवद्ध गर्नु, वनजन्य पैदावार तथा जडिवुट्टीहरूको उत्पादन र वजार निकासीको तथ्यांङ्क नहुनु, वन जडिवुट्टीहरूको अनुसन्धान गरी व्यवसायिक उत्पादन गर्नु, वन तथा वातावरण वारे जनचेतना वढाउनु तथा यस सम्बन्धी काम गर्ने संघ सस्थाहरू वीच समन्वय र सहकार्य गर्नु आदि यस क्षेत्रका चुनौती हुन ।

### ६.१.४ उद्देश्य
वन तथा वातावरणको संरक्षण संवर्द्धन एवं प्राकृतिक श्रोतको दीगो उपयोग गर्नु ।

### ६.१.५ रणनीति
१. वन, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण एवं विकास गर्ने,
२. वातावरण संरक्षण गर्ने ।
३. वन जंगल, जडिवुट्टी तथा वातावरण विकास एवं संरक्षणलाई आय र रोजगारी सँग आवद्ध गर्ने

### ६.१.६ कार्यनीति
**रणनीति १: वन, जैविक विविधता तथा जला धारक्षेत्र संरक्षण एवं विकास गर्ने,**

१. वन क्षेत्रको खाली जमिन र वुट्यान क्षेत्रमा वृक्षरोपण गरी वनको क्षेत्रफल बढाइने छ,
२. अग्नि रेखा निर्माण, चोरी निकासी नियन्त्रण आदिद्वारा भैरहेको वनको प्रभावकारी संरक्षण गरिने छ,
३. वन जङ्गल संरक्षण र संवर्द्धनको लागि जनचेतना विकासलाई अभियानको रुपमा संचालन गरिने छ,
४. पानीका मुहान, जलाधार क्षेत्र, जैविक विविधताको संरक्षणका लागि समुदायमा आधारित विशेष कार्यक्रम सञ्चालन गरिने छ,
५. पैहीरो क्षेत्र तथा सकडको दायाँ वाँया बायो इन्जिनियरिङ र वृक्षरोपण गरिने छ,
६. कार्वन उत्सर्जन कटौती वापतका क्षतिपूर्तिका लागि सम्बन्धित निकायमा समन्वय गरिने छ,
७. जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलन सम्बन्धी जनचेतनाका लागि कार्यक्रम सञ्चालन गरिने,

**रणनीति २: वातावरण संरक्षण गर्ने,**

१. विकास र वातावरण वीच सन्तुलन कायम हुने गरी विकास कार्यक्रम संचालन गरिने छ,
२. विकासका संरचना निर्माण गर्दा वन, जलाधारक्षेत्र तथा जैविक विविधताको सकेसम्म कम क्षति हुने गरी सञ्चालन गरिने छ । यसरी विकास कार्यक्रम वाट भएको क्षति परिपूरण हुने हदसम्म सरोकारवला वाट परिपूरणको व्यवस्था गरिने छ ।
३. प्राविधिक एवं वातावरणीय अध्ययन पूर्वाधार विकासको पूर्वशर्तको रुपमा विकास गर्दै लगिने छ,
४. परिवार तह वाटै फोहोरको उत्पादन घटाउने, पुन प्रयोग गर्ने र प्रशोधन गर्ने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी स्वच्छ वातावरणको विकास गरिने छ,
५. वातावरण सम्बन्धी काम गर्ने संघ सस्था वीच प्रभावकारी समन्वय र सहकार्य गरिने छ,
६. वातावरण संरक्षण सम्बन्धी जनचेतना विकास कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिने छ,
७. सूचकहरूको आधारमा वातावरण मैत्री गाउँपालिकाको रुपमा विकास गर्दै लगिने छ,
८. दाउराको प्रयोग घटाई घरभित्रको प्रदुषण घटाउन वैकल्पिक ऊर्जाका श्रोतहरू जस्तै धुवाँ रहित चुल्हो, विद्युत, गोवरग्यास आदिको प्रयोगमा प्रोत्साहन गरिने छ,

**रणनीति ३: वनजंगल, जडिवुट्टी तथा वातावरण विकास संरक्षणलाई आय र रोजगारी सँग आवद्ध गर्ने ।**

१. सामुदायिक वनमा जन सहभागिता र स्वामित्व वृद्धि गरी प्रभावकारी व्यवस्थापन र उपयोग वाट पशूपालन, काठ तथा काष्ठ जन्य औद्योगिक उत्पादन आदिमा उपभोक्ताहरूलाई प्रोत्साहित गरिने छ,
२. कवुलियती वनको विकास गरी अति विपन्न परिवारको आयआर्जनको आधारको रुपमा विकास गरिने छ,
३. निजी जग्गामा वढी आयमूलक काठ, जडिवुट्टी, डाले घाँस तथा फलफूलको विरुवा लगाई आय आर्जनमा संलग्न हुन किसानहरूलाई प्रोत्साहित गरिने छ,
४. जडीवुट्टीको सम्भाव्यता अध्ययन, व्यवसायिक उत्पादन र बजारीकरणमा प्रोत्साहन गरिने छ,
५. स्थानीय काष्ठ जन्य उत्पाद नलाई प्रोत्साहन गरिने छ
६. वन, वातावरण, जलाधार, जैविक विविधता आदि प्राकृतिक विविधता र सुन्दरतालाई पर्यटन प्रवर्द्धन सँग आवद्ध गरी स्थानीय आय र रोजगारीमा वृद्धि गरिने छ,

### ६.१.७ प्रमुख कार्यक्रम

**(क) गाउँपालिका आफैंले गर्ने**

- वृक्षरोपण,
- वनजंगल, जडिवुट्टी, जलाधार तथा जैविक विविधता संरक्षण,
- वातावरण संरक्षण,
- आयमूलक कार्यक्रममा वित्तीय पहुँच र प्राविधिक सहायता,
- वातावरणीय अध्ययन

**(ख) प्रदेश सरकारको समन्वयमा गर्ने**

- नीति निर्माण,
- अन्तर सरकार र निकायको समन्वय,
- वातावरणीय संरक्षण,
- प्रशोधन उद्योग प्रोत्साहन,

**(ग) संघीय सरकाको समन्वयमा गर्ने**

- नीति निर्माण
- वन, जलाधार तथा जैविक विविधता संरक्षण,

### ६.१.८ अपेक्षित उपलब्धि

वन तथा वातावरण सम्बन्धी स्थानीय नीति तर्जुमा भएको हुने, ४५ प्रतिशत क्षेत्रफल वन जङ्गलले ढाकेको हुने, २७ वटा सामुदायिक वन, २ वटा कवुलियति वन र २० हे। क्षेत्रफलमा निजी वन विकास भएको हुने, ४ वटै उप (जलाधार क्षेत्र संरक्षण सम्बन्धी योजना बनेको हुने, इन्धनको रूपमा दाउरा प्रयोग गर्नेको अनुपात घटी ८५ प्रतिशतमा झरेको हुने, एल.पी.ग्यास प्रयोग गर्नेको संख्या ४ प्रतिशत पुगेको हुने, २ हजार परिवारले आधुनिक धुवाँ रहित चुलोको प्रयोग गरेको हुने, ७ वटा प्रमुख बजार केन्द्रमा फोहर मैला व्यवस्थापन प्रणाली स्थापना भएको हुने, शत प्रतिशत घाँसे मैदान संरक्षण भएको हुने छ ।

## ६.२ विपद् व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

उच्च प्राकृतिक जोखिमयुक्त भूगोलमा रहेको कारण नेपालले वर्षे पिछे ठुलो धन जनको क्षति व्यहोरी रहनु परेको तितो यथार्थ हामी सामु छ । यस गाउँपालिकामा पनी वर्षेनी वाढी, पहिरो, हावा हुरी आदि वाट ठुलो धनजनको क्षति हुने गरेको छ । संविधानले विपद् व्यवस्थापनलाई तिनै तहका सरकारको अधिकार सूचीमा राखेको छ। सथानीय सरकार संचालन ऐनले विपद् व्यवस्थापनको नीति, कानून, मापदण्ड, योजना वनाई कार्यान्वयन अनुगमन र नियमन गर्ने लागायत विपद् व्यवस्थापनका विविध अधिकार दिई स्थानीयतहलाई जिम्मेवार बनाएको छ ।

यस गाउँपालिकामा बाढी, पहिरो, नदी कटान, हावा हुरी, चट्याङ आदि प्रमुख प्रकोपहरूले धन जनको क्षति पुर्याउने गरेको छ । २०७२ सालको भूकम्पले यस गाउँपालिकामा ११९ जनाको मृत्यु हुनुका साथै ४१२६ वटा निजी घर क्षति भएको थियो । यसै गरी २४ वटा विद्यालय, सात वटा स्वास्थ्य सस्था, ७ वटा वडा कार्यालय मध्ये लगभग ९० प्रतिशत पुनर्निर्माण सम्पन्न भएको, एउटा वगाएर लग्नुका साथै सात वटा माइक्रो हाइड्रो क्षति ग्रस्त भएकोमा ६ वटा पूनर्निर्माण सम्पन्न भएको अवस्था छ । यस गाउँपालिकामा २५ जनाले भूकम्प प्रतिरोधी भवन निर्माण तालिम प्राप्त गरेका छन् ।

यस पालिकामा भूकम्प निर्माण प्राधिकरण, पूर्णिमा परियोजना, (डब्लु.एफ.पी, अक्सफाम) एन आर एन, केयर नेपाल जस्ता संस्था पुनर्निर्माण र पुनर्स्थापनामा क्रियाशील रहेका छन् । गाउँपालिकामा विपद् व्यवस्थापन कोषको स्थापना भएको छ ।

### ६.२.२ प्रमुख समस्या

पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा ढिलाई हुनु, स्थानीय भवन संहिता तर्जुमा नहुनु, प्राविधिक अध्ययन विना जथाभावी विकास संरचना निर्माणले विपद् जोखिम र विपद्का घटना वढ्दै जानु, जनचेतनाको कमी हुनु, प्राकृतिक र गैह्र प्राकृतिक प्रकोपमा वृद्धि हुँदै जानु, अन्तर निकाय समन्वय नहुनु आदि प्रमुख समस्या हुन् ।

### ६.२.३ अवसर र चुनौती

**(क) अवसर**

गाउँपालिकाको दीर्घकालीन सोचमा नै विपद् सुरक्षा समावेश हुनु, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति र रणनीतिक कार्ययोजना कार्यान्वयनमा रहनु, २०७२ सालको भूकम्पले जनतामा चेतना बढ्नु, स्थानीय सरकारको अधिकारक्षेत्रमा पर्नु र प्राथमिकताको विषय बन्नु, स्थानीय विपद् व्यवस्थापन समिति र विपद् व्यवस्थापन कोषको व्यवस्था हुनु, स्थानीय अनुकूलन कार्ययोजना (LAPA) कार्यान्वयनमा रहनु, भूकम्प पुनर्निर्माणमा विभिन्न संघसंस्थाहरूको सहयोग र क्रियाशीलता रहनु, संघीय एवं प्रादेश सरकारकारको सहयोग रहनु आदि प्रमुख अवसर हुन ।

**(ख) चुनौती**

पुनर्निर्माण कार्य सम्पन्न गर्नु, मापदण्ड अनुसार सुरक्षित पूर्वाधार निर्माण गर्नु, भूकम्प प्रतिरोधी भौतिक संरचनाहरूको निर्माण गर्नु, भवन संहिता लागु गर्नु, झाडापखाला लगायत स्वास्थ्यजन्य माहामारी रोक्नु, वाढी पहिरोजन्य प्रकोप व्यवस्थापन गर्नु, विपद् व्यवस्थापनमा संलग्न बिभिन्न संघसस्था वीच समन्वय गर्नु, जोखिम युक्त वसोवास क्षेत्र पहिचान गरी सुरक्षित स्थानमा बस्ती स्थानान्तरण गर्नु, प्रकोप वारे जनचेतना विकास गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन ।

### ६.२.४ उद्देश्य

प्रभावकारी विपद् व्यवस्थापन गरी विपद्जन्य क्षति न्यूनीकरण गर्नु ।

### ६.२.५ रणनीति

१. प्राकृतिक तथा गैह्र प्राकृतिक विपद्को प्रभावकारी व्यवस्थापन गर्ने,
२. विपद वाट हुने क्षति घटाउने।

### ६.२.६ कार्यनीति

**रणनीति १: प्राकृतिक तथा गैह्र प्राकृतिक विपद्को प्रभावकारी व्यवस्थापन गर्ने**

१. विपद् व्यवस्थापन सम्बन्धी स्थानीय, नीति, कानून र योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ,
२. विपद् पूर्व तयारी, प्रतिकार्य योजना तथा पूर्व सूचना प्रणाली प्रभावकारी वनाइने छ,
३. विपद् व्यवस्थापनमा संलग्न विभिन्न संघ संस्थाहरूसँग प्रभावकारी समन्वय र सहकार्य गरिने छ,
४. विपद्को वेला उद्धार कार्यका लागि युवा स्वयंसेवी, सामाजिक संघ संस्थाहरू, सुरक्षा निकाय आदिलाई तयारी अवस्थामा राखिने छ ।
५. विपद् व्यवस्थापन कोषमा बर्षे पिच्छे निश्चित रकम छुट्याइने छ र उक्त रकम विपद् व्यवस्थापनमा मात्र खर्च गरिने छ ।
६. गाउँपालिकाको विपद् व्यवस्थापन समितिलाई सक्रिय वनाइने छ,
७. समुदायमा आधारित विपद् व्यवस्थापन प्रणाली अवलम्वन गरिने छ,
८. भूकम्प पुनर्निर्माण प्राधिकरण सँग समन्वय गरी पुनर्निर्माणको वांकी काम यथाशीघ्र सम्पन्न गरिने छ ।
९. आगलागी स्वास्थ्यजन्य प्रकोप खोला, नदीनाला नियन्त्रण, वाढी पैह्रो नियन्त्रण आदि कार्यलाई प्राभावकारी वनाइने छ,
१०. विपद् जोखिम नियन्त्रण राष्ट्रिय कार्य योजनालाई स्थानीयकरण गरी लागु गरिने छ,

**रणनीति २: विपद वाट हुने क्षति घटाउने,**

१. विपद् जोखिम नक्सांकन गरिने छ,
२. विपद् जोखिम अध्ययन गरी विपद् प्रतिरोधी संरचनाहरूको निर्माण गरिने छ,
३. अति जोखिममा रहेका बस्तीहरूलाई स्थानान्तरण गरिनेछ,

४. हरेक क्षेत्रगत नीति तर्जुमा गर्दा विपद् प्रतिरोधी पक्षलाई हेरिने छ,

५. विपद वाट वच्ने वारेमा सचेतना कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिने छ,

६. विपद् सम्बन्धी चेतना अभिवृद्धिका लागि रेडियो कार्यक्रम तयार गरी स्थानीय एफ.एम र पत्रपत्रिका वाट प्रचार प्रसार गरिने छ,

७. स्थानीय भवन निर्माण मापदण्ड वनाई प्रभावकारी रुपमा लागु गरिने छ ।

### ६.२.७ प्रमुख कार्यक्रम

**(क) गाउँपालिका आफूले सम्पादन गर्ने कार्यक्रमहरू**

- नीति कानून र योजना तर्जुमा
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना,
- अन्तर सरकार तथा अन्तर निकाय समन्वय,
- जनचेतना अभियान,
- विपद् प्रतिरोधि संरचना निर्माण,
- विपद् जोखिम नक्सांकन,
- जोखिमयुक्त बस्तीको स्थानान्तरण,

**(ख) प्रदेश सरकारको समन्वयमा गर्ने**

- विपद् प्रतिरोधी संरचना निर्माण,
- विपद् प्रतिरोधी संरचना निर्माण सम्बन्धी तालिम ।

**(ग) संघीय सरकारको समन्वयमा गर्ने**

- विपद् प्रतिरोधि संरचना निर्माण सम्बन्धी तालिम तथा क्षमता विकास,
- अन्तर सरकार समन्वय ।

### ६.२.८ अपेक्षित उपलब्धि

विपद् सम्बन्धी नीति, कानून र योजना बनेको हुने, विपद् जोखिम नक्सांकन भएको हुने, अव वन्ने भौतिक संरचना मापदण्ड बमोजिमका र विपद् प्रतिरोधी भएको हुने, भवन निर्मण मापदण्ड निर्माणड भई प्रभावकारी कार्यान्वयन भएको हुने, ४ वाट पहिरो नियन्त्रण हुने, खोलानाला तथा नदी वाट हुने बस्ती कटान रोकिएको हुने, स्वास्थ्य सम्बन्धी रोगको महामारी न्यून भएको हुने, सरोकारवाला संस्थाहरू वीच प्रभावकारी समन्वय भएको हुने, पूननिर्माण कार्य सम्पन्न भएको हुनेछ ।

# परिच्छेद (७)
# सुशासन तथा संस्थागत विकास

**यस अन्तर्गत देहायका विषय समावेश गरिएका छन:**

(क) योजना तथा तथ्याङ्क

(ख) सस्थागत विकास तथा सेवा प्रवाह

## ७.१ योजना तथा तथ्याङ्क

### ७.१.१ पृष्ठभूमि

